कर कार्यालयको प्रयोजनको लागि मात्र

# परिपत्र संग्रह

# Collection of Circular

## 2056/057

## २०५६/०५७

श्री ५ को सरकार

अर्थ मन्त्रालय

# कर विभाग

लाजिम्पाट, काठमाण्डौं

२०५७

# भूमिका

कर प्रशासनमा कार्यरत सम्पूर्ण कर्मचारीहरूलाई आफ्नो कार्य सम्पादनको सिलसिलामा आइपर्ने प्रशासनिक एवं कानूनी द्विविधाहरूलाई हटाउन श्री ५ को सरकार तथा यस विभागबाट समय समयमा भएका निर्देशनहरू संग्रह गरी प्रकाशन गर्ने नियमित कार्यक्रम अनुसार यो परिपत्र संग्रह २०५६/०५७ प्रकाशनमा ल्याईएको छ ।

प्रस्तुत परिपत्र संग्रहमा २०५६ श्रावणदेखि २०५७ आषाढ मसान्तसम्म यस विभागबाट भएका परिपत्रहरू तथा कर कार्यालयहरूलाई कार्यसम्पादनमा आवश्यक पर्ने विभागीय तथा श्री ५ को सरकारबाट करको अतिरिक्त आर्थिक एवं प्रशासनिक नीतिगत पक्षमा भएका निर्देशनहरू तथा आर्थिक ऐन, २०५७ समावेश गरिएको छ ।

यस प्रकारको संग्रहबाट कर प्रशासनमा कार्यरत सबै कर्मचारीहरूलाई आफ्नो काममा सुपरिचित गराई कर प्रशासनलाई छरितो र चुस्त बनाउनका साथै कर प्रशासनका मौजुदा ऐन/नियम बमोजिम कार्य सम्पादन होस भन्ने उद्देश्य अनुरूप यस परिपत्र संग्रहले सघाउ पुऱ्याउने विश्वास लिएको छु ।

यो परिपत्र संग्रह तयार गर्ने क्रममा संलग्न कर विभागका निर्देशक श्री सुरेन्द्रमणि त्रिपाठी, शाखा अधिकृत श्री केशर कुमार ढकाल, ना.सु. द्वय श्री मुकुन्दराज पौडेल तथा लेखनाथ निरौला र कम्प्युटर सेटिङ्ग गर्ने कम्प्युटर अपरेटर श्री रमेश नेपाल लगायत सबै कर्मचारी धन्यवादका पात्र छन् ।

भाद्र, २०५७

लाजिम्पाट, काठमाण्डौं ।

(विद्याधर मल्लिक)

महानिर्देशक

कर विभाग

# बिषय सूची


| | बिषय | मिति | पेज नं. |
|---|---|---|---|
| **अनुगमन शाखा** | | | |
| १. | अग्रिम करको किस्ता दाखिला गराउने सम्वन्धमा । About the payment of advance tax installment | २०५६।४।१८ | १ |
| २. | करदाता शिक्षा र निजीक्षेत्रसंग छलफल र अन्तरक्रिया कार्यक्रम सम्वन्धमा । Taxpayer's Education, Interaction with the private sector | | १ |
| ३. | ६ मध्ये २ सूचक अवस्थाको प्रावधान प्रभावकारी रूपमा लागू गर्ने । implement effectively 2 out of 6 provision system | २०५६।५।४ | ५ |
| ४. | करदाता शिक्षा, नीजिक्षेत्रसंग छलफल र अन्तरक्रिया तथा क्षेत्रीय गोष्ठी संचालन गर्ने वारे । To conduct regional seminar, interaction, discussion with private sector | २०५६।५।२१ | ६ |
| ५ | करदाता सर्भेक्षण । Taxpayer servey form | २०५६।८।१७ | ६ |
| ६. | ठेक्काको आयकर सम्बन्धी । Income Tax on contract | २०५६।८।२८ | ६ |
| ७. | बिवरण फछ्र्यौट सम्बन्धमा । Assessment of TAx Return | २०५६।९।५ | १० |
| ८. | विस्तृत छानविन कार्यान्वयन सम्बन्धमा । To implement detail investigation the tax return | २०५६।९।२० | १० |
| ९. | किस्ताबन्दी आयकर असूल गर्ने। Collection of Income Tax in Installment | २०५६।९।२० | ११ |
| १०. | समन्वय राख्ने । Coordination | २०५६।९।२० | ११ |
| ११. | अग्रिमकर रकम धरौटीमा राख्न नहुने । Not to keep in deposit the Advance Tax | २०५६।११।१८ | १२ |
| १२. | हटलाईनमा प्राप्त सुझाव बारे । Suggestions received through Hotline | २०५६।११।३० | १२ |

| | | | |
|---|---|---|---|
| १३. | करदाता सेवा सम्बन्धमा ।<br>Tax payers service | २०५६।१२।४ | १२ |
| १४. | प्रगति विवरण पठाउने ।<br>Progress report | २०५७।२।१३ | १३ |

## तथ्यांक शाखा

| | | | |
|---|---|---|---|
| १. | अग्रिम कर कट्टा गर्ने नमूना फाराम सम्बन्धमा ।<br>Format for TDS | | १३ |

## सामान्य प्रशासन शाखा

| | | | |
|---|---|---|---|
| १. | आर्थिक विधेयक, २०५६ को व्यवस्था बारे ।<br>Provisions in Financial Act, 2056 | २०५६।४।१२ | १४ |
| २. | बिवरण फाराम पठाएको ।<br>Old stock declare form | २०५६।४।२५ | १५ |
| ३. | स्टक घोषणा गर्ने सम्बन्धमा ।<br>About old stick declare | २०५६।५।९ | १७ |
| ४. | बैठकको निर्णय पठाएको ।<br>Decision made by the meeting | २०५६।५।२२ | १९ |
| ५. | साना करदाता आयकर निर्धारण समिति गठन बारे ।<br>Formation of small taxpayer's income assessment committee | २०५६।५।२५ | २० |
| ६. | बैठकको निर्णय पठाएको ।<br>Decision made by the meeting | २०५७।६।१९ | २१ |
| ७. | सर्भेक्षण कार्य संचालन गर्ने बारे ।<br>Operation of field survey | २०५६।७।१५ | २२ |
| ८. | काठमाण्डौं करदाता सेवाकेन्द्रको स्थापना बारे ।<br>Establishment of KTSC | २०५६।७।२६ | २३ |
| ९. | आय निर्धारण समिति गठन भएको ।<br>Formation of income assessment committee | २०५६।९।२० | २५ |
| १०. | सुरक्षाको प्रवन्ध गर्ने बारे ।<br>To manage office security | २०५७।१०।१९ | २६ |
| ११. | परिपत्र बारे ।<br>Circular of office security | २०५७।१०।२१ | २६ |
| १२. | धर बिदा सम्बन्धी परिपत्र बारे ।<br>Circular of house leave | २०५६।१०।२५ | २७ |
| १३. | शान्ति सुरक्षा बारेको परिपत्र ।<br>Peace & Security | २०५६।११।९ | २८ |
| १४. | पियनको योग्यता बारे । | २०५६।११।९ | २८ |

| | | | |
|---|---|---|---|
| | Qualification for the Post of Peon | | |
| १५. | परिपत्र सम्बन्धमा । | २०५६।११।२६ | २९ |
| | Qualification for the Post of Peon | | |
| १६. | बैठकको निर्णयको प्रतिलिपि पठाएको । | २०५६।१२।१७ | ३० |
| | Decision done by meeting | | |
| १७. | कर्मचारी गणना सम्बन्धमा । | २०५७।३।१९ | ३३ |
| | Personnel census | | |

## राजस्व बेरूजु शाखा

| | | | |
|---|---|---|---|
| १. | म.ले.प. बाट भएको लेखा परीक्षण बारे । | २०५६।४।२५ | ३४ |
| | Audit done by Auditor General | | |
| २. | बेरूजु फछ्र्यौट बारे । | २०५६।७ | ३५ |
| | To regularize revenue irregularities | | |
| ३. | राजस्व बेरूजु सम्बन्धमा । | २०५६।८।१ | ३५ |
| | Revenue irregularities | | |
| ४. | राजस्व बेरूजु फछ्र्यौट बारे | २०५६।९।२६ | ३६ |
| | To regularize revenue irregularities | | |
| ५. | बेरूजु फछ्र्यौट सम्बन्धमा । | २०५६।१२।२ | ३६ |
| | To regularize revenue irregularities | | |
| ६. | म्यादभित्र काम सम्पन्न गर्ने बारे । | २०५६।१२।२ | ३७ |
| | To maintain up-to-date records of appeal | | |
| ७. | राजस्व बेरूजु बारे । | २०५६।१२।१८ | ३७ |
| | To regularize revenue irregularities | | |
| ८. | कार्यालयको दैनिक कामकाज संचालन बारे । | २०५७।२।२ | ३८ |
| | Uniformity of daily office work | | |

## परामर्श शाखा

| | | | |
|---|---|---|---|
| १. | अग्रिम आयकर कट्टा गर्ने बारे । | - | ३९ |
| | Income tax deduction system in advance | | |
| २. | भत्ता सम्बन्धमा । | २०५६।४।२ | ३९ |
| | Clarification of flying allowance | | |
| ३. | परिपत्र । | २०५६।४।१४ | ४० |
| | No TDS on medicine import | | |

| | | | |
|---|---|---|---|
| ४. | जानकारी बारे । | | ४० |
| | Tax holiday for film producer | | |
| ५. | परिपत्र । | २०५६।४।२१ | ४१ |
| | Explanation of Financial Act, 2055, section 48 | | |
| ६. | चलचित्र बिकास शुल्क सदरस्याहा गर्ने बारे । | २०५६।४।३० | ४१ |
| | About film development levy | | |
| ७. | पूर्वादेश दिने सम्बन्धमा । | २०५६।५।२२ | ४१ |
| | Advance Ruling | | |
| ८. | आयकर दर्ता प्रमाणपत्र पेश गराउने बारे । | २०५६।५।३० | ४२ |
| | Compulsory submission of IT certificate | | |
| ९. | आयकर दर्ता प्रमाणपत्र लिने बारे । | २०५६।५।३० | ४३ |
| | To have IT certificate | | |
| १०. | आयकर दर्ता प्रमाणपत्र लिने बारे । | २०५६।५।३० | ४४ |
| | To have IT certificate | | |
| ११ | अग्रिम आयकर कट्टा सम्बन्धमा । | २०५६।६।१० | ४४ |
| | Deduction of advance income tax | | |
| १२ | जीवन बीमा बापत भएको खर्च मिन्हा सम्बन्धमा । | २०५६।६।१२ | ४५ |
| | Deduction of life insurance expenses | | |
| १३ | लाभांशमा लाग्ने कर सम्बन्धमा । | २०५६।६।१९ | ४६ |
| | Tax levied on Dividend | | |
| १४. | स्वयंकर निर्धारण बारे । | २०५६।६।१९ | ४६ |
| | Clarification of Self Assessment | | |
| १५ | चलचित्र बिकास शुल्क असूल गर्ने व्यवस्था बारे । | २०५६।६।१७ | ४७ |
| | Levy on film development | | |
| १६ | ठेक्का व्यवसायमा मू.अ.क. कार्यान्यिन प्रक्रियाबारे । | २०५६।७।१७ | ४७ |
| | VAT on contract occupation | | |
| १७. | ठेक्काको आयकर सम्बन्धमा । | २०५६।८।२ | ४९ |
| | Income tax on contract | | |
| १८. | हिसाव किताव राख्ने सम्बन्धमा । | २०५६।८।५ | ५० |
| | Books & Account of Business | | |
| १९. | नागरिक लगानीकोष कट्टी सम्बन्धमा । | २०५६।८।१६ | ५० |
| | Deduction of Civil Investment Fund | | |
| २०. | आयकरको दर बारे । | २०५६।८।२० | ५० |

| | | | |
|---|---|---|---|
| | Income tax rate | | |
| २१. | अग्रिम कर कट्टा गर्ने बारे । | २०५६।८।२९ | ५१ |
| | Deduction of Advance Income Tax | | |
| २२. | ठेक्काको आयकर सम्बन्धमा । | २०५६।९।१९ | ५२ |
| | Income tax on contract | | |
| २३. | आयकर सम्बन्धमा । | २०५६।१०।३ | ५२ |
| | Income tax & additional tax | | |
| २४. | ठेक्काको आयकर सम्बन्धमा । | २०५६।१०।३ | ५२ |
| | Income tax on contract | | |
| २५. | करदाता दर्ता बारे । | २०५६।१०।३ | ५३ |
| | Taxpayer registration | | |
| २६. | पारिश्रमिक कर सम्बन्धमा । | २०५६।११।१० | ५३ |
| | About remuneration tax | | |
| २७. | क्षेत्रीय गोष्ठीको प्रतिवेदन सम्बन्धमा । | २०५६।११।१३ | ५३ |
| | Report of regional seminar | | |
| २८. | पारिश्रमिक कर सम्बन्धमा । | २०५६।१२।२ | ५५ |
| | Remuneration tax | | |
| २९. | फर्म नवीकरण, नवीकरण, स्थगन, बिवण संशोधन एवं फर्म खारेजी बारे । | २०५६।१२।८ | |
| | Renewable a firm, stay, amendment and cancellation of firm, | | ५५ |
| ३०. | राय सुझाव पठाउने बारे । | २०५६।१२।१७ | ५६ |
| | To tender suggestion | | |
| ३१. | विज्ञापन खर्च वापतको रकम खर्च कट्टा गर्ने सम्बन्धमा | २०५६।१२।२४ | ५६ |
| | Deduction of expenses on advertisement | | |
| ३२. | ऋणपत्रको ब्याज आयमा कर लाग्ने/नलाग्ने सम्बन्धमा | २०५७।३।२९ | ५६ |
| | Tax levied/not levied on interest income of debenture | | |
| ३३. | साना करदाताहरूको आय बिवरण सम्बन्धमा । | २०५७।३।२९ | ५७ |
| | Income return of small taxpayers | | |
| ३४. | नेपाल राजपत्र पठाएको बारे । | २०५७।३।२९ | ५८ |
| | Nepal gazette dated Jest 30, 2057 | | |
| ३५. | आर्थिक विधेयक, २०५७ मा भएको व्यवस्थाको कार्यान्वयन बारे । | २०५७।३।२ | ५८ |

To implement the systems mentioned in financial act, 2057

## आ.प्र. शाखा

| | | | |
|---|---|---|---|
| १. | संशोधित तथा थप म.ले.प. फारामहरू प्रयोगमा ल्याउने<br>To use additional & amended A. G. forms | - | ५९ |

## प्रणाली सुधार शाखा

| | | | |
|---|---|---|---|
| १. | अग्रिम करको किस्ता दाखिला गराउने सम्बन्धमा<br>To be submitted advance income tax installment | २०५६।४।१८ | ५९ |
| २. | क्षेत्रीय गोष्ठीको निर्णय कार्यान्वयन सम्बन्धमा<br>Implementation of decision done by regional seminar | २०५६।११।२४ | ६२ |

## पुनरावलोकन शाखा

| | | | |
|---|---|---|---|
| १. | स्वयंकरको बिवरण छानविन गर्ने बारे<br>Investigation of self assessment return | २०५७।१।१५ | ६५ |

## कानून शाखा

| | | | |
|---|---|---|---|
| १. | परिपत्र<br>Files of reviewing the case in court | २०५६।९।२ | ६५ |

## आर्थिक ऐन, २०५७ का अनुसूची तथा टेबलहरू

**अनुसूची ६** ६६

**अनुसूची ७** ७८

**टेवल १ अनुसूची २** ८०

## अनुगमन शाखा

(About the payment of the advance tax in installment)

१. विषय : **अग्रिम करको किस्ता दाखिला गराउने सम्वन्धमा** । मिति : २०५६/४/१८

आर्थिक विधेयक, २०५६ को अनुसूची ६ को दफा ९ को प्रयोजनको लागि चालु आ.व. ०५६/५७ देखि करदाताहरूले भर्नुपर्ने किस्तावन्दी फारामको नमूना यसैसाथ संलग्न गरी पठाइएको छ । सो वमोजिम सबै करदाताहरूलाई जानकारी गराउने र नमूना अनुसारको विवरण भराई फांटवारी लिने व्यवस्था गर्नुहुन समेत निर्णयानुसार अनुरोध छ । (संलग्न टेवल १ अनुसूची २, पेज नं. ८० मा छ ।)

२. बिषय : **करदाता शिक्षा र निजीक्षेत्रसंग छलफल र अन्तरक्रिया कार्यक्रम सम्वन्धमा** । (Taxpayer's Education,Interaction with the private sectore)

आगामी २०५६/५७ को लागि प्रस्तुत बजेटले राजस्व प्रशासनलाई करदाता मैत्री बनाउने, नागरिक समाजलाई कर निर्धारण पद्धति, प्रगति, कारवाहीको सूचना उपलब्ध गराउने, करदाताको सम्मान गर्ने तथा करदाताले आवश्यक प्रशासनिक प्रक्रिया पुऱ्याउने वातावरण निर्माण गर्ने, कार्य प्रक्रिया र नीति नियममा पारदर्शिता ल्याउने, कार्यविधि/निर्देशिकाका आधारमा राजस्व प्रशासनलाई काम गर्न लगाउने र एकरूपता ल्याउने जस्ता विषयहरू उल्लेख गरिएको हुंदा यस्ता बिषयहरूको सफल कार्यान्वयन गर्ने सन्दर्भमा कर प्रशासनको विद्यमान स्थितिमा पुनरावलोकन गरी कार्य क्षमतामा सुधार ल्याउन र स्वेच्छाले सरल तरिकाले कर तिर्ने प्रबृतिको विकास गर्न निजी क्षेत्रसंग नियमित र निरन्तर रूपमा छलफल गर्ने परिपाटीको विकास गर्न जरूरी देखिएको छ । सो को लागि करदाता शिक्षा, अन्तरक्रिया, प्रचार प्रसार जस्ता कार्यक्रम संचालन गर्नु उपयुक्त हुने देखिंदा यस सम्वन्धमा विभागले तयार गरेको कार्यक्रम यसैसाथ छ । सो अनुसारका कार्यक्रम संचालन गर्नुको साथै यस सम्बन्धमा त्यस कार्यालयको अन्य कुनै कार्यक्रम र सुझाव भए आफ्नो राय सुझाव पठाईदिनु हुन निर्देशानुसार अनुरोध गरेको छु ।

### छलफल र अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

(क) करदाता शिक्षा, छलफल र अन्तरक्रिया कार्यक्रम केन्द्रीयस्तर र जिल्लास्तर दुवैमा गर्ने ।

(ख) विभागमा र कार्यालयमा हुने छलफल र अन्तरक्रिया कार्यक्रममा नेपाल उद्योग बाणिज्य महासंघ, नेपाल चेम्बर अफ कमर्श लगायत अन्य सेवा र वस्तुगत संघसंस्थाका प्रतिनिधिहरूलाई आमन्त्रण गर्ने ।

(ग) छलफल गरिने बिषयहरूलाई कुनै एक विषय, संस्था वा निजी व्यवसायीको दृष्टान्त दिने नगरी समग्र रूपमा विद्यमान आयकर ऐन नियम र आर्थिक ऐन/विधेयकको पालनाबाट देखिएको समस्याहरू र तिनको समाधान गर्ने उपायहरू, आगामी दिनमा कर प्रशासनमा गरिनु पर्ने सुधारहरू र करदाताले पालना गर्नुपर्ने विषयहरू अर्थात उनीहरूको अधिकार र कर्तव्य आदिमा केन्द्रित रहनु पर्ने । व्यक्तिगत कुनै समस्या यस्ता कार्यक्रममा उल्लेख नगरी त्यस्ता विषयलाई सम्बन्धित कर कार्यालयमा हुने बैठक तथा छलफलमा प्रस्तुत गरिनु पर्ने ।

(घ) छलफल र अन्तरक्रिया जस्ता कार्यक्रमहरू कम्तिमा २ महिनाको एक पटक अनिवार्य रूपमा विभाग र कार्यालयहरूले गर्नुपर्ने र क्षेत्रीय गोष्ठी संचालन भएका बखतमा पनि विभिन्न संघ संस्थाका प्रतिनिधिहरूलाई आमन्त्रण गरी छलफल र अन्तरक्रियाको अवसर प्रदान गर्नु पर्ने । क्षेत्रीय गोष्ठी संचालन भएका वखत विभागको प्रतिनिधित्व गराई समय समयमा अनुगमन तथा मूल्यांकन गरिनुपर्ने ।

(ङ) त्यस्ता गोष्ठी, छलफल र अन्तरक्रिया कार्यक्रमहरूबाट निस्केको निश्कर्षलाई विभागले संकलन र एकिकृत गरी कुनै नीतिगत निर्णय गर्नुपर्ने भए गरी/गराई सम्वन्धित सबै (करदाता र कर प्रशासन समेत) लाई जानकारी दिने व्यवस्था गरी सुधार गर्दै जाने ।

(च) कर प्रशासनको तर्फबाट संचालन गरिने यस्तो गोष्ठी, छलफल र अन्तरक्रिया कार्यक्रममा मुख्यतया सरकारको घोषित उद्देश्य र नीतिमा आधारित भई कसरी बढी करदातालाई करको दायरामा ल्याउने, स्थायी लेखा नम्बर (PAN)/आयकर दर्ता प्रमाणपत्र लिन लगाउने, सर्भेक्षण गर्ने, साना करदाताको लागि आर्थिक ऐन/विधेयक ले गरेको व्यवस्थालाई व्यापक प्रचार प्रसार गर्ने, घरजग्गा बहाल कर बढी मात्रामा असूल गर्ने, वक्यौता कर असूल गर्ने, स्वयंकर निर्धारण प्रक्रियालाई बढी ब्यवहारिक र सरल बनाउने, बेरूजु फछ्र्यौट गर्ने, स्वेच्छाले कर तिर्ने बानी बसाउने जस्ता विषयमा निजी क्षेत्रले खेल्न सक्ने भूमिका र दिन सक्ने सहयोगको पहिचान गरी कार्यक्रमको लागि छलफलका बिषयहरू अग्रिम रूपमा तयार गर्नुपर्ने र निजीक्षेत्रले पनि उनीहरूलाई परेका सामुहिक र व्यक्तिगत समस्याहरूको पहिचान गरी सो समाधानका उपायहरूको बारेमा आ-आफ्ना धारणा प्रस्तुत गर्न सक्ने वातावरणको सृजना गर्ने ।

(छ) स्थानीय उद्योग, वाणिज्य संघ तथा वस्तुगत संघ संस्थाहरूसंग निरन्तर सम्पर्कमा रही निजहरूबाट प्राप्त सुझावलाई कार्यान्वयन गर्न सकिने विद्यमान ऐन/नियमहरूले दिने भएमा कार्यालयले पनि यथाशीघ्र कार्यान्वयन गरी सो को जानकारी सम्वन्धित पक्षलाई र विभागलाई समेत गराउनु पर्ने ।

(ज) करदाता शिक्षाको लागि माथि उल्लेख गरिएका विषयहरूका अतिरिक्त विभाग एवं कार्यालयहरूले समय समयमा सूचनाहरू तयार गरी प्रचार-प्रसार गर्ने, निर्देशिका पुस्तिकाहरू तयार गरी विभागले उपलव्ध गराई दिने र कार्यालयले आ-आफ्नो क्षेत्रका करदातालाई वितरण गर्ने, नयां कर वा व्यवस्थाका बारेमा पत्रद्वारा पनि सम्वन्धितलाई जानकारी दिने ।

(झ) कर सम्बन्धी थप जानकारीको लागि कर कार्यालयमा आउने वा अन्य तरिकाले सम्पर्क राख्ने जो सुकैलाई ऐन नियमले गोप्य नभनिएका जानकारी सम्मान पूर्वक मर्यादित ढंगले प्रष्ट रूपमा दिने व्यवस्था गर्ने ।

(ञ) कार्यालयले करदाता सूचना सेवालाई बढी व्यवस्थित र भरपर्दो बनाई करदाताको अधिकार र कर्तव्यका बारेमा पनि विशेष ध्यान दिने ।

(ट) विभाग एवं कार्यालयले समय समयमा सम्पादन गरेका मुख्य मुख्य काम कारवाहीका बारेमा निजीक्षेत्रलाई जानकारी गराउने ।

## आ.व. २०५६/०५७ को प्रचार प्रसार कार्यक्रम

| dlxgf | ug{kg{sfdx? | dfWod | sfd ug{lgsfo |
|---|---|---|---|
| >fj0f | != cluþ s/ s§L ug{b/sf af/]df hfgsf/L u/fpg]. | kqfrf/af6 jf lgb[zsf lat/0faf6 | s/ sfof{nox? -cfk\" cGtu{t sf lgsfox?nf0{ hfgsf/L lbg]._ |
| efb\| | != ;fgf s/bftfsf] nflu cfly{s ljwþs, @)%& df ePsf] Joj:yfsf af/]df s/bftfnf0{ hfgsf/L lbg].<br>@= cluþ s/ s§L u/L Dofbleq bflvnf u/fpg].<br>#= kfl/>lds lbg] sfof{nox?af6 kfl/>lds s/ -ut cf=j= sf] ljj/0f_ bflvnf u/fpg].<br>$= PAN sf ;DjGwdf ePsf] Joj:yf s/bftfx?nf0{ hfgsf/L u/fpg]. | ;"rgf k|sflzt ug{.<br>;"rgf k|sflzt ug{.<br>kqfrf/af6<br>;"rgf k|sflzt ug{. | s/ ljefu÷s/ sfof{nox?<br>s/ ljefu÷s/ sfof{nox?<br>s/ sfof{nox?<br>s/ ljefu÷s/ sfof{nox? |
| cflZjg | != laj/0f bflvnf -cfos/, 3/hUuf jxfn cflb_ ug{cg'/f]w ug{ | ;"rgf k|sflzt ug{ -klxnf]xKtf_ | s/ ljefu |

| | | | |
|---|---|---|---|
| | @= cGo s/bftf ( 2 out of 6 ;d]t_ nfO{ cfo laj/0f bflvnf ug{ cg'/f]w ug{. | ;'rgf k|sflzt ug{]÷kqfrf/ ug{. | s/ ljefu÷s/ sfof{nox? |
| sflt{s | rfn' cf=j= sf] ;Defljt vb cfosf] clud s/sf] vb cfo lgsfNg] tl/sf tf]sPsf] hfgsf/L lbg]. | ;'rgf k|sflzt ug{ ÷kqfrf/ ug{ | s/ ljefu |
| dfu{ | laj/0f k]z ug{ Dofb yk lng]nfO{ Dofbleq laj/0f lbg cg'/f]w ug{. | ;'rgf k|sflzt ug{ -clGtd xKtf_ | s/ ljefu |
| kf}if | != laj/0f k]z ug{Dofb yk lng]nfO{ Dofbleq laj/0f lbg cg'/f]w ug{.<br>@= clud s/sf] klxnf] ls:tf bflvnf ug{cg'/f]w ug{<br>#= clud s/ s§L u/L bflvnf ug{ kg]{ :d/0f u/fpg]. | ;'rgf k|sflzt ug{.<br>;'rgf÷kqfrf/af6<br>kqfrf/af6 | s/ ljefu÷s/ sfof{nox?<br>s/ ljefu÷s/ sfof{nox?<br>s/ sfof{nox? |
| df3 | ;e]f0fsf af/]df hfgsf/L lbg]. | ;'rgf k|sflzt ug{ | s/ ljefu÷s/ sfof{nox? |
| km\fNu0f | rfn' cf=j= sf] ;Defljt vbcfosf] cluds/sf] bf];|f] ls:tf bflvnf ug{cg'/f]w ug{. | ;'rgf k|sflzt ug{ -clGtd xKtf_ | s/ ljefu÷s/ sfof{nox? |
| r}q | rfn' cf=j= sf] ;Defljt vbcfosf] cluds/sf] bf];|f] ls:tf bflvnf ug{ cg'/f]w ug{. | ;'rgf k|sflzt ug{ -klxnf]/ t];|f] xKtf_ | s/ ljefu÷s/ sfof{nox? |
| j}zfv | Sof]:f s/ bflvnf ug{cg'/f]w ug{. c6]/ ug{ s/bftfsf] kq klqsfdf gfd lgsfNg]. | ;'rgf k|sflzt ug{ -klxnf] xKtf kqfrf/ ug{_ | s/ ljefu÷s/ sfof{nox? |
| h]7 | rfn' cf=j= sf] ;Defljt vb cfosf] cluds/sf] t];|f] ls:tf a]'mfpg cg'/f]w ug{. | ;'rgf k|sflzt ug{ -clGtd xKtf_ | s/ ljefu÷s/ sfof{nox? |
| cfiff9 | != rfn' cf=j= sf] ;Defljt vb cfosf] cluds/sf] clGtd ls:tf a]'mfpg cg'/f]w ug{.<br>@=clud s/ s§L u/L bflvnf ug{]u/fpg :d/0f u/fpg].<br>#=aSof}:f s/ /sd bflvnf ug{ cg'/f]w ug{. | ;'rgf k|sflzt ug{ -cfjZostf cg';f/_<br>;'rgf k|sflzt ug{ -cfjZostf cg';f/_<br>;'rgf k|sflzt ug{ -cfjZostf cg';f/_ | s/ ljefu÷s/ sfof{nox?<br>s/ ljefu÷s/ sfof{nox?<br>s/ ljefu÷s/ sfof{nox? |

**gf]^M** माथि नपरेका तर कर कार्यालयहरूबाट गर्नुपर्ने प्रचार प्रसार लगायत अन्य कामहरू समय र आवश्यकता अनुसार सम्पादन गर्दै जाने ।

३. बिषय : <u>६ मध्ये २ सूचक अवस्थाको प्रावधान प्रभावकारी रूपमा लागू गर्ने</u> । (Implement effectively 2 out of 6 provision system) मितिः २०५६।५।४

आर्थिक विधेयक, २०५६ को अनुसूची ६ को दफा ४५ मा देहायका विभिन्न ६ अवस्था मध्ये २ अवस्था पूरा गरेका काठमाण्डौं उपत्यका लगायत दशवटा शहरी क्षेत्रका व्यक्ति, दम्पत्ति वा परिवारले अनिवार्य रूपले आफ्नो आय बिवरण पेश गर्नुपर्ने, कर चुक्ता प्रमाणपत्र लिनुपर्ने र न्यूनतम रू. ५०००।- आयकर तिर्नुपर्ने व्यवस्था भैरहेको तहां अवगत भएकै छ । तर, सो प्रावधान प्रभावकारी रूपमा लागू भए गरेको नपाइएको तथा प्रभावकारी रूपमा संचालन गर्ने के के गर्नुपर्ने हो भन्ने बिषयमा हालै भएको तीन दिने गोष्ठीमा पनि भएको छलफल समेतको आधारमा ऐनको उक्त प्रावधानलाई प्रभावकारी रूपमा कार्यान्वयनका लागि देहाय बमोजिम गर्न कार्यालय प्रमुखले नै विशेष जिम्मेवारी लिई गर्न गराउन र केन्द्रीय स्तरबाटै गर्नुपर्ने कुनै कार्य भए सो समेत अनुरोध भै आउन निर्देशानुसार अनुरोध गरिन्छ ।

<u>**कार्यहरू**</u> :

<u>**कर कार्यालयले भर्ने**</u> :

- आफ्नो कार्यक्षेत्रभित्रका करदाता वा सम्बन्धित निकायसंग जानकारी संकलन गर्ने,
- आय बिवरण दर्ता गर्दा वा हिसाव छानविन गर्दा उक्त बिवरण समेत अनिवार्य रूपमा लिने,
- आफ्नो कार्यक्षेत्रभित्र पर्ने करदाताको सूचना रजिष्टरमा लगत बनाई राख्ने ।
- अन्य कर कार्यालयसंग सम्बन्धित सूचना यकीन भएजति सम्बन्धित कार्यालयहरूमा पठाउने,
- बांकी सबै सूचना तथ्यांक शाखामा पठाउने,
- स्क्रीनिङ पहिचान भएको व्यक्तिलाई अनिवार्य रूपमा करको दायरामा ल्याउने ।

<u>**कर विभाग, अनुगमन शाखाले गर्ने**</u> :

केन्द्रीयस्तरमा अनुगमन गर्ने,

बाधा अड्काउ फुकाउने,

समन्वय गर्ने ।

<u>**तथ्यांक शाखाले गर्ने**</u> :

सूचना कम्प्युटर प्रविष्टि गर्ने,

कर कार्यालयको कार्यक्षेत्र बमोजिम स्क्रिनिङ गर्ने ।

<u>**सूचना संकलन गर्ने श्रोत**</u> :

१. २५०० वर्गफिट भन्दा बढीको घर भएको वा मासिक रू. ५ हजारभन्दा बढी रकम घर बहाल तिरेको,

कर कार्यालयको फाइल, रेकर्ड, लगत,
बजार सर्भे,
नगरपालिका, मालपोत कार्यालयहरू ।

२. वार्षिक रू. १,२०,०००।- भन्दा बढी टेलिफोन महसूल तिरेको वा मोवाईल टेलिफोन राखेको,
नेपाल दूरसंचार संस्थान, केन्द्रीय, क्षेत्रीय तथा शाखा कार्यालयहरू ।

३. निजी प्रयोजनको लागि भारत बाहेक तेश्रो देश भ्रमण गरेको
एयरलाइन्स कम्पनीहरू
ट्राभल टुर कम्पनीहरू
विदेशी मुद्रा सटही गर्ने बैंक तथा वित्तीय संस्थाहरू
अध्यागमन विभाग ।

४. ७०० सि.सि. भन्दा बढी क्षमताको निजी सवारी साधन राखेको
यातायात व्यवस्था विभाग, अंचल तथा ईकाई यातायात कार्यालयहरू ।

५. वार्षिक रू. ३ हजारभन्दा बढी शुल्क तिर्ने गरी कुनै क्लवको सदस्य भएको
विभिन्न क्लवहरू ।

६. कुनै बैंकको क्रेडिटकार्ड लिएको,
विभिन्न बैंकहरू ।

४. विषय: **करदाता शिक्षा, नीजिक्षेत्रसंग छलफल र अन्तरक्रिया तथा क्षेत्रीय गोष्ठी संचालन गर्ने वारे** । (To conduct Regional Seminar, Interaction, Discussion with the Private Sector & Taxpayers Education. मिति : २०५६/५/२१

चालु आ.व. को वजेट वक्तव्यमा कर प्रशासनको विद्यमान स्थितिमा पुनरावलोकन गरी कार्य क्षमतामा सुधार ल्याउन र स्वच्छाले कर तिर्ने प्रवृत्तिको विकास गर्न निजी क्षेत्रसंग नियमीत र निरन्तर ढंगले छलफल गर्ने परिपाटीको विकास गर्ने वारे उल्लेख भए अनुसार सो को लागि विभाग र कार्यालयबाट संचालन गरिने विभिन्न कार्यक्रमहरूको अतिरिक्त संलग्न कार्यक्रमहरू समेतलाई समेटी समयमै संचालन गर्नु गराउनु हुन र २०५६ मार्ग १५ गतेभित्र क्षेत्रीय गोष्ठी संचालन हुने व्यवस्था मिलाई सो को जानकारी विभागलाई दिन समेत मिति २०५६/५/१६ को निर्णयानुसार अनुरोध गरेको छु ।

५. बिषय : **करदाता सर्भेक्षण फाराम** । Tax मिति २०५६।८।१७

उपर्युक्त बिषय तहां कार्यालयहरूबाट करदाता सर्भेक्षण गराउने कार्यक्रम अवगत गर्नुभएकै छ । तत् सम्बन्धमा सबै कार्यालय तथा सर्भेक्षण बिबरणमा एकरूपता आओस भन्ने उद्देश्यले तयार गरिएको स्वीकृत फाराम तथा निर्देशिका २ प्रति यसैसाथ पठाइएको छ । उक्त फाराम अनुसार प्राप्त सर्भेक्षण बिवरणको लगत यसै विभागमा समेत उपलब्ध गराईदिनु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

श्री ५ को सरकार
अर्थ मन्त्रालय, कर विभाग

## करदाता वजार सर्भेक्षण फाराम

१. सर्भेक्षण भएको घरजग्गाको स्थान (ठेगाना) : ................ ............ ..............

२. घरजग्गा धनीको नाम : ..................... टेलिफोन नं.: ...........
सम्पर्क ठेगाना : ............... ............... ...................

३. सो घरजग्गामा कारोवार गर्ने संघसंस्थाको नाम : ......................... ...............

४. कारोवार गर्ने मूल व्यक्तिको नाम, ........................ टेलिफोन नं ..............
सम्पर्क ठेगाना : .......................... फर्मसंगको सम्बन्ध : ............

५. कारोवारको किसिम ......................
शाखाको नाम : ........................ गोदामको ठेगाना : ...................

६. कारोवार शुरू गरेको मिति : .........................

७. कुनै निकायमा दर्ता भएको भए निकायको नाम : .................................
दर्ता नं.: ................... मिति : .........................

८. कर कार्यालयमा दर्ता भएको भए,
आ.क.द.नं. .......................... अन्तिम नवीकरण भएको आ.व. : ................

९. घरजग्गा वहालमा लिएको भए,
वहालको दर रू. .................... वहालमा लिएको मिति : ...................

१०. उपरोक्त जानकारी मैले जानेबुझेसम्म ठीक छ भनी कारोवार स्थलमा उपस्थित व्यक्तिको
हस्ताक्षर : .......................... मिति : ..............
नाम : ...................................... फर्मसंगको सम्बन्ध : ................

उपरोक्त बिवरण मेरो रोहवरमा भरेको हो भनी प्रमाणित गर्न खटि गएका कर्मचारीको
दस्तखत :........................ नामः ......................... दर्जा : ..............

**<u>करदातालाई बुझाएको कागजात</u> :**

(क) आयकर ऐनको दफा ....... बमोजिम ....... दिनको म्याद दिएको च.नं. ... को पत्र

(ख) स्थायी लेखा नम्बर लिने फाराम, निर्देशिका

(ग) कर कार्यालयको निवेदन ।

**टोली प्रमुखले भर्ने ।**

| |
|---|
| यहां कारोवार स्थलको अवस्थितिको नक्सा रेखांकन गर्ने<br>(यथाशक्य बाटो, घर, तल्ला र कोठा समेत खुलाउने ) |

उपरोक्त बिवरणको सिलसिलामा टोली प्रमुखले कारोवार/घरवहालको वास्तविक स्थितिबारे आफ्नो प्रतिवेदन दिने र हस्ताक्षर गरी नाम, दर्जा तथा मिति समेत खुलाउने ।

## <u>करदाता सर्भेक्षण फाराम भर्ने निर्देशिका</u>

१. यो फाराममा भरिएका सूचना कम्प्युटर प्रणालीमा राखिने भएकोले सूचना भर्दा नाम, मिति आदि यथाशक्य शुद्ध र ह्रश्वदीर्घ समेत ठिक मिलाई भर्ने ।

२. ठेगाना लेख्दा उपलब्ध भएसम्म नगरपालिकाले प्रदान गरेको घरनम्बर समेत राख्ने ।

३. टेलिफोन नम्बरमा अफिस अथवा घर कहांको हो खुलाउने ।

४. सम्पर्क ठेगानामा हुलाक तथा फ्याक्सबाट सम्पर्क हुने ठेगाना लेख्ने ।

५. कारोवारको किसिममा व्यक्ति वा फर्मले गर्ने व्यवसायको प्रकृति उल्लेख गर्ने । यथाशक्य बढी स्पष्ट गर्ने ।

६. शाखा/गोदाम भए सो कतिवटा छ उल्लेख गर्ने । नभए “छैन” भनी अक्षरमा लेख्ने ।

७. कुनै निकायमा दर्ता भइरहेको भए प्रथम दर्ता भएको निकायको बिवरण भर्ने । दर्ता भएको तर नम्बर र मिति थाहा नभएमा सो उल्लेख गर्ने ।

८. कर कार्यालयमा दर्ता भई प्रमाणपत्र लिई अद्यावधिक नवीकरण गरिराखेको भए सो मात्र उल्लेख गर्ने र अरू केही गर्न नपर्ने । दर्ता गर्दाको बिवरण लेखिएकोमा कुनै परिवर्तन भएको भए सो मात्र उल्लेख गरे पुग्छ । काठमाण्डौं करदाता सेवा केन्द्रमा दर्ता हुन फाराम दिने ।
कर कार्यालयमा दर्ता भएका तर कुनै कारणवश आय बिवरण पेश नगरी बसेका (Stop-filer) लाई दफा २८ को पत्र काट्ने । फाराममा उल्लेख गर्ने । आय बिवरण नभरी बसेको कारण बुझ्न प्रयास गर्ने । त्यस्ता करदाताको अनिवार्य रूपमा टोलि प्रमुखले आफ्नो प्रतिवेदन दिने ।

९. घरवहाल करार संझौताको प्रतिलिपी प्राप्त भएमा सो संलग्न गरी उल्लेखगर्ने । मिति यकीन थाहा नभए मोटामोटी वर्ष महिना लेख्ने । बहाल दर रू. मासिक वा वार्षिक स्पष्ट गर्ने । आफ्नै घरजग्गा भए आफ्नै भन्ने उल्लेख गर्ने ।

१०. फर्म भर्न नजान्ने भए निजले भने बमोजिम टोलिका कर्मचारीले भरिदिने । हस्ताक्षर गर्न नमाने सो उल्लेख गर्ने ।

११. फर्म भराउने कर्मचारीले आफ्नो हस्ताक्षर गरी नाम, दर्जा र मिति लेख्ने ।

१२. नक्सांकन भर्दा दिशा, बाटो, घर, तल्ला तथा कोठा स्पष्ट गरी देखाउने । यस स्थानमा भविष्यमा अन्य कुनै कर्मचारीलाई खटाउनु पर्दा यस नक्सामात्र हेरी कसैसंग सोधपुछ नगरिकनै सजिलै पुग्न सकिने गरी रेखांकन गर्ने ।

१३. टोली प्रमुखको प्रतिवेदनमा टोलीप्रमुख भै गएका कर कार्यालयका कम्तिमा निरीक्षक तहका कर्मचारीले मात्र भर्ने । निजले आफै लेख्न नभ्याएमा आफ्नो निगरानी तथा जिम्मेवारीमा अन्य कर्मचारीलाई लेखाउन लगाई आफूले हस्ताक्षर गरी नाम तथा मिति समेत उल्लेख गर्ने । यसमा कारोवारको प्रकृति, कारोवारस्थलको साइज, कारोवारको स्तर, कामदारको संख्या, भएको सरसामान सेवाको बिवरण, स्टकको अनुमानित मूल्यांकन, दैनिक बिक्री रकम, खुद्रा, थोक, डिलर के हो ? आदि तथा अन्य कर प्रयोजनको लागि उपयोगी हुन सक्ने जानकारी नोट गर्ने । यसमा टोली प्रमुखले आफ्नो अवलोकनमा जानकारीमा आएको सूचनाहरू मात्र लेख्ने, कुनै किसिमको जोरजुलुम वा करकाप नगर्ने । नाप, जांच, तर्क आदि पनि नगर्ने । कदाचित त्यस्तो गर्न आवश्यक लागेमा सम्बन्धित कर अधिकृतलाई खबर गर्ने र दिएको आदेश पालना गर्ने । कुनै साधारण स्तरको कारोवार गर्ने तुरून्तै/करको दायरामा ल्याउन आवश्यक नपर्ने लागेमा टोलीप्रमुखले साधारण प्रकृतिको मात्र उल्लेख गरे पुग्छ ।

१४. टोली प्रमुखले कुनै करदातालाई करको दायरामा ल्याउन उपयुक्त हुने स्तरको देखेमा दफा २८ को पत्र काटी बुझाउने सो फाराममा उल्लेख गर्ने र आफ्नो प्रतिवेदन पनि दिने र काठमण्डौं करदाता सेवाकेन्द्रमा दर्ता हुन फाराम दिने ।

१५. यस टोलीको काम कर्तव्य र अधिकार करदाताको सहयोगमा जानकारी संग्रह गर्ने मात्र भएको हुंदा करदाताले सहयोग गर्न नमानेमा कुनै वादविवाद नगर्ने । व्यहोरा फाराममा उल्लेख गरी फर्कने । शिष्ट व्यवहार गर्ने । काम शुरू गर्न अघि आफ्नो परिचयपत्र र अख्तियारनामा मात्र देखाउने ।

१६. एक घरजग्गामा एकभन्दा बढी करदाता भएमा प्रत्येक करदाताको लागि छुट्टाछुट्टै फाराम भराउने ।

६. बिषय : **ठेक्काको आयकर सम्बन्धी** । मिति २०५६।८।२८

उपर्युक्त बिषय ठेक्काको आय निर्धारण सम्बन्धमा आर्थिक ऐन, २०५५ र २०५६ मा भएका प्रावधानहरूलाई अझ स्पष्ट गरी कार्यान्वयका लागि कर विभाग परामर्श शाखाको प.सं. २०५६/५७-७५ च.नं. १०८ मिति २०५६।८।२ मा प्रेषित परिपत्र तहां प्राप्त भएकै होला ।

तत् सम्बन्धमा आर्थिक ऐनको प्रावधान बमोजिम आ.व. २०५५/५६ मा कर निर्धारण भैसकेका ठेकेदारहरूको नाम, ठेगाना, खूद आय र लागेको आयकरअंकको साथै आ.व. २०५६/५७ मा मार्ग मसान्तभित्र कर निर्धारण भएका ठेकेदारहरूको बिवरण समेत ७ (सात) दिनभित्र विभागमा आईपुग्ने गरी पठाउनु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

७. बिषय : **बिवरण फछ्र्यौट सम्बन्धमा** । मिति : २०५६।९।५

आ.व. ०५६/५७ मा संचालन गर्ने मुख्य मुख्य काम र लक्ष्यहरूको बारेमा प्रणाली सुधार शाखाबाट प्रेषित मिति ०५६।७।३० को प.सं. ०५६/५७ च.नं. ४८ प्राप्त भएकै होला । उक्त निर्देशनको सि.नं. १ मा गत आ.व. बाट जिम्मेवारी सरिआएका आय बिवरणहरू पौष मसान्तभित्रमा सबै फछ्र्यौट गर्ने निर्देशन समेत दिइएको, तर विभागीय अनुगमनको क्रममा कुनै कुनै कार्यालयमा त्यस्ता बिवरणको हालसम्मको फछ्र्यौट ज्यादै न्यून संख्यामा भएको देखिन आएकोले गत आ.व. बाट जिम्मेबारी सरी आएका त्यस्ता आय बिवरणहरू कार्यालय प्रमुख स्वयंले बिशेष चासो तथा जिम्मेबारी लिई तोकिएको अवधिभित्रै सबै फछ्र्यौट गर्नुहुन विशेष ध्यानाकर्षण गरिएको छ । साथै सो अवधिभित्र कुनै विशेष कारणवस फछ्र्यौट हुन नसकेका बाहेक अन्य सम्पूर्ण आय बिवरणहरू फछ्र्यौट गर्न नसक्ने कार्यालयका प्रमुख लगायतका सम्पूर्ण कर्मचारीहरूको सामुहिक मूल्यांकनमा असर पर्नसक्ने व्यहोरा समेत आदेशानुसार अवगत गराइएको छ ।

८. बिषय : **विस्तृत छानविन कार्यान्वयन सम्बन्धमा** । मितिः२०५६।९।२०

उपर्युक्त बिषय आर्थिक ऐन, २०५६ अनुसूची ६ आयकरको दफा ४७(ख) बमोजिम खण्ड (क) मा उल्लेखित अवस्था बाहेक रू. १ करोड भन्दा बढीको कारोवार हुने करदाताहरूको विभिन्न आय, पेशा, व्यवसायी समूह समावेश हुने गरी कर विभागका महानिर्देशकले तोकेको विभिन्न आधारहरू समेत लिई पेश भएका आय बिवरणहरू मध्येबाट १५ प्रतिशत छनौट गर्दा आय बिवरण दर्ता भएको ४ महिनाभित्र छनौट गरी त्यस्तो छनौटको सूचना सामान्यतया कार्तिक, माघ, बैशाख र भदौ मसान्तका दिन करदाताहरूलाई जानकारी पठाइन्छ भन्ने कानुनी प्रावधानहरूको तथा कर विभागका महानिर्देशकले तोक्ने आधारहरू सम्बन्धित मिति २०५६।४।२० को पत्र तहां कार्यालयमा प्राप्त भैसकेको सन्दर्भमा केही कार्यालयहरूमा अझ पनि द्विविधा रहेको देखिन आएको हुंदा आय बिवरण दर्ता हुन आएको मितिको आधारमा बढीमा ४ महिनाको अवधि नकट्ने गरी छनौट गर्ने र सो छनौट भएका बिवरणहरू कार्तिक मसान्त, माघ मसान्त, बैशाख मसान्त र भाद्र मसान्तका दिन करदातालाई जानकारी पठाउने कानूनी प्रावधान बमोजिम कार्यान्वयन गर्नुहुन निर्देशानुसार पुनः अनुरोध गरिन्छ ।

९. बिषय : **किस्ताबन्दी आयकर असूल गर्ने** । मिति :२०५६।९।२०

उपर्युक्त बिषय आर्थिक ऐन, २०५६ अनुसूची ६ आयकरको दफा ११ बमोजिम मूल्य अभिबृद्धि करमा दर्ता भएका पैठारी कर्तासंग भन्सार बिन्दुमा अग्रिम आयकर असूल गर्न नपर्ने प्रावधान रहेकोमा मू.अ.कर कार्यालयमा दर्ता रहेका कतिपय पैठारीकर्ताहरूले मू.अ.क. कर नलाग्ने मालवस्तु समेत पैठारी गर्ने गरेको बुझिएको हुंदा नजिकका भन्सार कार्यालयसंग समन्वय गरी पैठारी कर्ताको पहिचान गर्न हुन र निजबाट ऐनको दफा ९(१) बमोजिम चालु आर्थिक वर्षको तीनकिस्ता वा कर बुझाउने प्रावधान अनुसार अग्रिम आयकर असूल उपर गर्न हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

१०. बिषय : **समन्वय राख्ने** । मिति : २०५६।९।२०

उपर्युक्त बिषय तहां राजस्व अनुसन्धान विभागको निकटतम ईकाई कार्यालयसंग समन्वय राखी कर प्रयोजनको लागि आवागमन हुने मालवस्तुको बिवरण संकलन गरी वर्गिकरण गर्न र सो को जानकारी सम्बन्धित कर कार्यालयहरूका साथै यस

विभाग अनुगमन शाखालाई समेत उपलव्ध गराउनु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

११. बिषय : **अग्रिमकर रकम धरौटीमा राख्न नहुने** । मिति २०५६।११।१८

केही कर कार्यालयहरूले ठेकेदारहरूबाट कट्टी भई दाखिला हुन आएको अग्रिमकर रकम धरौटी खातामा राख्ने भनी दिएको आदेश आर्थिक ऐन, २०५५ अनुसूची ६ को दफा १८ बिपरित भएको र यसबाट राजस्व रकम समयमा दाखिला नहुने भएकोले अग्रिमकर कट्टी रकम आर्थिक ऐन बमोजिम म्यादभित्रै राजस्व खातामा दाखिला गराउनु हुन र नगर्नेलाई जरिवाना समेत गरी ऐनको व्यवस्थाको पूर्ण रूपमा पालना गराउने व्यवस्था हुन महालेखा परीक्षकको विभागको प.सं. ०५६/५७ अर्थकर ४१२ च.नं.३२९ मिति २०५६।११।२ को पत्रबाट लेखि आएकोले ध्यानाकर्षणको लागि आदेशानुसार अनुराध गरेको छु ।

१२. बिषय : **हटलाईनमा प्राप्त सुझाव बारे** । मिति : २०५६।११।३०

उपरोक्त सम्बन्धमा माननीय मन्त्रीज्यूबाट यस मन्त्रालय अन्तर्गतको केन्द्रीय अनुगमन ईकाईलाई सक्रीय बनाई करदाताको गुनासो सुन्ने र राजस्व चुहावट नियन्त्रण गर्ने तथा राजस्व संकलनको निरन्तर मूल्यांकन गर्ने भन्ने निर्देशन भए अनुसार यस ईकाईको विज्ञप्ती विभिन्न संचार माध्यम तथा पत्रपत्रिकामा समेत गरी अनुगमनको कार्य विशेष सक्रियताका साथ भइरहेको व्यहोरा विदितै छ । यसै सिलसिलामा करदाताको गुनासो तथा कर छलेको जानकारी सम्बन्धित उजुरी हटलाईन मार्फत प्राप्त भई तहां आवश्यक करवाहीको लागि पठाएकोमा हालसम्म कारवाही हुन बांकी जनगुनासो एवं सुझावलाई प्राथमिकता दिई यथाशीघ्र कारवाही टुङ्गो लगाउने व्यवस्था गर्नुको साथै आउने त्यस्ता जनगुनासोलाई कम गरी राजस्व असूली बृद्धि गर्नेतर्फ कार्यालयहरूलाई विशेष निर्देशन दिन अर्थ मन्त्रालय, केन्द्रीय अनुगमन ईकाईको प.सं २०५६)५७ च.नं. २८ मिति २०५६/११/११ को पत्रबाट लेखि आएकोले सो अनुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध गर्दछु ।

१३. बिषय : **करदाता सेवा सम्बन्धमा** । मिति २०५६।१२।४

केही कर कार्यालयहरूबाट करदाता प्रति सम्मानजनक व्यवहार नभएको भन्ने गुनासो करदाताहरूबाट सुनिन आएको हुंदा त्यस कार्यालयबाट आय बिवरण संकलन, कर निर्धारण, अनुसन्धान, असूली आदिजस्ता करदाताहरूसंग प्रत्यक्ष सरोकार राख्ने राजस्व प्रशासन सम्बन्धी कार्य सम्पादन गर्दा इमान्दारीतापूर्वक करदाताहरूको अधिकार प्रति सचेत रही सम्मानजनक व्यवहार प्रदर्शन गर्ने गराउनेतर्फ विशेष सचेतता अपनाउनु हुन आदेशानुसार अनुरोध गरिएको छ ।

१४. विषय: **<u>प्रगति विवरण पठाउने</u>** ।  मिति : २०५७।२।१३

चालु आ.व.०५६/०५७ को विभिन्न महिनाहरूमा संचालन गरिने कार्यक्रमको सूची यस विभाग (प्रणाली सुधार शाखा) को प.सं ०५६/५७ च.नं. ४८ मिति ०५६/७/३० र प.सं. ०५६/५७ च.नं. ११५ मिति ०५७/१/५ को पत्रहरूबाट अवगत भएकै छ । सो कार्यक्रममध्ये करदाता सर्भेक्षणको प्रगति विवरण (नमुना बमोजिम), करदाता अभिलेखको फांटवारी, अटेरी करदाता उपर के कारवाही भयो स्पष्ट विवरण, ६ मध्ये २ अवस्था पुगेको करदाताको पहिचान तथा असुलीको लागि के के गरियो र कति जना नेटमा आए र खुद बक्यौता कर असूली गर्न करदाताको नामावली सहितको सूचना पत्र पत्रिकामा प्रकाशित गर्न पठाएको भए त्यसको कपी र नपठाएको भए अविलम्व पठाई स्पष्ट जानकारी ३ दिन भित्रमा उपलव्ध गराउन हुन निर्देशानुसार अनुरोध छ ।

## <u>तथ्याङ्क शाखा</u>

१. बिषय : **<u>अग्रिम कर कट्टा गर्ने नमूना फाराम सम्बन्धमा</u>** । मिति २०५६।४।१२

अग्रिम कर कट्टीको अतिरिक्त फाराम सम्बन्धमा यस विभाग प्रणाली सुधार शाखाको मिति ०५५।३।२ को प.सं. ०५४/५५ च.नं. ९६ साथ संलग्न नमूना फारामहरू कार्यान्वयनमा आइरहेकै होला । अग्रिम कर कट्टी गरी दाखिला गर्नुपर्ने (Withhold) ले मासिक रूपमा कर कार्यालयमा पेश गर्नुपर्ने र सो फाराम चेक जांच गरी प्रमाणित गर्नुपर्ने फाराम एक प्रति नमूना यसैसाथ संलग्न छ । उक्त नमूना फाराम बमोजिमको फाराम आयकर ऐन, २०३१ (सं.स.) को दफा ५४ बमोजिम स्वीकृत भएको व्यहोरा निर्णयानुसार अनुरोध गर्दछु । अत: उक्त नमूना फाराम अनुसारको फाराम ०५६ साल श्रावण महिनादेखि कार्यान्वयनमा ल्याउन सम्बन्धित सबै करदाता/निकाय/कार्यालय/संघ संस्था/शिक्षणसंस्था आदिहरूमा समेत पठाई अनिवार्य रूपमा प्रयोगमा ल्याउन र सम्बन्धित कार्यको लगत अद्यावधिक राख्नु हुन निर्देशानुसार अनुरोध छ ।

साथै स्थानीय उद्योग वाणिज्य संघहरू मार्फत यस फारामको उपादेयता बारे प्रचार प्रसार गराउन समेत अनुरोध छ ।

## सामान्य प्रशासन शाखा

**१. बिषय : आर्थिक विधेयक, २०५६ को व्यवस्था बारे ।** मिति: २०५६।४।१२

आर्थिक विधेयक, २०५६ को अनुसूची ६ मा भएको व्यवस्था कार्यान्वनयको लागि निम्नानुसार स्पष्ट गरी पठाइएको छ । साथै आर्थिक विधेयकमा भएको व्यवस्था अनुसार समेत गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध गरिन्छ ।

(१) दफा ९ अनुसार चालू वर्षको सम्भावित खूद आयमा चालु आर्थिक वर्षको करको दरले (अतिरिक्त कर समेत) लाग्ने कर चालु वर्षको अग्रिम कर वापत ३ किस्तामा बुझाउनु पर्ने व्यवस्था भएको छ । चालु वर्षको सम्भावित खुद आय निकाल्ने तरिका र सोको लागि स्वीकृत फाराम यथाशीघ्र पठाइने छ । आर्थिक विधेयकमा भएको व्यवस्था अनुसार चालु वर्षको अग्रिम कर असूलीको तदारूकताकासाथ अनुगमन गर्ने, प्रचार प्रसार गर्ने एवं वितरण गरी सो को व्यवस्थापन गर्ने कार्य गर्नुहोला ।

(२) २०५६ श्रावण १ गतेबाट दफा १५ अनुसार करदाताको कर निर्धारण पहिलो पटक साना करदाता आय निर्धारण समितिबाट गर्नुपर्ने तथा एकपटक समितिमा कर निर्धारण भई कर चुक्ता गरिसकेको साना करदाताहरूले गत वर्ष तिरेको कर रकमको १० प्रतिशत थप कर सहित आय बिवरण पेश गर्नु पर्ने व्यवस्था भएको छ । यसको लागि पहिलो पटक बिवरण पेश गर्ने साना करदाताहरूलाई समितिको आय बिवरण तथा त्यसपछिको आर्थिक वर्षको लागि विभागको मिति २०५५।७।२५ च.नं. १६८ को पत्रसाथ संलग्न गरी पठाएको आय बिवरण भर्न लगाउने व्यवस्था मिलाउनु होला । साथै दफा १४, १५ र १६ मा भएको साना करदाता व्यवस्था बारे आफ्नो क्षेत्रमा व्यापक प्रचार प्रसार गरी बिवरण संकलन, फछ्र्यौट र राजस्व संकलनको अनुगमन गर्ने कार्य गर्नुहोला । चालू वर्षको बजेट वक्तव्यमा उल्लेख भए अनुसार बैंक मार्फत कर चुक्ता गराउने, स्थानीय उद्योग वाणिज्य संघहरूको सहयोग लिई बिवरण संकलन र राजस्व असूलीलाई प्रभावकारी बनाउने कार्य गर्नुहोला ।

(३) दफा २९ अनुसार क्यासिनोले बुझाउनु पर्ने रोयल्टीको अतिरिक्त जुवाडेहरूले जितेको रकमको २५ प्रतिशतले हुने रकम पूर्वानुमानित आयकर वापत क्यासिनोले जुवाडेबाट असूल गरी सम्बन्धित कर कार्यालयमा दाखिला गर्नुपर्ने व्यवस्था भएको छ । आर्थिक विधेयकमा भएको व्यवस्था अनुसारको रोयल्टी तथा जुवाडेहरूको पूर्वानुमानित आयकर तोकिएको समयमा क्यासिनोहरूबाट असूल गर्ने व्यवस्था मिलाउनु होला । जुवाडेबाट हुने पूर्वानुमानित आयकरको संलग्न बिवरण अनुसार दैनिक कर कट्टीको फांटबारी प्राप्त गर्ने गर्नुहोला ।

(४) दफा ४५ अनुसार ६ अवस्थामध्ये २ अवस्था पूरा गर्ने व्यक्ति, दम्पत्ति वा परिवारले आय बिवरण पेश गर्नुपर्ने तथा न्यूनतम रू. ५ हजार वार्षिक कर तिर्नुपर्ने व्यवस्थाको लागि आर्थिक ऐन, २०५५ मा उल्लेखित शहरीक्षेत्रको अतिरिक्त चालु आर्थिक विधेयकमा धरान र सिद्धार्थनगर शहरी क्षेत्र समेत समावेश भएको छ । यस दफामा भएको व्यवस्था बारे आफ्नो क्षेत्रमा ब्यापक प्रचार प्रसार गर्नुहुन र कार्यालयको तथ्यांक तथा सम्बन्धित अन्य श्रोतको तथ्यांक लिई यस्तो करदाताको लगत बनाई आय बिवरण दाखिला गराउने व्यवस्था मिलाउनु होला । यस सम्बन्धी बिवरण फाराम बारे गत वर्ष जानकारी गराइसकिएको छ ।

(५) दफा ४७ को खण्ड (ख) मा स्वयंकर निर्धारण बिवरणको विस्तृत छानविन गर्ने आधारहरू तोकिएको छ । खण्ड (ख) को व्यवस्था अनुसार महानिर्देशकले तोकेको विभिन्न आधारहरूको जानकारी यथाशीघ्र गराइनेछ । आर्थिक विधेयकमा भएको व्यवस्था अनुसार आय बिवरण दर्ता भएको मितिले ४ महिनाभित्र विस्तृत छानविनको लागि अनिवार्य रूपमा छनौट गर्ने तथा यस्तो छनौटमा परेको बारे तोकिएको मितिमा करदातालाई जानकारी दिने व्यवस्था समेत मिलाउनु होला । विस्तृत छानविनको लागि छनौट गरिएको करदाताको बिवरण प्रत्येक महिनामा मास्केबारीसंग विभागमा पूर्व प्रेषित फाराम अनुसार नियमित रूपमा पठाउने व्यवस्था गर्नुहोला ।

(६) आर्थिक वर्ष ०५५/५६ बाट जिम्मेबारी सरेको आय बिवरण २०५६ पौष मसान्तसम्म फछ्र्यौट गरिसक्नुपर्नेछ ।

......... क्यासिनो

.......... काठमाण्डौं ।

| सि.नं. | जितेको रकम | २५ प्रतिशतले हुने पूर्वानुमानित आयकर रकम | कैफियत |
|---|---|---|---|
| | | | |
| जम्मा | | | |

२. बिषय : <u>बिवरण फाराम पठाएको</u> ।                                        मिति: २०५६।४।२५

आर्थिक विधेयक, २०५६ को अनुसूची ६ को दफा ३० अनुसार करदाताले पुरानो मौज्दात घोषणा गर्ने श्री मूल्य अभिबृद्धि कर विभागबाट प्राप्त बिवरण फाराम यसैसाथ संलग्न गरी पठाइएको छ । उपरोक्त आर्थिक विधेयक अनुसार मौज्दातको घोषणा गर्ने करदाताहरूलाई सो फाराम उपलब्ध गराई फाराम अनुसारको बिवरण भर्न लगाउने व्यवस्थाको लागि निर्देशानुसार अनुरोध गर्दछु ।

## बिवरण फारामको नमूना

आर्थिक विधेयक, २०५६ को मू.अ.क. दरबन्दीको दफा ६ तथा श्री ५ को सरकारको मिति २०५६।४।२० को निर्णयानुसार मू.अ.क. मा दर्ता हुने वा भएका करदाताहरूलाई मौज्दात घोषणा गर्ने सुविधा प्रदान भए अनुसार मौज्दात घोषणा सम्बन्धमा देहाय अनुसार गर्नु गराउनु हुन मिति २०५६।४।२१ को निर्णयानुसार अनुरोध छ ।

**मौज्दातको घोषणा गर्ने बिवरणको नमूना :**

| १ | २ | ३ | ४ | ५ | ६ | ७ | ८ | ९ | १० | ११ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| वस्तुको बिवरण | परिमाण | भन्सार प्रज्ञापन वा विल अनुसारको वास्तविक मूल्य दर | जम्मा यथार्थ मूल्य | साविकमा तिरेको मू.अ.क./ बिक्रीकर रकम | हाल घोषणा गरिएको मूल्य दर | घोषित परिमाणको जम्मा मूल्य | फरक रकम | ०.५ प्रतिशतले फरकमा हुने आयकर रू. | १० प्रतिशतले मू.अ.क. रकम रू. | २५ प्रतिशतले तिर्नुपर्ने मू.अ.कर रकम रू. |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |
| | | | | | | | | | | |

<u>उपरोक्त तालिका अनुसारको मौज्दात बिवरण साथ ०.५ प्रतिशत आयकर तिरेको प्रमाण प्राप्त हुन आएमा निम्नानुसार गर्ने :</u>

१. महल ११ अनुसारको मू.अ.क. रकम दाखिला भएको निस्सा फाइलसाथ संलग्न गर्ने ।
२. महल १० अनुसारको क्रेडिट रकम साविक कर बिवरणको ३.१ मा उल्लेखित रकमबाट कटाई करदातालाई निजले दाखिल गर्ने कर बिवरणको ३.२ को क्रेडिट महलमा देखाउन लगाउने ।

३. उपरोक्त तालिकाको ५ नम्बर महलमा देखिने क्रेडिट रकम दर्तावाल करदाता भए निजले सवभन्दा पछिल्लो कर बिवरणमा देखाएको हुनुपर्दछ ।
४. साविकमा मू.अ.क. मा दर्ता नभएका करदाताहरूले पनि उपरोक्त तालिका आवश्यकता अनुसार प्रयोग गर्न सक्नेछन् । निजले १० नम्बरको रकम सोझै कर विभागको ३.२ को क्रेडिट महलमा देखाउन लगाउने ।

३. बिषय : **स्टक घोषणा गर्ने सम्बन्धमा ।** मिति: २०५६।५।९

आर्थिक विधेयक, २०५६ को मूल्य अभिबृद्धि कर (अनुसूची ४) को दफा ६ मा "मूल्य अभिबृद्धि करमा दर्ता हुने करदाताहरूसंग मौज्दातमा रहेको तर पहिले कर कट्टी सुविधा नलिएकाहरू मध्ये कर कट्टी सुविधा प्रदान गर्न ती सामानहरूमा आयकर तिरेको प्रमाणपत्र हुने कागजात पेश गरेमा त्यस्तो मौज्दात सामानको सम्बन्धित करदाताले घोषणा गरेको मुल्यको १० प्रतिशत त्यस्तो मौज्दात सामानमा पहिले कर तिरेको मानी उक्त कर रकमको ७५ प्रतिशत कर कट्टी सुविधा प्रदान गरी २५ प्रतिशत मात्र कर असूली गरिनेछ । यस्तो कर कट्टी सुविधा सो सामान बिक्री गरे पछि बिक्री गरेको हदसम्म मात्र प्रदान गरिनेछ भन्ने व्यवस्था भएकोले श्री ५ को सरकारको मिति २०५६/४/२० को निर्णय अनुसार मू.अ.क. मा दर्ता भएका तथा नभएका दुवैथरीलाई सो सुविधा प्रदान गर्ने भए अनुसार यस विभागबाट मिति २०५६/४/२१ मा मौज्दात घोषणा गर्ने ढांचा परिपत्रको रूपमा सबै कार्यालयहरूलाई अवगत गराई सकिएको छ । आर्थिक विधेयक, २०५६ मा यस्तो कर कट्टी सुविधा बिक्री भएपछि मात्र प्रदान गर्ने भनिएतापनि श्री ५ को सरकार (मन्त्रिपरिषद्) को मिति २०५६/०४/३१ को निर्णयानुसार निम्न बमोजिमको व्यवस्था गरेको हुंदा जानकारीको लागि अनुरोध छ भनी मूल्य अभिबृद्धि कर विभाग (जटील कर शाखा) को च.नं. ४६३ मिति २०५६/०५/३ को पत्रबाट लेखि आएको व्यहोरा जानकारीको लागि अनुरोध गर्दछु ।

(१) मूल घोषित मौज्दातको २.५ प्रतिशत नगद भुक्तानी गर्नेलाई १० प्रतिशत भ्याट क्रेडिट प्रदान गर्ने सुविधा प्रदान गरिएको । मू.अ.क. मा पहिलोपटक दर्ता हुने तर पुरानो मौज्दात घोषणा गर्नेलाई पनि सो सुविधा प्रदान गर्ने गरिएको छ ।
(२) मू.अ.क. मा दर्ता भैरहेकाहरूलाई उपरोक्त अनुसार गर्दा हाल घोषणा हुने मौज्दातको क्रेडिट र साविकमा घोषित सामानको क्रेडिटमा दोहोरो पर्न जाने र श्री ५ को सरकारलाई क्रेडिटको मार बढ्न जाने हुंदा त्यस्ता करदाताहरूलाई साविक घोषणा भैसकेको र अव घोषणा गरिने मौज्दात विचको फरक मुल्यमा एकमुष्ठ २५ प्रतिशत चुक्ता गर्ने ।
(३) फरक मौज्दातको क्रेडिट कर बिवरणको ३.२ महलमा देखाउने ।

(४) कुनै करदाताले नगद भुक्तानी गर्नको सट्टा तत् शीर्षकमा भुक्तानी हुने गरी A/C Payee चेकबाट कार्यालयमा भुक्तानी गर्न चाहेमा सो समेत सुविधा प्रदान गर्ने । केही गरी त्यस्तो चेकबाट रकम भुक्तानी नभएमा वार्षिक २५ प्रतिशतका दरले जरिवाना गरी असूल गर्ने ।

(५) पुरानो मौज्दात घोषणा गर्ने सबै करदाताहरूलाई घोषित मौज्दातमा Negative Value Add गर्न नपाउने ।

(६) उक्त घोषित मौज्दातलाई ६ महिनासम्म कर मिलान नभए कर फिर्ता माग गर्न नपाउने ।

(७) व्यवसायिक दर्ता प्रमाणपत्र नभए पनि आयकर दर्ता प्रमाणपत्र रिन्यू वा नवीकरण भएको खण्डमा एक पटकको लागि मूल्य अभिबृद्धि करमा दर्ता हुन पाउने व्यवस्था गर्ने ।

(८) पुरानो स्टक घोषणा गर्नेलाई हाल घोषित हुने नयां मूल्यको कारण मौज्दातको मूल्य बृद्धि भएको रकमलाई सम्बन्धित कम्पनीको Reserve A/C वा Capital A/C मा Credit गर्न पाउने सुविधा दिने र यस्तो रकममा ऐन नियम अनुसारको थप कारवाही नगर्ने ।

(९) भ्याट क्रेडिटमा हुने बृद्धिको रकमलाई पनि सो सुविधा प्रदान गर्ने ।

(१०) २०५६ श्रावण मसान्तसम्म साविकको विलिङ र सोही सामानको अब हुने विलिङ मूल्यमा फरक पर्ने भए पनि सो फरक परेको मूल्यको सम्बन्धमा कुनै निकायले प्रश्न नगर्ने ।

यसै बिषयमा श्री ५ को सरकार (मन्त्रिस्तर)को मिति २०५६/५/१ को निर्णयानुसार निम्न थप व्यवस्था भएको व्यहोरा जानकारी गराइन्छ ।

१. मूल्य अभिबृद्धि कर दरबन्दीमा २०५६ श्रावण ३१ गतेसम्म दर्ताको लागि म्याद प्रदान भैरहेकोमा मिति २०५६/०५/०८ सम्म दर्ता हुन म्याद थप गरिएको ।
२. साविकमा दर्ता भई मौज्दात घोषणा गरेकोले Upwardly अंक संशोधन गर्न वा साविककै घोषित अंकमा नघट्ने गरी बिस्तृत बिवरण दिन चाहेमा आवश्यक कर असूल गरी संशोधन गर्न दिने ।
३. केही वस्तुगत संघहरूले एकमुष्ट अग्रिम राजस्व दाखिला गर्न नसक्ने भनी माग गरेको सन्दर्भमा त्यस्ता संघहरूलाई दर्ता भई घोषित मौज्दातको हुने २.५ प्रतिशत मू.अ.क. बुझाउन महानिर्देशकले थप म्याद दिन सक्ने । तर त्यस्तो रकम नबुझाएसम्म १० प्रतिशत को मू.अ.क. क्रेडिट दिन नपाउने । जुन अवधिमा मू.अ.क. बुझाउने हो सोही अवधिमा घोषित मूल्यको मू.अ.क. क्रेडिट दिने ।

४. बिषय : <u>बैठकको निर्णय पठाएको</u> ।     मिति: २०५६।५।२२

मिति २०५६/५/१८ गतेका दिन श्री महानिर्देशकज्यूको कार्यकक्षमा बसेको बैठकबाट भएको निर्णय जानकारीको लागि पठाइएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

<u>निर्णयहरू :</u>

(१) आर्थिक विधेयक, २०५६ को दफा १४, १५ र १६ २०५६ श्रावण १ गतेदेखि लागू भैरहेको हुंदा जुनसुकै वर्षको आय बिवरण दर्ता हुन आएपनि उपरोक्त दफाहरू अनुसार नै गर्ने र करको दर भने प्रत्येक वर्षको आर्थिक ऐनद्वारा तोकिएको दरले लगाउने ।

(२) ६ मध्ये २ अवस्था पूरा गरेका करदातालाई करको दायरामा ल्याउन कर विभाग र सबै कर कार्यालयहरूबाट ब्यापक प्रचार प्रसार गर्ने । सर्भेक्षण कार्य गर्दा पनि यो अवस्थाको विशेष अनुगमन गर्ने । कर विभाग तथा कर कार्यालयमा प्राप्त भएको सूचना सम्बन्धित कर कार्यालयमा अनुगमनको लागि पठाउने । यस व्यवस्थाको अनुगमन कार्यको लागि कर विभागका निर्देशक श्री प्रकाशमान श्रेष्ठको संयोजकत्वमा निर्देशक, श्री बृहस्पतिराज पन्त, प्रमुख कर अधिकृत श्री रण बहादुर श्रेष्ठ र श्री महेश्वर शर्मा पौडेल समेत भएको एउटा कार्यदल गठन गर्ने र यो व्यवस्थालाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने ।

(३) अझै पनि अधिकांश कर कार्यालयबाट वार्षिक प्रतिवेदन प्राप्त भैनसकेकोले २०५६ भाद्र मसान्तभित्रमा सबै कर कार्यालयहरूले अनिवार्य रूपमा वार्षिक प्रतिवेदन विभागमा पठाउने ।

(४) विशेषज्ञ समितिले छानविन गरी पठाएको फाइलहरू समयमै टुङ्ग्याई त्यसको जानकारी कर विभागमा दिने व्यवस्था गर्ने । विभागबाट ताकेता गर्नुपर्ने अवस्था सिर्जना नगर्ने ।

(५) करदातालाई कर रकम फिर्ता दिन विभागमा अनुरोध गर्दा भौचर सहित फिर्ता दिनुपर्ने रकम समेत किटान गरी किटानी राय समेत स्पष्ट गरी अनुरोध गर्ने व्यवस्था गर्ने ।

(६) मुद्दा परेका फाइलहरू बहस पैरबीको लागि विभागमा वा अन्य आवश्यक निकायमा पठाउंदा बहस नोट समेत तयार गरी पठाउने व्यवस्था गर्ने ।

(७) काठमाण्डौं उपत्यकाभित्रका कार्यालय प्रमुखहरू र कर विभागका निर्देशकहरू समेत बसी प्रत्येक २/२ महिनामा अन्तरक्रिया कार्यक्रम संचालन गर्ने ।

(८) कर लेखा परीक्षणको लागि विभागबाट दिइने कर लेखा परीक्षण प्रमाणपत्रको प्रक्रियागत व्यवस्थालाई पुनरावलोकन गरी समयानुकूल बनाउन कर विभागका

निर्देशक श्री बृहस्पतिराज पन्तको संयोजकत्वमा प्र.क.अ. क्रमशः श्री हर्षरमण उपाध्याय, श्री श्रीराम पन्त, श्री पुष्कल प्रसाद उपाध्याय र चार्टर्ड एर्कािण्टेण्ट श्री शिवनाथ पाण्डे समेत भएको एउटा कार्यदल गठन गरिएको छ । उक्त कार्यदलले अध्ययन गरी आवश्यक सुझाव १(एक) महिनाभित्र पेश गर्ने ।

(९) पुनः कर निर्धारणको लागि श्रीमान् महानिर्देशकज्यू समक्ष निवेदन प्राप्त भएपछि निर्णय गर्नुपूर्व आवश्यकता अनुसार करदाताको जिकीर बारे करदातासंग छलफल गरी निर्णय गर्ने प्रक्रिया अवलम्बन गर्ने ।

(१०) कर कार्यालयहरूले क्षेत्रीय गोष्ठीको कार्यक्रम बनाई यथाशीघ्र सम्पन्न गर्ने र सो को जानकारी कर विभागमा पठाउने ।

(११) आर्थिक विधेयक, २०५६ मा भएको व्यवस्था बारे करदाताको जानकारीको लागि कर विभागबाट कार्यक्रम बनाई ब्यापक प्रचार प्रसार गर्ने र त्यस्तै कार्यक्रम बनाई कर कार्यालयबाट पनि प्रचार प्रसार गर्ने ।

(१२) आ.व. २०५५/५६ बाट जिम्मेबारी सरेर आएका पुराना बक्यौता आय बिवरण २०५६ पौष मसान्तसम्ममा अनिवार्य रूपले फछ्र्यौट गर्ने ।

(१३) कार्यालयहरूबाट विभागमा निर्देशन माग गर्दा वा निर्णयका लागि फाइल पठाउंदा आवश्यक पर्ने सम्पूर्ण कागजात संलग्न गरी पठाउने र कार्यालय प्रमुखले समेत उल्लेख गरी पठाउने ।

(१४) कर प्रशासन सम्बन्धी गोष्ठी, २०५६ बाट पारित भएका सुझाव कार्यान्वयनको निमित्त शीघ्र कारवाही गर्ने ।

(१५) घरजग्गा बहालको न्यूनतम मूल्यांकन सम्बन्धी फाइल यथाशीघ्र टुङ्गो लगाउने ।

(१६) स्वयंकर निर्धारण सम्बन्धी आय बिवरणको छानविन, विस्तृत छानविन तथा विशेषज्ञ समितिद्वारा छानविन गर्दा आर्थिक विधेयक, २०५६ मा भएको व्यवस्थालाई कर कार्यालयले पूर्ण पालना गर्ने ।

(१७) पूरानो भई काम नदिने सवारी साधन र अन्य मालसामानहरू आर्थिक प्रशासन सम्बन्धी नियम बमोजिम शीघ्र लिलाम बिक्री गर्ने र सो को जानकारी विभागमा पठाउने ।

## ५. बिषय : <u>साना करदाता आयकर निर्धारण समिति गठन बारे</u> । मितिः २०५६।५।२५

आयकर नियमावली, २०३९ (संशोधन सहित) को नियम २६ बमोजिम साना करदाताहरूको आयकर निर्धारण गर्न मिति २०५६/५/१८ को निर्णयानुसार श्री ५ को सरकारले साना करदाता आयकर निर्धारण समिति गठन गरेको व्यहोरा अनुरोध छ । उक्त समितिमा देहाय बमोजिमको सदस्यहरू र समयावधि २०५७ आषाढ मसान्त रहेको छ ।

**सदस्यहरू** :

(क) कर कार्यालयको प्रमुख वा निजले तोकेको एकजना अधिकृत — अध्यक्ष

(ख) भन्सार अधिकृत वा निज नभएको ठाउंमा सम्वन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयको कार्यालय प्रमुख — सदस्य

(ग) अन्त:शुल्क अधिकृत वा निज नभएको ठाउंमा मालपोत अधिकृत — सदस्य

(घ) प्रतिनिधि, सम्बन्धित गाउं विकास समिति वा नगरपालिका — सदस्य

(ङ) प्रतिनिधि, स्थानीय उद्योग वाणिज्य संघ वा संघ नभएको ठाउंमा प्रमुख जिल्ला अधिकारीले तोकेको एकजना प्रतिष्ठित व्यापारी — सदस्य

**६. बिषय : बैठकको निर्णय पठाएको ।** मिति: २०५७।६।१९

मिति २०५६।६।१३ गतेका दिन श्री महानिर्देशकज्यूको कार्यकक्षमा कार्यालय प्रमुख समेतको उपस्थितिमा बसेको बैठकले गरेको निर्णयको छायांप्रति जानकारीको लागि यसैसाथ संलग्न गरी पठाईएको व्यहोरा निर्देशानुसार अनुरोध गर्दछु ।

**निर्णयहरू** :

१. आश्विन मसान्त सम्मको असूली कार्यक्रम बनाई लक्ष्य बमोजिमको असूली पुऱ्याउने । यसको लागि बिवरण दाखिला/बक्यौता र अग्रिम आयकर आदिमा विशेष ध्यान दिने ।

२. अग्रिमकर दाखिला, बिवरण दर्ता, घरबहाल कर दाखिला आदि सम्वन्धमा विभागबाट व्यापक प्रचार प्रसार भइरहेको छ । कार्यालयहरूबाट पनि यसै अनुरूप Follow up को व्यवस्था मिलाउने ।

३. करको दायराबाट छुटेका करदातालाई करको दायरामा ल्याउन विशेष सक्रियता अपनाउने ।

४. करदाता सर्भेक्षणको लागि हरेक कर कार्यालयको निमित्त छुट्टाछुट्टै अस्थायी दरबन्दी पठाउने व्यवस्था भइरहेको हुंदा सर्भेक्षणको कार्यक्रम बनाई सर्भेक्षण गर्ने आवश्यक व्यवस्था मिलाउने ।

५. दशै र तिहारको लामो बिदा नजिक आइसकेकोले कार्यालयमा व्यवस्थित पाले पहराको प्रवन्ध गरी सुरक्षा व्यवस्था मिलाउने । आवश्यकता अनुसार स्थानीय प्रशासनसंग पनि समन्वय गर्ने ।

६. अधिकांश कार्यालयहरूले आफ्नो क्षेत्रभित्रका कतिपय कारोवारको अनुसन्धान तथा अध्ययन गरी नयां कारोवार पत्ता लगाई करको दायरामा ल्याउन नसकेकोले न्यून कर आधारमा (Lowest Tax Base) कर लगाईरहेको विभागले महसुस गरेको छ । यसैले कर निर्धारण गर्नु पूर्व प्राप्त आय विवरणहरूमा उल्लेखित भन्दा थप आय

गरेको नगरेको र सो को आय बिवरण प्राप्त भएको अथवा नभएको अनुसन्धान तथा छानविन गरी तथा आयकर ऐनमा भएका प्रावधान र समय समयमा विभागबाट गएका परिपत्र र मार्ग दर्शन तथा निर्देशन अनुसार राम्ररी परीक्षण (Audit) समेत गरी कर निर्धारण गरेमा कर बढ्न सक्ने हुंदा सो अनुसारगर्ने ।

७. अनुसन्धानको लागि कार्यालयहरूबाट प्राप्त हुने फाइलहरूमा राय उल्लेख भई नआएकोले शीघ्र राय पठाउने व्यवस्था गर्ने । माग भएका फाइलहरू पनि समयमा प्राप्त हुने नगरेको कार्यालयको राय एवं प्रतिक्रिया सहित शीघ्र विभागमा पठाउने ।

८. विदशी नागरिकले Cross Boarder Transaction लगायत कुनै पनि प्रकारको आय आर्जन हुने कारोवार गरेकोमा आयकर ऐन, २०३१ बमोजिम कर लाग्ने नै भएकोले तुरून्त त्यसमा कारोवार गर्नेहरूलाई पत्ता लगाई करको दायरामा ल्याउने ।

९. Global Tendor / International Biding मार्फत ठेक्काको काम गर्ने र परामर्श उपलव्ध गराउनेहरूसंग अर्थ मन्त्रालय वा कर विभागसंग सहमति नै प्राप्त नगरी ठेक्का दिने निकायले कर नलाग्ने गरी संझौता गरेको कारणबाट त्यस्ता व्यक्ति वा संस्थाले नेपालमा रही गरेको कार्य वापत प्राप्त आयमा कर लगाउन सकिएको छैन । यस्तो अवस्थामा ठेक्का आदिको संझौता गर्दा कर तिर्नुपर्ने व्यवस्था गरिदिन अर्थ मन्त्रालयमा अनुरोध गरी पठाउने ।

१०. स्वयंकर निर्धारणको फाइल विस्तृत छानविनमा लैजान निर्णय भएपछि तत्काल सो को जानकारी करदातालाई गराउने र कर विभागमा पनि जानकारी दिने । १० करोड भन्दा माथिको कारोवार भएको स्वयंकर निर्धारणको फाइल विस्तृत छानविन गर्दा विशेषज्ञहरू समावेश भएको समितिद्वारा आवश्यकता अनुसार Field Audit समेत गरी छानविन गर्ने प्रक्रिया अवलम्वन गरिनेछ ।

**७. बिषय : <u>सर्भेक्षण कार्य संचालन गर्ने बारे</u> ।** मितिः २०५६।७।१५

उपर्युक्त बिषयमा गत विगत आ.व. जस्तै चालु आ.व. मा पनि नयां करदातालाई करको दायरामा ल्याउने कार्यक्रम रहेको व्यहोरा त्यहां बिदितै छ । यस सन्दर्भमा यस आर्थिक वर्षभित्र करको दायरामा ल्याउनु पर्ने नयां करदाताको लागि त्यस कार्यालयले कार्यक्रम बनाई सर्भेक्षण कार्य २०५६ मार्ग १ गते देखि संचालन गर्न हुन जानकारी गराइन्छ । सर्भेक्षणको क्रममा आयकर, घरजग्गा बहाल कर, घरजग्गा कर तथा ६ मध्ये २ अवस्था पूरा गरेको करदाताहरूको सम्बन्धमा आयकर दर्ता प्रमाणपत्र लिनु पर्नेले आयकर दर्ता प्रमाणपत्र लिए नलिएको, अद्यावधिक बिवरण पेश गरे नगरेको, बक्यौता कर रकम नतिरेको जस्तो अवस्थाको समेत अनुगमन गरी समयमा आय

बिवरण तथा बक्यौता कर रकम नतिरेको र दर्ता नभएकोलाई दर्ता गराउने तर्फ कार्वाही गर्नुको साथै ब्याजकर, घरबहालकर, अन्य अग्रिमकरको अनुगमन गर्नु होला ।

सर्भेक्षण कार्य संचालन गर्दा आफ्नो कार्यालयको कर्मचारी तथा सर्भेक्षकहरू समेत समावेश भएको टोली गठन गरी उक्त टोलीलाई आफ्नो क्षेत्र अन्तर्गत करदाताको घरदैलोमा खटाई करदाताको कारोवार स्थल, नाम ठेगाा, कारोवार किसिम, कारोवार शुरू मिति आदि आवश्यक पर्ने सम्पूर्ण बिवरणको लगत तयार गरी कार्यालयमा अभिलेख राख्नुको साथै यसैसाथ संलग्न नमूना अनुसार सर्भेक्षणको प्रगति प्रतिवेदन साप्ताहिक रूपमा विभागको अनुगमन शाखामा पठाउनुहुन निर्देशानुसार अनुरोध छ ।

**८. बिषय : <u>काठमाण्डौं करदाता सेवाकेन्द्रको स्थापना बारे</u> ।** मितिः २०५६।७।२६

श्री ५ को सरकार (मं.प.) को मिति २०५६/७/११ को निर्णयानुसार काठमाण्डौंका ७ वटा कर कार्यालयहरू र भक्तपुर तथा ललितपुर कर कार्यालयको कार्यक्षेत्र अन्तर्गतका आयकर दर्ता गराउनु पर्ने करदाताहरूलाई स्थायी लेखा नम्बर (Permanent Account Number-PAN) उपलब्ध गराउन यस विभाग अन्तर्गत बबरमहलमा “काठमाण्डौं करदाता सेवाकेन्द्र” नामक छुट्टै कार्यालय स्थापना भएको छ ।

उक्त सेवा केन्द्रले २०५६/८/१ गतेदेखि निम्नानुसारका कामहरू गराउने गरी श्री ५ को सरकार (मन्त्रिस्तर)बाट मिति २०५६/७/२६ मा निर्णय भएकोले निम्नलिखित कार्यहरू गर्ने गराउने व्यवस्थाको लागि तहां अन्तर्गतका सबै कार्यलयहरूलाई समेत जानकार गराईदिनु हुन अनुरोध गर्दछु ।

काठमाण्डौं करदाता सेवाकेन्द्रले मिति २०५६/०८/०१ गतेदेखि काठमाण्डौं उपत्यकाका ९ वटा (काठमाण्डौं) क्षेत्र नं. १ देखि ७ सम्म र भक्तपुर तथा ललितपुर) कर कार्यालयहरूको कार्यक्षेत्र अन्तर्गतका करदाताहरूलाई (आयकर दर्ता गराउनुपर्नेहरू) स्थायी लेखा नम्बर (PAN) बितरण गर्ने । यस्तो स्थायी लेखा नम्बर प्राप्त गर्ने करदाताहरूलाई नयां ढांचाको आयकर दर्ता प्रमाणपत्र समेत दिइनेछ ।

स्थायी लेखा नम्बर (PAN) प्राप्त गरेका करदाताहरूबाट साविकको आयकर दर्ता प्रमाणपत्र फिर्ता दिइनेछ । स्थायी लेखा नम्बर प्राप्त नगरी सकेका करदाताहरूले साविककै आयकर दर्ता प्रमाणपत्र प्रयोग गर्नेछन् ।

आयकर ऐन, आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ तथा अन्य प्रचलित कानून बमोजिम आयकर दर्ता प्रमाणपत्र पेश गर्नुपर्ने व्यक्तिहरूमध्ये साविक आयकर दर्ता प्रमाणपत्र नम्बरको सट्टा स्थायी लेखा नम्बर प्राप्त गर्ने व्यक्तिबाट सोही स्थायी लेखा नम्बर अंकित परिचयपत्र (PAN- Card) वा नयां ढांचाको आयकर दर्ता प्रमाणपत्र पेश

गर्न लगाउने । यस्तो स्थायी लेखा नम्बर प्राप्त नगरेका व्यक्तिहरूबाट साविकको आयकर दर्ता प्रमाणपत्र पेश गर्न लगाउने ।

<u>**संलग्न**</u> :

PAN Card को नमूना

नयां ढांचाको आयकर दर्ता प्रमाणपत्रको नमूना

<u>**बोधार्थ**</u> :

श्री अर्थ मन्त्रालय, राजस्व महाशाखा ।

श्री ५ को सरकार
अर्थ मन्त्रालय,
कर विभाग
काठमाण्डौं करदाता सेवाकेन्द्र, बबरमहल
आयकर दर्ता प्रमाणपत्र
स्थायी लेखा नम्बर

स्थायी लेखा नम्बर | | | | | | | | | |

मिति :

| साल | | | | महिना | | गते | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | |

आयकर ऐन, २०३१ को दफा ५.क. अनुसार देहायका करदाताहरूलाई यस काठमाण्डौं करदाता सेवाकेन्द्रमा दर्ता गरी यो प्रमाणपत्र प्रदान गरिएको छ ।

करदाताको नाम :

ठेगाना

करदाताको प्रकार :

एकलौटी फर्मको नाम :

शाखा कार्यालयहरू:

व्यवसायिक क्रियाकलाप :

करदाताको दस्तखत :

कर अधिकृतको दस्तखत :

<u>**नवीकरणको व्यहोरा**</u>

| नवीकरण मिति | आ.व. | नवीकरणको अवधि | नवीकरण गर्ने अधिकृतको दस्तखत र छाप |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |

<u>**द्रष्टब्य**</u> : यो प्रमाणपत्रलाई कारोवार स्थल वा कार्यालयमा सबैले देख्नेगरी राख्नुपर्दछ ।

**स्थायी लेखा नम्बर (PAN Card) को नमूना यस प्रकारको छ ।**

| Front Side | Back Side |
|---|---|
| अर्थ मन्त्रालय<br>कर विभाग<br>स्थायी लेखा नम्बर परिचय पत्र<br>PAN CARD<br><br>स्थायी लेखा नम्बर<br>एब्ल जारी गरेको मिति<br>करदाताको नाम<br>प्रमुख कर अधिकृत | ____________________<br>करदाताको खस्तखत:<br><br>यो कार्ड कसैले पाउनु भएमा नजिकक्को कर कार्यालयमा बुझाईदिनु होला |

**९. बिषय : <u>आय निर्धारण समिति गठन भएको</u> ।** मिति: २०५६।९।२०

श्री ५ को सरकारको मिति २०५६/९/२ को निर्णयानुसार आयकर दर्ता प्रमाणपत्र लिई नसकेका तथा प्रमाणपत्र लिएता पनि आफ्नो आ.व.२०५१/५२ र सोभन्दा अघिका आ.व. हरूदेखिको आय बिवरण पेश नगरेका करदाताहरूको कर निर्धारण गर्ने प्रयोजनको लागि ती करदाताहरूको खूद आय निर्धारण गराउन देहाय बमोजिम अधिकार प्रयोग गर्ने गरी २०५७ आषाढ मसान्तसम्मको लागि आय निर्धारण समिति गठन भएको व्यहोरा अनुरोध गर्दछु ।

**<u>आय निर्धारण समितिको अधिकार</u>**

(क) आयकर ऐन, २०३१ अनुसार कर अधिकृतलाई भएको अधिकार ।

(ख) आयकर ऐन, २०३१ को दफा १७(क) अन्तर्गतको साना करदाताको कर निर्धारण गर्ने अधिकार ।

(ग) आयकर ऐन, २०३१ को दफा ५९(३) अनुसार कर महानिर्देशकलाई भएको अधिकार ।

(घ) आयकर ऐन, २०३१ को दफा ५६ को खान तलासी गर्ने अधिकार ।

(ङ) आयकर ऐन, २०३१ को दफा ३७(३) अनुसार करअधिकृतलाई भएको अधिकार ।

(च) कर कार्यालयहरूबाट संचालन भएको करदाता सर्भेक्षण कार्यको अनुगमन गर्ने र सर्भेक्षण कार्यको प्रगति बिवरण प्रत्येक महिनाको १५/१५ दिनमा कर विभागमा पठाउने ।

(छ) घरजग्गा बहाल कर ऐन, २०३३ को दफा ६, ७ र ८ को प्रक्रिया अनुसार बजारको मूल्यको आधारमा वा भिन्न भिन्न दरमा घरजग्गा बहाल कर निर्धारण गर्ने ।

१०. **बिषय : <u>सुरक्षाको प्रवन्ध गर्ने बारे</u> ।** मितिः २०५७।१०।१९

श्री कर कार्यालय,
सबै ।

वर्तमान समयमा सुरक्षा व्यवस्थालाई अफ भरपर्दो र प्रभावकारी बनाउन आवश्यक देखिएको हुंदा सो को लागि निम्न बमोजिमको व्यवस्था मिलाउन निर्देशानुसार अनुरोध गर्दछु भनी अर्थ मन्त्रालय कर्मचारी प्रशासन शाखाको पत्र संख्या क.प्र. १६ (परिपत्र) ०५६/५७ च.नं. ७३० मिति २०५६/१०/१० को पत्रबाट लेखि आएको हुंदा निम्न बमोजिमको व्यवस्था मिलाउनु हुन निर्देशानुसार अनुरोध गर्दछु ।

१. कार्यालयसंग सम्पर्कमा आउने व्यक्तिसंग सोधपुछ गरी निजको परिचय पत्र हेरेर मात्र कार्यालयभित्र प्रवेश गर्न दिने र निगरानी राख्ने । निजहरूले आफ्नो साथमा ल्याएको झोला पोका जस्ता सामानहरू चेकजांच गरी मूलढोकामा राख्ने व्यवस्था मिलाउने । यस्ता सामानहरू कार्यालयभित्र लैजान नपाउने व्यवस्था गर्ने ।
२. कार्यालयमा पालो पहराको समूचित व्यवस्था मिलाउने ।
३. सुरक्षा सम्बन्धी निकायको सम्पर्कमा रहने तथा सुरक्षा अधिकारीले सुरक्षा सम्बन्धी बैठकमा बोलाएका बखत अनिवार्य रूपमा उपस्थित हुने ।

११. **बिषय : <u>परिपत्र बारे</u> ।** मितिः २०५७।१०।२१

उपर्युक्त बिषयमा सबै मन्त्रालय र मन्त्रालय अन्तर्गतका विभाग तथा कार्यालयहरूमा पालो पहराको व्यवस्था साविकदेखि हुंदै आएको हो । यस्तो व्यवस्था भएको तर पालो पहरामा खटिएको सबै कार्यालयका सबै कर्मचारीहरू सक्रिय रूपले नरहेको जानकारी प्राप्त हुन आएकोले निम्न व्यवस्था हुनको लागि यो अनुरोध पत्र लेख्ने काम गरेको छु भनी श्री गृह मन्त्रालय सूचना तथा समन्वय शाखाको प.सं.सु.सं. २०५६/५७ च.नं. २०५५ मिति ०५६/१०/६/५ को अ.ज. गोप्य पत्र प्राप्त हुन आएकोले तपसिल बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध गर्दछु भनी अर्थ मन्त्रालय कर्मचारी प्रशासन शाखाको प.सं.क.प्र. ०६/२०५६/५७ च.नं. ७४० मिति २०५६/१०/१२ को पत्रबाट लेखि आएको हुंदा तपसिल बमोजिम गर्नु गराउनु हुन अनुरोध गर्दछु ।

१. पालो पहरा व्यवस्थालाई सम्बन्धित ईकाईका प्रमुखबाट भरपाई बनाई राख्न निर्देशन हुनुपर्ने ।

२. पालो पहरामा खटिएका कर्मचारीले काबु बाहिरको परिस्थिति आइपरेमा वा आइपर्ने सम्भावना बुझिएमा निजको प्रहरी ईकाई कुन हो पालो पहरामा बस्ने कर्मचारीलाई ज्ञान भईराख्न निर्देशन हुनुपर्ने ।
३. पालो पहरामा रहेका कर्मचारीले मागेको मद्दत तत्काल पुऱ्याउन प्रहरी ईकाईलाई निर्देशन भैसकेको हुंदा काठमाण्डौं जिल्लाको हकमा फोन नं. ४१२७८०, ४११५६९, ४१९८२९ प्रहरी प्रधान कार्यालय फोन नं. १००, १०१ प्रहरी नियन्त्रण कक्ष अन्य जिल्लाको हकमा सम्बन्धित प्र.जि.अ. बाट कार्यालय प्रमुखले प्राप्त गर्न सक्ने हुंदा सम्बन्धित कार्यालय प्रमुखलाई सम्पर्क गर्न निर्देशन हुनुपर्ने ।
४. मन्त्रालय र मन्त्रालय अन्तर्गतका केन्द्रीयस्तरका निकायहरूमा अनुमति बिना प्रवेश गर्न नदिने व्यवस्था हुनुपर्ने ।
५. त्यहां मन्त्रालय अन्तर्गतका समिति, संस्थान तथा अन्य ईकाई भएमा त्यहांपनि उपरोक्त व्यवस्था लागू गर्न निर्देशन दिनुपर्ने ।
६. स्थानीय तहका कार्यालयहरूको भवनभित्र प्रवेश गर्नेहरूको झोला, लठ्ठी, जस्ता कुराहरू बाहिर नै राख्न लगाउनु पर्ने आवश्यकता अनुसारका जांच गर्ने व्यवस्था अवलम्बन गर्नुपर्ने ।

१२. बिषय : <u>धर बिदा सम्बन्धी परिपत्र बारे</u> । मिति :२०५६।१०।२५

उपर्युक्त बिषयमा निजामती सेवा नियमावली, २०५० मा २०५६।४।२७ देखि लागू हुने गरी दोश्रो संशोधन भई साविकमा १५० दिनसम्म मात्र घरबिदा संचित हुने व्यवस्थाको सट्टा १८० दिन घर बिदा संचित हुने व्यवस्था भएको सन्दर्भमा २०५५ चैत्र मसान्तसम्म १५० दिन घर बिदा संचित भैसकेको कर्मचारीहरूको २०५६।४।२६ सम्मको विचको अवधिको घरविदा गणना गर्ने सम्बन्धमा कारवाही हुंदा संशोधित नियमावली प्रारम्भ भएको मितिबाट लागू हुने देखिंदा कुनै निजामती कर्मचारीको घरबिदा मिति २०५६/४/२७ भन्दा अघि १५० दिनभन्दा बढी संचित नहुंने हुंदा सेवारत कर्मचारीको घरबिदा २०५६/४/२७ देखि नियम ५७ को उपनियम (१) बमोजिम काम गरेको बाह्र दिनको एक दिनको दरले हिसावले आउने घरविदा मात्र थप संचित हुने व्यहोरा मिति २०५६/१०/५ को निर्णयानुसार अनुरोध गरिन्छ भनी श्री सामान्य प्रशासन मन्त्रालयको प.सं. २(नियम) १०/०५६/५७ मिति २०५६/१०/७ को पत्रबाट लेखि आएको हुंदा सोही बमोजिम गर्न गराउनु हुन अनुरोध गर्दछु भनी अर्थमन्त्रालय कर्मचारी प्रशासन शाखाको प.सं. क.प्र. १६ ( विविध) २०५६/५७ च.नं. ७६७ मिति २०५६/१०/१८ को पत्रबाट लेखि आएको हुंदा उपरोक्त बमोजिम गर्नु गराउनु हुन अनुरोध छ ।

१३. बिषय : <u>शान्ति सुरक्षा बारेको परिपत्र</u> । मितिः २०५६।११।९

उपर्युक्त बिषयमा गृह मन्त्रालयको प.सं.सु.स. ०५६/५७ च.नं. २३९० मिति २०५६/१०/२६ को पत्रबाट श्री ५ को सरकार (मन्त्रिपरिषद्) बाट मिति २०५६/१०/२४ मा भएको देहाय बमोजिमको निर्णयको प्रभावकारी कार्यान्वयनका लागि त्यहांबाटै सबै मन्त्रालयहरूलाई जानकारी गराई मन्त्रालयहरू अन्तर्गतका जिल्लास्थित कार्यालयहरूलाई निर्देशन दिने व्यवस्था हुन आदेशानुसार अनुरोध गर्दछु भनी मन्त्रिपरिषद् सचिवालयको प.सं. श.सा. ५०९/०५६ मिति ०५६/१२/२ को पत्रबाट लेखि आएको हुंदा सोही अनुसार गर्न गराउनु हुन अनुरोध गर्दछु भनी अर्थ मन्त्रालय (क.प्र. श.सा.) को प.सं १६/०५६/५७ च.नं ८३० मिति २०५६/११/६ को पत्रबाट लेखि आएको हुंदा सोही अनुसार गर्नु गराउनु हुन अनुरोध गर्दछु ।

"देशको शान्ति सुरक्षाको स्थितिलाई दृष्टिगत गरी अधिराज्यभरका सबै जिल्लास्थित सरकारी कार्यालयहरू तथा श्री ५ को सरकारको आर्थिक दायित्वमा संचालित निकायहरूमा कार्यरत कर्मचारीहरू (न्याय सेवा अन्तर्गत बाहेक) ले कुनै पनि कारणवस जिल्ला छोड्नु पर्दा प्रमुख जिल्ला अधिकारीको स्वीकृति लिने र जिल्लाभित्र शान्तिसुरक्षा कायम गर्ने सन्दर्भमा जिल्ला प्रशासन कार्यालयले मागेको सहयोग उपलव्ध गराउने ।"

१४. बिषय : <u>पियनको योग्यता बारे</u> । मितिः २०५६।११।९

श्रेणी विहिन पियन वा सो सरहको पदपूर्ति गर्दा हालसम्म अन्तर्वार्ताको माध्यमबाट मात्र छनौट गरिने परम्परा रही आएकोमा पदपूर्ति कार्य बढी स्वतन्त्र एवं निश्पक्ष रूपबाट होस भन्ने उद्देश्य अनुरूप निम्न बमोजिम गर्ने गरी आयोगको निर्णय नं. १३१/०५६/५७ मिति २०५६/१०/७ मा निर्णय भएकोले सो अनुसार गर्नु गराउनु हुन अनुरोध छ भनी लोकसेवा आयोग, अन्तर्वार्ता तथा सिफारिश शाखाबाट लेखि आएको हुंदा तपसिल बमोजिम गर्नु गराउनु हुन आदेशानुसार अनुरोध गर्दछु भनी अर्थ मन्त्रालय, कर्मचारी प्रशासन शाखाको प.सं. १६/०५६/५७ च.नं. ८२२ मिति २०५६/११/५ को पत्रबाट लेखि आएको हुंदा तपसिल बमोजिम गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध गर्दछु ।

<u>तपसिल</u>

पियन पदपूर्ति गर्दा तोकिएको न्यूनतम शैक्षिक योग्यता कक्षा ५ वा सो सरहलाई निम्न बिषयमा बिषयगत र वस्तुगत प्रश्न दिई लिखित परीक्षा लिई प्रारम्भिक छनौट गर्ने व्यवस्था गर्ने ।

**समय** : ४५ मिनेट

**अंक भार** :

(क) लेखाई ५/७ हरफको कुनै गद्यांश दिई सार्नलगाउने, नेपाली भाषामा साधारण निवेदन लेख्न लगाउने । .... १५

(ख) गणित १ देखि १००० भित्रका अंकहरूलाई अक्षरमा लेख्न र अक्षरलाई अंकमा लेख्न र साधारण जोड/घटाउ गर्न लगाउने .... १५

(ग) सम्बन्धित पदले गर्नुपर्ने कार्यको सामान्य जानकारी बारेमा १० वटा वस्तुगत प्रश्न सोध्ने .... २०

(घ) अन्तर्वार्ताको अंकभार ५० कायम गरी ८० प्रतिशत भन्दा बढी र २० प्रतिशत भन्दा कम अंक दिनुपर्ने भएमा पुष्ट्याई दिनुपर्नेछ ।

**१५. बिषय : परिपत्र सम्बन्धमा ।** मितिः २०५६।११।२६

यस विभागको प.सं. २०५६/५७ च.नं. ६५७ मिति २०५६/११/९ को पत्रद्वारा पियन पदको योग्यता सम्बन्धी परिपत्र प्राप्त गर्नु भएकै होला । सो परिपत्रको तपसिल महलहरू निम्न बमोजिम हुनु पर्नेमा छुट्न गएकोले सो समेत समावेश गरी पढ्नु हुन अनुरोध गर्दछु ।

**तपसिल**

पियन पदपूर्ति गर्दा तोकिएको न्यूनतम शैक्षिक योग्यता कक्षा ५ वा सो सरहलाई निम्न बिषयमा बिषयगत र वस्तुगत प्रश्न दिई लिखित परीक्षा लिई प्रारम्भिक छनौट गर्ने व्यवस्था गर्ने ।

**समय** : ४५ मिनेट

**अंक भार** :

(क) लेखाई ५/७ हरफको कुनै गद्यांश दिई सार्न लगाउने, नेपाली भाषामा साधारण निवेदन लेख्न लगाउने । ....... १५

(ख) गणित १ देखि १००० भित्रका अंकहरूलाई अक्षरमा लेख्न र अक्षरलाई अंकमा लेख्न र साधारण जोड/घटाउ गर्न लगाउने । ........१५

(ग) सम्बन्धित पदले गर्नुपर्ने कार्यको सामान्य जानकारी बारेमा १० वटा वस्तुगत प्रश्न सोध्ने .......२०

(घ) अन्तर्वार्ताको अंकभार ५० कायम गरी ८० प्रतिशत भन्दा बढी र २० प्रतिशत भन्दा कम अंक दिनुपर्ने भएमा पुष्ट्याई दिनुपर्नेछ ।

**१६. बिषय : बैठकको निर्णयको प्रतिलिपि पठाएको ।** मितिः २०५६।१२।१७

०स विभागमा विभिन्न मितिमा बसेको स्टाफ बैठकको निर्णयको फोटोकपी जानकारी एवं आवश्यक कारवाहीको लागि यसैसाथ पठाइएको व्यहोरा अनुरोध गरिन्छ ।

**<u>मिति २०५६।९।७ मा बसेको बैठकको निर्णय</u>**

कर प्रशासनले चालु आ.व. मा सम्पन्न गर्नुपर्ने विभिन्न कार्यहरूका सम्बन्धमा बिगत पांच महिनामा कर कार्यालयहरूबाट भएका समग्र क्रियाकलापको निरीक्षण/अनुगमन गर्दा कतिपय कुराहरूमा आगामी दिनमा (यसै महिना देखि) अझ थप प्रयास गर्नुपर्ने देखिएकोले निम्नानुसारका कार्यहरूलाई प्राथमिकता दिई वार्षिक लक्ष्य पूरा गर्ने गरी कार्य संचालन गर्ने निर्णय गरियो ।

१. पुराना र नयां बिवरणहरूलाई ऐन/नियममा भएका व्यवस्था अनुसार कार्यक्रम तयार गरी फछ्र्यौट गर्ने । विभागबाट वार्षिक कार्यक्रम ०५६ चैत्र सम्मको पठाई सकिएको छ ।
२. २०५६ पौष (अर्ध वार्षिक) सम्मको लक्ष्य अनिवार्य रूपमा पूरा गर्ने र साबिक महिनामा लक्ष नपुगेका कार्यालयहरूले सो समेत पूरा गर्ने ।
३. अग्रिम कर असूली (किस्ताबन्दी समेत) बक्यौता कर असूलीलाई कार्यान्वयन गर्न प्राथमिकता दिने ।
४. राजस्व बेरूजु फछ्र्यौटका सम्बन्धमा विभागबाट समय समयमा भएको परिपत्रलाई मनन् गरी लक्ष हासिल गर्ने । सो कामको लागि कार्यालय प्रमुखले एक छुट्टै अधिकृतलाई जिम्मेवारी दिई अनुगमन गर्ने ।
५. कार्यालयमा रहनु पर्ने अभिलेखहरू व्यवस्थित गरी राख्ने । जस्तै : बक्यौता (आय बिवरण र आयकर समेत), अग्रिम कर कट्टी, बेरूजु, पुनरावेदन आदि । यस्ता कार्यमा उपत्यकाका कार्यालयले अग्रणी भूमिका निभाउने ।
६. हालै गठन भएको आय निर्धारण समितिबाट बढीभन्दा बढी करदातालाई करको दायरामा ल्याउन बक्यौता कर असूल गर्न र अटेर गर्ने करदातालाई आय बिवरण संकलन गर्न समेत आवश्यक सहयोग लिने । सर्भेक्षण कार्यलाई पनि बढी प्रभावकारी बनाउने ।
७. कम्प्युटर रहेका कार्यालयले सो को पूरा सदूपयोग गर्ने र यसमा थप सुधारको आवश्यकता देखिएमा सोको सुधार गर्न निर्देशन, अनुगमन गर्न कम्प्युटर इन्जिनियरले सहयोग प्रदान गर्ने ।
८. विभागबाट विभिन्न बिषयका सम्बन्धमा माग गरिएका सूचना, जानकारी, बिवरण आदि तोकिएको अवधिभित्र प्राप्त हुने व्यवस्था गर्ने/गराउने ।
९. उपरोक्त निर्णयको जानकारी अन्य कर कार्यालयहरूलाई पनि गराउने ।

**<u>मिति २०५६।११।६ मा बसेको बैठकको निर्णयहरू</u> :**

१. २०५६ माघ महिनासम्मको राजस्व संकलनको लक्ष तथा प्रगतिको समग्ररूपमा समीक्षा गरिदा केही कार्यालयको प्रगति लक्ष अनुसार हुन नसकेको देखिंदा लक्ष अनुसार प्रगति हासिल गर्न सक्ने कार्यालयले हालसम्मको लक्ष समेत पूरा गरी आगामी दिनमा तोकिएको लक्ष्य समेत पूरा गर्ने गरी कार्यहरू संचालन गर्ने । यसको लागि निम्नानुसारका कार्यहरूलाई प्राथमिकता दिई संचालन गर्ने ।

(क) कर निर्धारण भई लागेको कर रकम समयमा संकलन हुन नसकेकोले हाल कार्यालयमा रहेको बक्यौता मध्ये निवेदन वा पुनरावेदनमा रहेका करदाताहरूको बक्यौता बाहेक अन्य बक्यौता असूल गर्नेतर्फ कार्यालय प्रमुख आफैले अग्रसरता लिई आवश्यक कारवाही तत्काल शुरू गर्ने । विभागले पनि अनुगमन कार्य शुरू गर्ने ।

(ख) करको दायराभन्दा बाहिर रहेका करदातालाई करको दायरामा ल्याई आयकर लगायत अन्य कर संकलन गर्न समेत हाल संचालनमा रहेको करदाता सर्भेक्षणलाई उद्देश्यमूलक र कार्यमूलक बनाउने । प्रत्येक हप्ताको कार्यप्रगतिको जानकारी कार्यालय प्रमुखले लिने र विभागलाई पनि दिने । पहिले व्यापारिक क्षेत्रबाट शुरू गर्ने ।

(ग) ६ अवस्थामध्ये २ अवस्था पूरा गर्ने करदाताको पहिचान गरी कर असूल गर्ने ।

(घ) स्वेच्छिक घोषणा अनुसार साविकमा (गत वर्ष) कर तिर्नेहरूका बारेमा अध्ययन/अनुसन्धान र अनुगमन गरी कर दाखिला गराउने ।

(ङ) Unclaimed तथ्यांक (आयातको) छानविन गरी कारवाही गर्ने ।

२. Field Audit कार्यलाई व्यवस्थित बनाई कार्य गर्नुपर्ने भएमा पनि यसको प्रभाव तत्कालै राजस्व संकलनमा पर्ने भएकोले हाललाई सरकारी संस्थानबाट कार्यालयले आफ्नो आवश्यकता अनुसार क.नि. को लागि शुरू गर्दै जाने । अग्रिम कर कट्टा र दाखिलाको सम्बन्धमा पनि यस कार्यलाई अघि बढाउने ।

३. कार्यालयले सहयोगका लागि हाल संचालनमा रहेको विशेषज्ञ समितिको सेवा बढी भन्दा बढी मात्रामा लिने व्यवस्था मिलाउने र आवश्यकता परेको खण्डमा C.A. को सेवा पनि कार्यालयले लिई कर निर्धारणमा (हिसाव किताव छानविनमा) गुणस्तर बृद्धि गर्नेतर्फ विशेष ध्यान दिने ।

४. आय निर्धारण समितिले पनि अटेर गर्ने करदातालाई करको दायरामा ल्याउन, बिवरण संकलन गर्न, कर निर्धारण गर्न, बक्यौता कर असूल गर्न समेत सहयोग पुऱ्याउने भएकोले यस्ता बिवरणहरूमा कार्यालयहरूले बढी भन्दा बढी सहयोग लिने वातावरण तयार पारी समितिलाई अनुरोध गर्ने ।

५. कर संकलन हुने आय बिवरण र पुराना आय बिवरणलाई फछ्र्यौट गर्न प्राथमिकता दिने । तोकिएको म्यादभित्र फछ्र्यौट गर्ने ।
६. राजस्व बेरूजु फछ्र्यौटको प्रगति ज्यादै न्यून भएकोले कार्यालय प्रमुखले विशेष जिम्मेवारी लिई कार्य गर्ने र विशेष समितिमा फछ्र्यौटका लागि पठाउनु पर्नेलाई प्राथमिकता पनि दिने ।
७. विशेषज्ञ समिति र पुनरावलोकनबाट कार्यालयले आवश्यक कारवाही गर्न जानकारी/निर्णय भए अनुसार गएका कामहरूको कार्य प्रगति विभागमा नियमित रूपमा पठाउने ।
८. काठमाण्डौं करदाता सेवाकेन्द्रलाई उद्देश्यमूलक बनाई कार्य संचालन गर्न सबै कर कार्यालयले सहयोग गर्ने र केन्द्रले पनि कार्यालयलाई Helping Partner को रूपमा लिने ।
९. उपरोक्त बिषयका अतिरिक्त बैठकमा कार्यालयको सुरक्षा प्रवन्ध, बजेट निकासा, कर्मचारीको अपर्याप्तता, करदाता शिक्षा आदिका बारेमा पनि छलफल भई देखिएका समस्या निराकरण गर्ने सम्बन्धमा पनि छलफल गरिएको थियो ।

उपरोक्त व्यहोराको जानकारी सबै कर कार्यालयहरूलाई गराउने निर्णय समेत गरियो ।

**मिति २०५६।१२।१ मा बसेको बैठकको निर्णयहरू :**

१. करदाता र कर प्रशासनका वीचको सम्बन्धलाई सदा मर्यादित बनाई ऐन नियमको परिधिभित्र रही कार्यालयले आफ्नो दैनिक कामकाज संचालन गर्ने । यस्तो संवेदनशील बिषयहरूलाई सबै अधिकृत/कर्मचारीले मर्यादित ढंगले पालना समेत गर्ने ।
२. २०५६ चैत्र मसान्तभित्र चालु आ.व. को संभावित खुद आयमा तिर्नुपर्ने करको दोश्रो किस्ता असूल गर्न प्रथम प्राथमिकता दिने । सो को लागि पत्राचार र प्रचार प्रसार समेत विभाग र कार्यालयले समेत गर्ने ।
३. चालु आ.व. को प्रथम महिनासम्मको असूलीको लक्ष्य पूरा गर्न चाल्नु पर्ने कदमहरू तत्काल शुरू गर्ने । विगत महिना सम्मको लक्ष्य हासिल नगर्ने कार्यालयहरूले सो समेत पूरा गर्ने ।
४. घरबहाल/पारिश्रमिक कर लगायत अन्य अग्रिम करहरू असूल भएको छ छैन अनुगमन गरी असूल गर्ने । NGO/INGO's समेतको अनुगमन गरी असूल गर्ने ।
५. विभिन्न पेशा अपनाउने डाक्टर, इन्जिनियर, कानून व्यवसायी आदिलाई स्थायी लेखा नम्बर लिन लगाउने र यिनीहरूबाट लाग्ने कर समेत असूल गर्ने ।

६. राजस्व बेरूजुको प्रगति ज्यादै न्यून भएकोले तोकिएको लक्ष्य पूरा गर्न कार्यालय प्रमुख आफै लाग्नु पर्ने । लक्ष्य नपुगेमा र बेरूजु फछ्र्यौटको काम नभएमा का.स.मु. मा असर पर्न सक्ने र सजाय समेत हुने कुराको जानकारी समेत गरियो ।

**१७.** बिषयः **कर्मचारी गणना सम्बन्धमा** । मिति :२०५७।३।१९

प्रशासन सुधार समितिको निर्णयानुसार प्रशासन सुधार कार्ययोजना तयार गर्ने सिलसिलामा निजामती कर्मचारी गणना गर्न काठमाण्डौं उपत्यकामा त्यस मन्त्रालय/आयोग/सचिवालय/कार्यालय समेतका अधिकृत कर्मचारीलाई र अन्य जिल्लामा यस मन्त्रालयका अधिकृत समेतलाई गणना अधिकृत तोकी कर्मचारी गणनाको फाराम संकलन गर्ने जिम्मेवारी दिइएको तथा सोही अनुसार फाराम संकलन कार्य भइरहेको छ । सोही सिलसिलामा कतिपय कार्यालयहरूबाट फाराम भर्ने भराउने क्रममा केही समस्या देखिई धेरै संख्यामा फाराम संकलन हुन बांकी देखिएकोले त्यस निकाय र मातहतका काठमाण्डौं उपत्यकाका कार्यालयका सम्पूर्ण कर्मचारीहरूको बिवरण २०५७ ज्येष्ठ मसान्तभित्र र बांकी जिल्लाहरूको हकमा २०५७ आषाढको १५ गतेभित्र अनिवार्य रूपमा भर्ने भराउने व्यवस्थाका लागि आवश्यक पर्ने निर्देशन हुन अनुरोध गर्दछु । साथै सो सम्बन्धमा मातहत कार्यालयहरूबाट संलग्न अनुसारको ढांचामा काठमाण्डौं उपत्यकाको हकमा त्यहां तथा यस मन्त्रालयमा अन्य जिल्लाहरूको हकमा सम्बन्धित जिल्ला प्रशासन कार्यालयमा प्र.सु.नि.यो. तथा अनुगमन शाखाको पत्र संख्या ०५६/५७(२२७) यो मिति २०५७।२।६ को पत्रबाट लेखि आएकोले सो अनुसार गर्नु गराउनु हुन आदेशानुसार अनुरोध गर्दछु भनी अर्थ मन्त्रालय कर्मचारी प्रशासन शाखाको प.सं. क.प्र. १६/०५६/५७ च.नं. १७३६ मिति २०५७।३।१ को पत्रद्वारा लेखि आएको हुंदा उपरोक्त बमोजिम गर्नुहुन निर्देशानुसार अनुरोध गर्दछु ।

.......................... मन्त्रालय

जिल्ला :

२०५७ ........... महिना ............ गतेको प्रतिवेदन

| | | | | | | |
|---|---|---|---|---|---|---|
| १ | २ | ३ | ४ | ५ | ६ | ७ |

| क.सं. | स्वीकृत दरबन्दी संख्या | फाजिल/काजमा कार्यरत संख्या | रिक्त पद संख्या | फाराम भर्नुपर्ने संख्या (२+३-४) | फाराम भरी पठाइसकेको संख्या | भर्न बांकी फाराम संख्या (५-६) |
|---|---|---|---|---|---|---|
| | | | | | | |

द्रष्टव्य :महल नं. ७ मा उल्लेखित कर्मचारीहरूको बिवरण कार्यालयमा अद्यावधिक गरी राख्ने प्रतिवेदनमा उल्लेख गर्नु नपर्ने ।

**प्रतिवेदन गर्ने कार्यालय प्रमुखको**

दस्तखत :

मिति :

नाम :

## राजस्व बेरूजु शाखा

१. बिषय : **म.ले.प. बाट भएको लेखा परीक्षण बारे** । मिति : २०५६/४/२५

म.ले.प. को विभागबाट आ.व. ०५५/५६ मा त्यस कार्यालय अन्तर्गतका विभिन्न करदाताहरूको लेखापरीक्षण हुंदा उल्लेख गरिएका बिषयहरूमध्ये प्रष्ट हुन नसकेको र प्रमाण कायम भएकोले बिषयहरूलाई उक्त विभागले निकट भविष्यमा तयार गर्ने आफ्नो प्रतिवेदनमा समावेश गर्न सक्ने हुंदा तयस कार्यालयको सम्बन्धमा औंल्याइएका बिषयहरूमध्ये कर, जरिवाना, शुल्क आदि असूल उपर गर्नुपर्नेसंग त्यस्तो रकम असूर उपर गर्ने, प्रमाण पेश गर्नुपर्ने भएमा प्रमाण पेश गर्ने, स्पष्ट गरी जवाफ दिनु पर्ने भएमा स्पष्ट जवाफ दिने, सम्परीक्षण गराउनु पर्ने भएमा सो समेत गराउने आदि कामहरू यथाशीघ्र सम्पन्न गरी प्रतिवेदनमा समावेश नहुने व्यवस्था गर्नु/गराउनु हुन अनुरोध छ ।

२. बिषय : **बेरूजु फछ्र्यौट बारे** । मिति : २०५६।७..

आ.व. ०५४/५५ को राजस्व लेखा परीक्षणबाट औंल्याइएका बेरूजुहरूमध्ये तहांबाट पठाइएको प्रमाण/कागजातको आधारमा म.ले.प. को विभागबाट कुन कुन दफाको के

कति रकमको बेरूजु सम्परीक्षण भयो सो को जानकारी पठाउनु हुनको साथै सम्परीक्षण हुन बांकी रहेका दफाहरूका सन्दर्भमा के के प्रमाण पुगेन सो को जानकारी म.ले.प. को विभागसंग माग गरी आवश्यक कागजात सहित सम्परीक्षण गरिदिन पुनः जरूरी पत्र पठाई अर्थ मन्त्रालय, आ.प्र. महाशाखा र यस विभागलाई समेत जानकारी गराउनु हुन र सोभन्दा अगाडीको आ.व. हरूको बेरूजु फछ्र्यौट सम्बन्धमा पनि आवश्यक कारवाही गर्नु गराउनु हुन निदैशानुसार अनुरोध गरेकोछु ।

३. बिषय : **राजस्व बेरूजु सम्बन्धमा** । मिति : २०५६।८।१

श्री महालेखा परीक्षकको विभागबाट विभिन्न आ.व. मा लेखापरीक्षण भई असूली फछ्र्यौट गर्नुपर्ने भनी उल्लेख भएको राजस्व बेरूजुको विवरण र रकमहरूका सम्बन्धमा म.ले.प. को विभाग, अर्थ मन्त्रालय, कर विभाग र कार्यालयमा रहेको अभिलेखलाई यकिन गरी असूल फछ्र्यौट गर्ने सम्बन्धमा एकीकृत र परिमार्जन गरी राख्न बान्छनीय भएकोले यस विभागले आ.व. २०५१/५२ सम्मको लगत तयार गरेकोले सो लगत संलग्न छ । सो मा कुनै थपघट भए सो उल्लेख गर्नुका साथै फछ्र्यौट भएको महलमा सो कुरा जनाईदिनु होला । निम्नानुसारको बिवरण (आ.व. २०५२/५३ देखि २०५४/५५ सम्मको पूरा र सोभन्दा अघिको थप घटको समेत) २०५६ मार्ग मसान्तभित्र अनिवार्य रूपमा यस विभागमा उपलव्ध गराईदिनु हुन निर्देशानुसार अनुरोध छ । हालसम्म फछ्र्यौट हुन बांकी (आ.व. २०५५/५६ सम्म) रहेको बिवरण पठाउंदा प्रत्येक आ.व. को छुट्टाछुट्टै उल्लेख गरी पठाइदिनु होला ।

| आ.व. | सि.नं. | करदाताको नाम, ठेगाना | बेरूजुको छोटकरी बिवरण | बेरूजु रहेको रकम | कैफियत |
|---|---|---|---|---|---|
| | | | | | |

४. बिषय : **राजस्व बेरूजु फछ्र्यौट बारे** । मिति : २०५६।९।२६

उपरोक्त बिषयमा यस विभागबाट समय समयमा पठाएका पत्रहरू प्राप्त भएकै हुनुपर्दछ । (जसमा मुख्य रूपमा चालु आ.व. मा फछ्र्यौट गर्न बांकी बेरूजु मध्ये

पुरानो ३५ प्रतिशत र नयां (आ.व. ०५५/५६ मा म.ले.प. भएको) प्राय: सबै फछ्र्यौट गर्नुपर्ने भनी उल्लेख गरिएको र सो को लागि विभागले तयार गरेको कार्यक्रम अनुसार पनि कूल बेरूजुको ५० प्रतिशत २०५६ चैत्र सम्ममा फछ्र्यौट गर्नुपर्ने जानकारी मिति २०५६।७।३० को पत्रबाट समेत अवगत गराइ सकिएको देखिन्छ । तर हालसम्मको प्राप्त जानकारी अनुसार लक्ष्य बमोजिम बेरूजु फछ्र्यौट हुन नसकेकोले आगामी दिनमा तोकिएको लक्ष्य अनिवार्य रूपमा हासिल गर्नुपर्ने र प्रत्येक महिनाको प्रगति बिवरण अर्को महिनाको ७ गतेभित्र श्रीमान् सचिवज्यूसमक्ष प्रस्तुत गर्नुपर्ने भएकोले निम्नानुसारका कार्यहरू गर्नु/गराउनु होला । यस कार्यको लागि छुट्टै अधिकृत कर्मचारीलाई जिम्मेबारी दिई काम लगाउने र कार्यालय प्रमुख आफैले पनि प्राथमिकता दिई समयमै बेरूजु असूल/फछ्र्यौट भए नभएको अनुगमन गर्ने र सो को जानकारी समयमै विभागमा पठाइसक्नु पर्नेछ ।

(क) २०५६ माघ महिनादेखिको कार्य योजना तयार गरी तीनदिनभित्र विभागमा पठाउने ।

(ख) फछ्र्यौट गर्ने बेरूजु (ठूला बेरूजु) को बिवरण सहित प्रतिशत खुलाउने ।

(ग) पुन: कर निर्धारण गर्नुपर्ने भएमा बिवरणहरू तयार गरी कार्वाही गर्ने ।

(घ) असूल उपर गर्नुपर्नेमा कानून बमोजिम कारवाही गरी असूलउपर गर्ने र थपप्रमाण जुटाई सम्परीक्षण गराउनु पर्नेमा प्रमाणजुटाई सम्परीक्षण गराउने ।

(ङ) मासिक प्रगति बिवरण ५ गतेभित्र अनिवार्य रूपमा विभागमा पठाउने ।

उपरोक्त बमोजिमको काम कारवाही समयमा सम्पन्न नभएमा कार्यालय प्रमुखले जवाफदेही लिनुपर्ने र जरिवाना समेत व्यहोर्नुपर्ने हुंदा सोलाई समेत दृष्टिगत गरी समयमै काम सम्पन्न गर्नु/गराउनु हुन स्मरण गराएको छु ।

५. बिषय : **<u>बेरूजु फछ्र्यौट सम्बन्धमा</u>** ।    मिति : २०५६।१२।२

अर्थ मन्त्रालय, आ.प्र. महाशाखा को प.सं. ०५६/५७ च.नं. ४६६ मिति २०५६।११।१९ र प.सं. ०५६/५७ च.नं. ४७७ मिति ०५६/११/२५ को पत्रानुसार चालु आ.व. मा मं.प. बाट तोकिएको बेरूजु फछ्र्यौटको लक्ष्य पूरा गर्नुपर्ने कुरा पुन: लेखि आएको र हालसम्मको त्यस कार्यालयको प्रगति ज्यादै न्यून भएको देखिंदा तदारूकताका साथ आवश्यक प्रमाणजुटाई रकम असूलगरी बेरूजु फछ्र्यौटको लक्ष्य पूरा गर्नु गराउनु होला । तोकिएको लक्ष्य वा प्रगति पुर्‍याउन नसकेको खण्डमा कार्यालय प्रमुख लगायत सम्बन्धित कर्मचारीको का.स.मु. मा असर पर्नसक्ने र बेरूजु

फछ्र्यौट नगर्ने कार्यालयहरू माथि आर्थिक कार्यविधि ऐन, २०५५ मा उल्लेख भएको सजाय हुन सक्ने व्यहोरा समेत आदेशानुसार जानकारीको लागि अनुरोध छ ।

माथि, बेरूजु फछ्र्यौट मुल्यांकन तथा अनुगमन समितिको मिति २०५६।११।१९ को पत्रमा उल्लेख भए अनुसारको कार्य समेत साथसाथै गर्दै लैजानु पर्ने हुंदा उक्त पत्रको छायांप्रति पनि संलग्न गरिएको छ । लेखिए अनुसारको प्रक्रिया पूरा गरी बेरूजु फछ्र्यौट गर्नु गराउनु भई प्रत्येक महिनाको फछ्र्यौट अनिवार्य रूपमा पठाउनु हुन समेत अनुरोध गर्दछु ।

६. बिषय : **<u>म्यादभित्र काम सम्पन्न गर्ने बारे</u>** । मिति :२०५६।१२।२

विभिन्न कर कार्यालयहरूबाट भएको निर्णयमा चित्त नबुझाई विभिन्न न्यायिक निकायहरूमा करदाताहरू निवेदन/पुनरावेदनमा जान सक्ने र न्यायिक निकायहरूबाट भएको निर्णय धेरै लामो सयम पछि मात्र कार्यालयमा आएको कारणले गर्दा कर प्रशासनको विपक्षमा भएको फैसला उपर समयमा माथिल्लो तहमा पुनरावेदनमा जान नसक्दा वा अनुमति प्राप्त नहुंदा राजस्व संकलनमा प्रतिकूल असर पर्न जाने भएकोले कार्यालयले आफ्नो मातहतका कुन कुन करदाता कुन कुन निकायमा निवदेन/पुनरावेदनमा गएका छन् भन्ने कुराको अभिलेख अद्यावधिक गराई राख्ने र भएका निर्णय/फैसलाका सम्बन्धमा कार्यालयले नियमित अनुगमन गरी समयमै प्राप्त हुने व्यवस्था गरी आवश्यक कारवाही पनि समयमै गर्नु गराउनु हुन मिति २०५६।१०।३० को निर्णयानुसार अनुरोध छ ।

७. बिषय : **<u>राजस्व बेरूजु बारे</u>** । मिति : २०५६।१२।१८

श्री कार्यालय प्रमुख,

कर कार्यालय, क्षेत्र नं. क्षेत्र नं. १,२,३,४,६,७, ललितपुर, धरान, राजविराज, तनहुं, नवलपरासी, पोखरा, भद्रपुर, भैरहवा, हेटौंडा, जनकपुर, बिराटनगर र बीरगंज ।

त्यस कार्यालयको विभिन्न आ.व. को महालेखा परीक्षकको विभागबाट लेखा परीक्षण हुंदा औल्याइएका बेरूजुहरूमध्ये केही ठूला रकमहरू उदाहरणका लागि संलग्न गरिएको छ । यस्ता खालका बेरूजु फछ्र्यौट गर्ने क्रममा त्यहाबाट के के कारवाही भएको छ सो को जानकारी उपलव्ध गराउनु हुनको साथै यस्ता बेरूजुहरू लगायत अन्य बेरूजुहरूको फछ्र्यौट गर्ने कार्यको लागि माग भए अनुसारको थप प्रमाण वा

कागजात म.ले.प. को विभागमा यथाशीघ्र पठाई यस विभागलाई समेत जानकारी गराइदिनु होला ।

यस प्रकारका बेरूजुहरूलाई प्राथमिकता दिई विभिन्न समयमा भएका परिपत्र/निदेशन अनुरूपको कार्य गरी फछ्र्यौट गर्न/गराउन सकेमा कार्यालयको लक्ष्य पनि हासिल हुने र विभागको समग्र बेरूजुको रकममा समेत कमी आउने हुंदा त्यसतर्फ कार्यालय प्रमुख स्वयं जिम्मेवार भई काम गर्नुहुन अनुरोध गरेको छु ।

८. बिषय : **कार्यालयको दैनिक कामकाज संचालन बारे** । मिति :२०५७।२।२

कार्यालयको दैनिक कामकाजमा एकरूपता ल्याई सरल र व्यवस्थित तरिकाले संचालन गर्ने सम्बन्धमा यस विभागले समय समयमा विभिन्न प्रकारका निर्देशनहरू दिने गरेको व्यहोरा अवगत भएकै हुनुपर्दछ ।

हाल पनि केही कार्यालयहरूमा, कार्यालयमा प्राप्त चिठ्ठीपत्रको साथै पुनरावेदन तहबाट प्राप्त निर्णय फाइलहरूको अभिलेख राख्ने (दर्ता/चलानी जस्ता) बिषयहरू पनि प्रभावकारी र व्यवस्थित हुन नसकेको देखिन आएको कारणबाट माथिल्लो तहमा जानुपर्ने पुनरावेदन समेत समयमै हुन नसकी राजस्व असूलीमा समेत प्रभाव पर्न जान सक्ने भएकोले यस कुराको सुधार गर्ने सिलसिलामा भैरहेको नीति निर्देशनलाई ध्यानमा राखी आइन्दा यस्तो हुन नदिनेतर्फ सबै कार्यालयरूलाई ध्यानाकर्षण गराउने भनी २०५७।०१।२७ मा निर्णय भएकोले जानकारी एवं आवश्यक कार्यार्थ अनुरोध गरेको छु ।

## परामर्श शाखा

१. बिषय : **अग्रिम आयकर कट्टा गर्ने बारे** ।

श्री १ नं. क्षेत्र कर कार्यालय, गौशाला ।
श्री २ नं. क्षेत्र कर कार्यालय, बबरमहल ।
श्री ३ नं. क्षेत्र कर कार्यालय, बबरमहल ।
श्री ४ नं. क्षेत्र कर कार्यालय, कुलेश्वर ।
श्री ५ नं. क्षेत्र कर कार्यालय, कुलेश्वर ।
श्री ६ नं. क्षेत्र कर कार्यालय, महाराजगंज ।
श्री ७ नं. क्षेत्र कर कार्यालय, बांसबारी ।
श्री कर कार्यालय, ललितपुर ।
श्री कर कार्यालय, भक्तपुर ।

उपर्युक्त बिषयमा शाही नेपाल वायुसेवा निगम तथा अन्य डोमेष्टिक एयरलाइन्सहरू र विदेशी कम्पनीहरू वीच हवाईजहाज तथा हेलिकेप्टर Prolongation(मर्मतसंभार समेत) सम्वन्धी भएको संझौता अनुसार विदेशी प्राविधिकहरू झिकाई नेपालमै बिमानहरू मर्मत गराई विदेशमा भुक्तानी पठाउंदा अग्रिम कर कट्टा गर्ने सम्वन्धमा प.सं. ०५६/५७-६९ च.नं. १३१ मिति २०५६।८।२९ को पत्रबाट परिपत्र भैसकेको छ । यसै सम्वन्धमा अर्थ मन्त्रालय (राजस्व महाशाखा) को प.सं. रा.टि.फा. ८१-०५७/५८ च.नं. १९० मिति ०५६।५।५ को प्राप्त पत्रको छायांप्रति यसैसाथ संलग्न गरी मिति ०५६।५।१२ को निर्णयानुसार पठाइएको व्यहोरा अनुरोध छ ।

**बोधार्थ** :
श्री अर्थ मन्त्रालय,
राजस्व महाशाखा ।

२. बिषय : **भत्ता सम्बन्धमा** । मिति :२०५६/४/२

उपर्युक्त बिषयमा श्री ५ को सरकारले आयकर ऐन, २०३१ (सं.स.) को दफा ४२(३) ले दिएको अधिकार प्रयोग गरी शाही नेपाल वायुसेवा नियमका पाइलटहरूले पाउने उडानभत्ता (Flying Allowance ) बापतको रकममा आ.व. ०३९/४० देखि आयकर

नलाग्ने गरी छुट दिएको छ भनी असोज ११, २०३९ को राजपत्रमा सूचना प्रकाशित भएको हुनाले सोही सूचना अनुसार यस लिमिटेडका बिमान चालकहरूले प्राप्त गरेको Flying Allownace को रकममा पनि आयकर नलाग्ने हुनाले उडानभत्ता रकममा आयकर तिर्नु नपर्ने भन्ने नेकोन एयर लि. को जिकीर भएको हुनाले उक्त सूचना अनुसार नेकोन एयरका वा अन्य एयरलाइन्स समेतका बिमान चालकहरूले प्राप्त गरेको उडान भत्ता रकममा आयकर लाग्ने/नलाग्ने भनी २ नं. क्षेत्र कर कार्यालयबाट सोधनी भई आएको सम्बन्धमा आर्थिक ऐन, २०५४ को अनुसूची-७ को दफा ४२ को अन्तिम हरफमा "अन्य खर्च मिन्हा दिइने छैन" भन्ने उल्लेख भएको तथा आर्थिक ऐन, २०५५ को अनुसूची-६ को दफा ७ को हरफ ७ मा "श्री ५ को सरकारले दिई आएको कर छुटहरू तथा अन्य कुनै पनि खर्चहरू पारिश्रमिक आयकरको खुद आय निर्धारण गर्दा मिन्हा दिइने छैन" भन्ने उल्लेख भएकोले आर्थिक ऐन, २०५४ को व्यवस्थाले नै शाही नेपाल वायुसेवा निगमका पाइलटहरू समेतको उडान भत्तामा आयकर छुट दिन नमिल्ने व्यहोरा मिति २०५६।३।१० को निर्णयानुसार जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

३. बिषय : **<u>परिपत्र</u>** मिति :२०५६/४/१४

उपर्युक्त सम्बन्धमा आर्थिक विधेयक, २०५६ को दफा ३३ प्रयोग गरी र हाललाई सामयिक कर असूल ऐन, २०१२ को अधिकार समेत प्रयोग गरी आर्थिक विधेयक, २०५६ को अनुसूची ६ को दफा ११ कार्यान्वयन गर्दा औषधिको व्यापारिक पैठारी मू.अ.क. मा दर्ता नभएका करदाताले गरेपनि ४ प्रतिशतले अग्रिम आयकर नलाग्ने गरी मिति २०५६/४/४ मा श्री ५ को सरकार (सचिवस्तर) को निर्णय भएको हुंदा निर्णयानुसार कार्यान्वयनको लागि अनुरोध छ ।

४. बिषय : **<u>जानकारी बारे</u>** ।

उपरोक्त बिषयमा यस मन्त्रालयको प.सं. ०५३/५४ च.नं. ४३८ मिति २०५४।५।१४ को पत्रानुसार कलियुगकी देवी र निष्ठूरीको निर्माताले पाउने कर सुविधा रोक्का गरिएकोमा हाल उक्त कर सुविधा ठाकुर फिल्म प्रोडक्सनका प्रो. रबिन्द्र ठाकुरलाई उपलब्ध गराउने गरी सम्बन्धित सबै कर कार्यालयहरूमा फूकुवा गरिदिनु हुन भनी श्री सूचना तथा संचार मन्त्रालयको प.सं. श्र.दृ. ०५५/५६ च.नं ५२७९ मिति २०५६।३।१६ को पत्रबाट लेखि आएकोले उपरोक्तानुसार गर्नु गराउनु हुन मिति २०५६।४।११को निर्णयानुसार अनुरोध गरिन्छ ।

५. बिषयः **परिपत्र** मिति : २०५६।४।२१

उपर्युक्त बिषयमा आर्थिक विधेयक, २०५५ को अनुसूची ६ आयकरको दफा ४८ मा व्यवस्था भएको विवाद नरहेको पूरै रकम र विवाद रहेको ७५ प्रतिशत दाखिला गरी मुद्दा फिर्ता लिने सम्बन्धमा बिवाद नरहेको रकमको गणना गर्दा खूद आयको शुरू स्ल्यावबाट गर्ने वा अन्तिम स्ल्यावबाट गर्ने वा बिवादित र बिवाद नरहेको रकमको अनुपातको आधारमा गर्ने हो ? लेखी कर कार्यालयहरूलाई द्विविधा परेको सम्बन्धमा आर्थिक ऐन, २०५५ मा भएको व्यवस्था अनुसार आयकर नलाग्ने हद र फरक कर दरको व्यवस्था व्यक्ति, दम्पत्ति वा परिवारको कर रकम गणना गर्ने प्रयोजनको लागि मात्र व्यवस्था भएको देखिन्छ । तसर्थ यस्तो करदाताको हकमा आर्थिक ऐन, २०५५ को अनुसूची ६ को दफा ४८ मा भएको व्यवस्थाको लागि कर रकम गणना गर्दा विवाद नरहेको पूरै खुद आय रकममा आयकर नलाग्ने हद रकम कट्टा गरी बांकी हुने रकममा करको दर अनुसार कर रकम गणना गर्ने तथा विवाद रहेको खूद आय रकमको कर रकम गणना गर्दा त्यस पछिको दर (स्ल्याव) मा हिसाव गरी रकम गणना गर्ने भन्ने मिति २०५६।४।१७ मा निर्णय भएको हुंदा निर्णयानुसार अनुरोध गरिएको छ ।

६. बिषय : **चलचित्र बिकास शुल्क सदरस्याहा गर्ने बारे** । मिति : २०५६/४/३०

उपर्युक्त बिषयमा यस आर्थिक वर्षको अन्त्य सम्ममा पनि चलचित्र विकास बोर्डको गठन नभई कार्य प्रारम्भ हुन नसकेकोले नेपाल चलचित्रको प्रदर्शन शुल्कबाट उठेको रकमको ६५ प्रतिशत निर्मातालाई र २० प्रतिशत हल धनीलाई प्रदान गरी १५ प्रतिशत रकम र हिन्दी चलचित्र प्रदर्शनबाट उठेको प्रदर्शन शुल्कको १०० प्रतिशत रकम हाल कार्यालयको धरौटी खातामा मौज्दात रहेको उक्त धरौटी रकम हाल सदर स्याहा गरी मनोरंजन करमा जम्मा गर्ने भनी श्री ५ को सरकार (सचिवस्तर) को मिति २०५६/२/११ मा निर्णय भई आएकोले सो अनुसार गर्नु हुन निर्देशानुसार अनुरोध छ भनी मूल्य अभिबृद्धि कर विभागको च.नं. ४३९३ मिति २०५६।३।२२ को पत्रबाट लेखि आएको हुंदा सो अनुसार गर्न गराउनु हुन अनुरोध छ ।

७. बिषय : **पूर्वादिश दिने सम्बन्धमा** । मिति :२०५६।५।२२

आर्थिक विधेयक, २०५६ को अनुसूची ६ को दफा ३३ मा आयकर ऐन, २०३१ र आयकर नियमावली, २०३९ मा भएको व्यवस्थाको कार्यान्वयनको सिलसिलामा देखा

परेका कठिनाई वा पर्न सक्ने कठिनाईहरूको समाधानको लागि करदाताबाट पूर्वादेश माग भई आएमा प्रशासकीय दृष्टिकोणबाट समेत नीतिगत निर्णय गरी महानिर्देशकले पूर्वादेश (Advance Rulling) जारी गर्न सक्ने व्यवस्था गरेकोले पूर्वादेशको बिषय कानूनी, सैद्धान्तिक जस्तै: लेखा व्यवस्था, कार्यगत व्यवस्था आदिसंग समेत सम्बन्धित हुन सक्ने हुंदा महानिर्देशक समक्ष निर्णयको लागि पेश गर्नु अघि सम्बन्धित बिषयमा राय पेश गर्नको लागि कर विभागमा एउटा समिति मिति २०५६।५।१६ मा गठन गरिएकोले सो को जानकारीको लागि तहांसंग सम्बन्धित सेवामा जानकारी गराईदिने व्यवस्थाको लागि निर्णयानुसार अनुरोध गरेको छु ।

श्री नेपाल उद्योग वाणिज्य महासंघ,

श्री नेपाल चेम्बर अफ कमर्श,

श्री नेपाल समुद्रपार निकासी पैठारी संघ, मिलनमार्ग, टेकुमोड, पो.व.नं. ५४१

श्री हिमालय व्यापार संघ, ज्योतीभवन,

श्री नेपाल औषधी व्यवसायी संघ

श्री नेपाल एशोसिएशन अफ ट्राभल एजेण्ट

श्री होटल एसोसिएशन अफ नेपाल

श्री घरेलु तथा साना उद्योग महासंघ

श्री ट्रेकिङ एजेण्ट एसोसिएशन अफ नेपाल

श्री नेपाल चलचित्र संघ

श्री चार्टर्ड एकाउण्टेण्ट संघ

श्री खुद्रा व्यापार संघ

श्री बैंकर्श एसोसिएशन ।

८. बिषय : <u>आयकर दर्ता प्रमाणपत्र पेश गराउने बारे</u> । मिति : २०५६।५।३०

श्री सबै मन्त्रालयहरू

एवं संवैधानिक निकायहरू

नेपाल बैंकर्श एसोसिएशन ।

आर्थिक वर्ष २०५६।०५७ को बजेट बक्तव्यमा डाक्टर, इन्जिनियर, पत्रकार, लेखापरीक्षक एवं अन्य पेशा व्यवसाय संचालन गर्ने सबैले अनिवार्य रूपले आयकर दर्ता लिई मात्र कारोवार गर्न पाउने व्यवस्था अपनाइने व्यहोरा उल्लेख छ । यस्तै

आयकर ऐन, २०३१ को दफा ५ क अनुसार उद्योग, ब्यापार, पेशा वा व्यवसाय चलाउने व्यक्तिले सो उद्योग, ब्यापार, पेशा वा व्यवसाय शुरू गर्नु अगावै कर कार्यालयमा आफ्नो नाम दर्ता गराउनु पर्ने व्यवस्था छ ।

उपरोक्त अनुसार बजेट वक्तव्य तथा आयकर ऐन, २०३१ मा भएको कानूनी व्यवस्था कार्यान्वयनको लागि श्री ५ को सरकारको निकाय, संवैधानिक निकाय, सरकारी संस्थान, विद्यालय, महाविद्यालय, विश्वविद्यालय, श्री ५ को सरकारबाट गठन गरिएको बोर्ड, समितिहरू तथा श्री ५ को सरकारको अनुदानबाट संचालित संस्थानहरूले डाक्टर, इन्जिनियर, वकील, पत्रकार, लेखापरीक्षक तथा अन्य पेशा व्यवसायीहरूबाट सेवा प्राप्त गर्दा आयकर दर्ता प्रमाणपत्र भएकासंग मात्र कारोवार गर्ने व्यवस्था मिलाई करको दायरा विस्तार गर्ने काममा सहयोग पुऱ्याई दिन हुन मिति २०५६।५।२९ का निर्णयानुसार अनुरोध छ । उपरोक्त व्यवस्थाको जानकारी त्यहां अन्तर्गतको निकायहरूलाई समेत गराई दिनु हुन अनुरोध छ ।

९. बिषय: **<u>आयकर दर्ता प्रमाणपत्र लिने बारे</u>** । मिति २०५६।५।३०

आर्थिक वर्ष २०५६।०५७ को बजेट बक्तव्यमा डाक्टर, इन्जिनियर, पत्रकार, लेखापरीक्षक एवं अन्य पेशा व्यवसाय संचालन गर्ने सबैले अनिवार्य रूपले आयकर दर्ता लिई मात्र कारोवार गर्न पाउने व्यवस्था अपनाइने व्यहोरा उल्लेख छ । यस्तै आयकर ऐन, २०३१ को दफा ५ क अनुसार उद्योग, ब्यापार, पेशा वा व्यवसाय चलाउने व्यक्तिले सो उद्योग, ब्यापार, पेशा वा व्यवसाय शुरू गर्नु अगावै कर कार्यालयमा आफ्नो नाम दर्ता गराउनु पर्ने व्यवस्था छ । आयकर दर्ता प्रमाणपत्र लिनुपर्ने तथा कारोवार गर्न आयकर दर्ता प्रमाणपत्र पेश गर्नुपर्ने उपरोक्त अनुसारको कानूनी व्यवस्था हुंदाहुंदै पनि कतिपय इन्जिनियर, डाक्टर, वकील, पत्रकार, लेखापरीक्षक तथा अन्य पेशा व्यवसायीहरूले आयकर दर्ता प्रमाणपत्र नलिई कारोवार गरी रहेको सन्दर्भमा आफ्नो कार्यक्षेत्र अन्तर्गत यस्ता पेशा व्यवसायीहरूलाई बजेट वक्तव्य तथा आयकर ऐनमा भएको व्यवस्था अनुसार अनिवार्य रूपमा आयकर दर्ता लिन लगाउने व्यवस्था गर्नु गराउनु हुन मिति २०५६।५।२९ को निर्णयानुसार अनुरोध छ ।

१०. बिषय : **आयकर दर्ता प्रमाणपत्र लिने बारे** ।                मिति २०५६।५।३०

आर्थिक वर्ष २०५६।०५७ को बजेट बक्तव्यमा डाक्टर, इन्जिनियर, पत्रकार, लेखापरीक्षक एवं अन्य पेशा व्यवसाय संचालन गर्ने सबैले अनिवार्य रूपले आयकर दर्ता लिई मात्र कारोवार गर्न पाउने व्यवस्था अपनाइने व्यहोरा उल्लेख छ । यस्तै आयकर ऐन, २०३१ को दफा ५ क अनुसार उद्योग, ब्यापार, पेशा वा व्यवसाय चलाउने व्यक्तिले सो उद्योग, ब्यापार, पेशा वा व्यवसाय शुरू गर्नु अगावै कर कार्यालयमा आफ्नो नाम दर्ता गराउनु पर्ने व्यवस्था छ ।

उपरोक्त अनुसार वजेट वक्तव्य तथा आयकर ऐन, २०३१ मा भएको कानूनी व्यवस्था कार्यान्वयनको लागि त्यहांसंग सम्बन्धित सदस्यहरूलाई आयकर दर्ता प्रमाणपत्र लिई कारोवार गर्ने व्यवस्थाको जानकारी गराई करको दायरा विस्तार कार्यमा सहयोग गरिदिनु हुन अनुरोध छ ।

११. बिषय : **अग्रिम आयकर कट्टा सम्बन्धमा** ।                मिति २०५६।६।१०

एम.डि. पव्लिसिङ कम्पनी प्रा.लि.ले बैंककस्थित प्रेशमा छपाई सम्बन्धी कार्य गरेवापत भुक्तानी पठाउदा ३ प्रतिशत अग्रिम आयकर कट्टी गरी बुझाएपछि मात्र भुक्तानी गर्नुपर्ने सम्बन्धमा अग्रिम आयकर भनेको नै नेपालमा आयकर तिर्नुपर्नेको हकमा मात्र लागू हुने र विदेशमा काम गर्ने प्रेशले नेपालमा कर तिर्नुपर्ने दायित्वभित्रै नपर्ने भएकोले अग्रिम कर कट्टी गर्नु नपर्ने बारे आवश्यक निर्देशन गराई पाउं भनी मिति २०५५।८।२४ मा दिएको निवेदनका सम्बन्धमा कारवाही हुंदा आयकर ऐन, २०३१ को दफा २(क) बमोजिम सोही ऐनको दफा ५ बमोजिमका श्रोतहरू जस्तै: उद्योग, ब्यापार, पेशा, व्यवसाय, पारिश्रमिक, घरजग्गा बहाल, अन्य श्रोतहरूबाट आर्जन वा प्राप्त भएको नगदी वा जिन्सी आय करदाताको आय हुने र सोही ऐनको दफा ६ ले नेपाल अधिराज्यबाट कारोवार गरी विदेशमा आर्जन वा प्राप्त गरेको आयमा कर लाग्ने व्यवस्था गरेको छ । उक्त व्यवस्थाले नेपाल अधिराज्यभित्रै कारोवार हुनुपर्ने वाध्यात्मक व्यवस्था गरेको छैन । नेपाल अधिराज्यबाट काम प्राप्त गरी विदेशमा आर्जन वा प्राप्त गरेको स्थितिमा पनि नेपालमा कर लाग्ने देखिन्छ । सोही ऐनको दफा २(प) को खण्ड (ख) मा नेपाल अधिराज्य बाहिर बसोवास गरी नेपाल अधिराज्यबाट आय आर्जन वा प्राप्त गर्ने व्यक्ति अस्थायी वासिन्दा हुने कुरा स्पष्ट गरिएकोले अस्थायी वासिन्दा हुने नेपालमा बसोवास गरेको हुनु पर्ने कुनै वाध्यता देखिदैन । यसैगरी ऐनको दफा ४२(ट) अनुसार आयकर छुट पाउन पनि (क) फर्म कम्पनी वा व्यक्ति विदेशस्थित भएको

हुनुपर्ने, (ख) बैंक मार्फत प्रतितपत्र वा बैंकड्राफ्टद्वारा सोझै विदेशमा रकम भुक्तानी पाउने हुनुपर्ने र (ग) उक्त आय नेपालमा मालसामान आपूर्ति मात्र गरी प्राप्त गरेको हुनुपर्ने देखिन्छ ।

प्रस्तुत निवेदकको मागलाई हेर्दा कसैको कुनै विशेष माग अनुसारको छपाईको अर्डर प्राप्त गरी सोही बमोजिम छापी, छापेको पठाई प्राप्त गरेको आय वास्तवमा सेवा वापतको भुक्तानी हुने र छपाई कार्य आफैमा सेवामूलक कार्य हो, आपूर्ति भनी मान्न नसकिने हुन्छ । यस अवस्थामा आर्थिक ऐनको दफा ४२(ट) आकृष्ट हुने देखिन्छ । उपरोक्त अवस्थाको आधारमा आर्थिक ऐन, २०५५ को अनुसूची ६ को दफा २७.१ को खण्ड १९ बमोजिम ३ प्रतिशत अग्रिम कर लाग्ने भनी मिति २०५६।६।४ मा निर्णय भएकोले निर्णयानुसार कार्यान्वयन गर्नु गराउनु हुन र सम्बन्धित करदातालाई समेत जानकारी गराउनु हुन अनुरोध छ ।

१२. बिषय : **<u>जीवन बीमा बापत भएको खर्च मिन्हा सम्बन्धमा</u>** । मिति : २०५६।६।१२

आर बज्राचार्य एण्ड कम्पनी (चार्टर्ड एकाउण्टेण्ट) का प्रोप्राइटर रत्नराज बज्राचार्यले आ.क. ऐन, २०३१ (सं.स.) को दफा २६ मा भएको व्यवस्था बमोजिम आय आर्जन गर्ने करदाताको निमित्त जीवन बीमा प्रिमियम भुक्तान गरेको खर्च मिन्हा हुनुपर्ने सम्बन्धमा उक्त दफा २६ मा व्यवस्था भए अनुसारको खर्च मिन्हा गर्दा पारिश्रमिक आय आर्जन गर्ने व्यक्तिहरूको निमित्त मात्र लागू हुने तथा Self-Employed व्यवसायीहरूको हकमा लागू नहुने र कदाचित खर्च मिन्हा हुनपर्ने दावी रहेको हकमा पनि प्रोप्राइटरको त्यस्तो जीवन बीमा प्रिमियम भुक्तानी रकम, नाफा नोक्सान हिसावमा समावेश नगरेको भन्ने आधारमा व्यवसायको खर्चको रूपमा समेत मिन्हा दिन नमिल्ने आसय लिई प्रोप्राइटरको जीवन बीमा प्रिमियम खर्च मिन्हा नहुने गरेकोले पूर्वादिश पाउं भनी मिति २०५६।३।२८ मा दिएको निवेदन पेश हुंदा निम्नानुसार गर्ने गरी मिति २०५६।६।१० मा निर्णय भएको व्यहोरा अनुरोध गरिएको छ ।

१. आयकर नियमावली, २०३९ को नियम १३ मा "कुनै व्यक्तिको एक वा एकभन्दा बढी फर्महरूमा एकलौटी स्वामित्व रहेको भए त्यस्तो फर्म वा फर्महरूको र निजको अन्य श्रोतबाट आय हुने भए सो समेत समावेश गरी संयुक्त रूपमा आयकर निर्धारण गर्नु पर्नेछ भन्ने प्रावधान भए अनुरूप एकलौटी फर्मको कर निर्धारण देहाय बमोजिम गर्ने :-

(क) कर निर्धारण मालिकको नाममा गर्ने,

(ख) फर्मको मालिकको आयकर ऐन, २०३१ को दफा ५ मा उल्लेखित भए सम्मका सबै किसिमको आयहरू छुट्टाछुट्टै देखिने गरी आय बिवरण माग गर्ने,

(ग) आयकर ऐन, २०३१ (सं.स.) को दफा ५ मा उल्लेखित भए सम्मका सबै शीर्षकको स्पष्ट छुट्टिने गरी खुद आय कायम गरी सबैलाई समावेश (जोडी) गरी त्यस्तो मालिकको एकीकृत खुद आय कायम गर्ने र

(घ) एकीकृत गरी (जोडी) निकालिएको खुद आयबाट दफा २६ बमोजिमको प्रिमियम रकम खर्च कट्टा गरी (खर्च मिन्हा दिई) बांकी हुन आउने खुद आयबाट प्रचलित दर बमोजिम कर निर्धारण गर्ने ।

१३. बिषय : **<u>लाभांशमा लाग्ने कर सम्बन्धमा</u>** । मिति : २०५६।६।१९

आर्थिक ऐन, २०५४ को अनुसूची ७ को दफा ४० मा मुनाफाबाट आयकर नतिरी लाभांश निर्धारण गर्दा त्यस्तो भुक्तानीमा अग्रिम आयकर कट्टी गर्नुपर्ने र त्यस्तो लाभांश प्राप्त गर्ने करदाताले लाभांशको आय देखाई आय बिवरण पेश गर्नुपर्ने व्यवस्था भएको र सो व्यवस्था आर्थिक ऐन, २०५५ र आर्थिक विधेयक, २०५६ मा समेत भएकोले सो बमोजिम मुनाफाबाट आयकर नतिरी लाभांश बितरण गर्ने करदाताले लाभांश वितरण गर्दा अग्रिम कर कट्टी गरेका छन् छैनन् र लाभांश प्राप्त गर्नेले पनि लाभांश वापत प्राप्त गरेको रकम आय बिवरणमा उल्लेख गरेका छन् छैनन् भन्ने कुराको कर कार्यालयहरूले विशेष अनुगमन गरी लाभांशबाट प्राप्त हुने अग्रिम कर तथा कर रकम असूली गर्न लेखी पठाउने भनी मिति २०५६।६।१४ मा निर्णय भएकोले निर्णयानुसार गर्नु गराउनु हुन अनुरोध छ ।

१४. बिषय : **<u>स्वयंकर निर्धारण बारे</u>** । मिति : २०५६।६।१९

आयकर ऐन, २०३१ को दफा ३३क(२) ले प्रचलित कानून बमोजिम लेखा राख्न अनिवार्य भएको करदाताले अफ्नो आयको स्वयकर निर्धारण गर्नुपर्ने व्यवस्था गरेको र आयकर एने, २०३१ को दफा ५१ ले दिएको अधिकार प्रयोग गरी २०५५ श्रावण १ गते देखि लागू हुने गरी वार्षिक रू. एक करोड भन्दा बढीको कारोवार हुने करदाताले अनिवार्य रूपले आफ्नो कारोवारको लेखा राख्नु पर्ने र त्यस्तो लेखाको लेखापरीक्षणबाट लेखा परीक्षण समेत गराउनु पर्ने गरी श्री ५ को सरकारले मिति २०५५।२।२१ गतेको नेपाल राजपत्रमा सूचना प्रकाशित गरी तोकि सकेको हुंदा यस्तो वर्गको करदाताहरूले आयकर ऐन, २०३१ को दफा ३३.क अनुसार अनिवार्य रूपमा स्वयंकर निर्धारण गर्नुपर्ने तथा सोही अनुसारको आय बिवरण पेश गर्नुपर्ने कानूनी व्यवस्था गरेको देखिंदा सोही अनुसार गर्नु गराउनु हुन मिति २०५६।६।१४ को निर्णयानुसार अनुरोध गर्दछु ।

१५. बिषय : <u>**चलचित्र बिकास शुल्क असूल गर्ने व्यवस्था बारे**</u> । मिति : २०५६।६।१७

प्रस्तुत बिषयमा आर्थिक ऐन, २०५६ को अनुसूची ५ को दफा ६ मा उल्लेखित "दैनिक रूपले असूल उपर गरिने छ" भन्ने वाक्यांशले दैनिक नै श्री ५ को सरकारको राजस्व खातामा दाखिला गर्नुपर्ने हो कि भन्ने द्विविधा परेको देखिन आउंछ । चलचित्र घरले चलचित्र दैनिक प्रदर्शन गर्ने हुंदा ग्राहकबाट पनि दैनिक रूपमा चलचित्र विकास शुल्क असूल गर्ने भन्ने उक्त वाक्यांशको मनसाय रहेको र राजस्व खातामा राजस्व दाखिला गर्ने म्याद सम्बन्धमा दफा ८ स्पष्ट स्पष्ट रूपमा मू.अ.क.मा दर्ता भएका चलचित्र घरले त्रैमासिक र अन्यले मासिक रूपमा बुझाउने भनी प्रष्ट गरेको हुंदा सोही बमोजिम गर्न निर्देशन दिने गरी मिति २०५६।५।१८ मा निर्णय भएको भनी अर्थ मन्त्रालय, राजस्व महाशाखाको प.सं.रा.।०५६/५७ टि.फा. ४५ च.नं. २४३ मिति २०५६।५।२१ को पत्रबाट उल्लेख भई आएकोले प्रस्तुत व्यहोरा अनुसार गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध छ" भनी मूल्य अभिबृद्धि कर विभाग (कर छुट तथा सुविधा शाखा) को प.सं. २०५६/५७ मिति २०५६।६।६ को पत्रबाट लेखि आएको सम्बन्धमा उपरोक्तानुसारको जानकारी सबै कर कार्यालयलाई गराउने भन्ने मिति २०५६।६।१४ को निर्णयानुसार अुनरोध छ ।

<u>**बोधार्थ**</u> :

मूल्य अभिबृद्धि कर विभाग, सातदोबाटो, ललितपुर ।

१६. बिषय : <u>**ठेक्का व्यवसायमा मू.अ.क. कार्यान्यन प्रक्रियाबारे**</u> । मिति : २०५६।७।१७

उपरोक्त बिषयमा अ.मं राजस्व महाशाखाबाट मिति २०५६।५।२८ मा भएको परिपत्र आदेशानुसार आवश्यक कार्यार्थ संलग्नगरी पठाइएको व्यहोरा अनुरोधगर्दछु ।

<u>**मू.अ.क. प्रक्रियाहरू**</u> :

मूल्य अभिबृद्धि कर विभागबाट विभिन्न मन्त्रालयका अधिकृतहरूसंग भएको छलफल तथा प्रशिक्षण कार्यक्रमबाट ठेक्का व्यवसायमा मूल्य अभिबृद्धि कर कार्यान्वयनको बिषयमा हालसम्म पनि अन्यौल नै रहेको भन्ने बुझिन आएकाले यस विभागमा निम्न बमोजिमको प्रक्रियाहरू स्पष्ट गरी तहां अन्तर्गतका विभाग तथा कार्यालयहरूलाई परिपत्र गरी दिनु हुन मिति २०५६।५।२८ को निर्णयानुसार अनुरोध गरिएको छ ।

१. **<u>लगत इष्टिमेट सम्बन्धमा</u>** :

(क) मूल्य अभिबृद्धि कर ऐन लागू भएपछि संझौता वा बन्दोवस्त भएको ठेक्काहरूमा लागत अनुमान तयार गर्दा वस्तु वा सेवाको मूल्यमा (कर बाहेकको मूल्य) Net of Tax Value को मात्र लागत अनुमान तयारगर्ने । त्यस्तो लागत मूल्यको अन्तमा मूल्य अभिबृद्धि करको प्रचलित दर (१० प्रतिशत) ले हुने रकम थप गरी कूल लागत अनुमान तयार गर्नुपर्ने ।

(ख) कर छुटको (अनुसूची १) वस्तु वा सेवाको मात्र ठेक्का बन्दोवस्त गर्ने भएमा मूल्य अभिबृद्धि कर भुक्तानी गर्न नपर्ने ।

(ग) कर छुट र कर योग्य दुवै वस्तु वा सेवाको मिश्रित कारोवार भएमा पनि खण्ड (क) मा उल्लेख भए बमोजिम नै लागत अनुमान तयार गर्ने ।

२. **<u>टेण्डर सूचना प्रकाशित गर्दा</u>** :

(क) सूचनामा मूल्य अभिबृद्धि कर समावेश नभएको मूल्य मात्र उल्लेख गर्ने । मूल्य अभिबृद्धि ठेक्का लगाउनेले व्यहोर्नु पर्ने ।

(ख) कार्यादेश दिंदा सम्बन्धित ठेकेदारले मू.अ.क. मा दर्ता भएको प्रमाणपत्र पेश गर्न अनिवार्य गर्ने र त्यस्तो कार्यादेशको जानकारी दर्ता भएको कार्यालयलाई करदाताको दर्ता नम्बर समेत उल्लेख गरिदिने ।

(ग) दर्ता प्रमाणपत्र नवीकरण गराईरहन नपर्ने हुंदा सो बिषयमा स्पष्ट हुनुपर्ने ।

३. **<u>ठेक्का रकम भुक्तानी प्रक्रिया</u>** :

(क) दफा १९ ले करदाताले प्रत्येक महिनाको कर सो महिना समाप्त भएको मितिले २५ दिनभित्र बुझाउनु पर्ने कानूनी कर्तव्य हुंदा ठेकेदारले जारी गरेका बिजक बमोजिमको कर रकम कर बिवरण सहित दाखिला गर्ने म्याद भित्र भुक्तानी हुन सक्ने गरी भुक्तानीको व्यवस्था मिलाउनु पर्ने ।

(ख) मूल्य अभिबृद्धि करको भुक्तानी गरेको जानकारी दर्ता भएको कार्यालयलाई करदाताको दर्ता नम्बर सहित उल्लेख गरिदिने ।

(ग) बिलको भुक्तानी गर्दा मूल्य अभिबृद्धि कर सहितको पूर्ण भुक्तानी आपूर्तिकर्तालाई गर्ने । यसमा मूल्य अभिबृद्धि कर रकम कट्टा गरी सोझै मूल्य अभिबृद्धि करमा पठाउन वा Withhold गर्न नमिल्ने ।

४. **<u>आर्थिक प्रशासन सम्बन्धी नियमावली, २०५६ को नियम ४३</u>** : सो नियमले एकपटकमा रू. ३५ हजार भन्दा बढी रकमको मालसामान खरिद वा ठेक्का दिदा दर्तावालासंग मात्र गर्नु पर्ने व्यवस्था भएतापनि आर्थिक ऐन, २०५६ मा सो हद रू. २५ हजार मात्र हुंदा आर्थिक ऐनले तोके बमोजिम नै हुनुपर्ने ।

५. **<u>आयकर विषयमा</u>** : ठेक्कामा अग्रिम आयकर कट्टी गर्दा मू.अ.क. बाहेकको मूल्यमा मात्र अग्रिम कर कट्टा गर्ने ।

**१७.** बिषय : **<u>ठेक्काको आयकर सम्बन्धमा</u>** । मिति : २०५६।८।२

उपरोक्त बिषयमा आर्थिक ऐन, २०५५ अनुसूची ६ को दफा १८ को सातौं हरफदेखि रू. २० लाखभन्दा बढीको अन्य ठेक्कामा २ प्रतिशत सब कन्ट्रयाक्टमा १.५ प्रतिशत र रासन ठेक्कामा १ प्रतिशतले न्यूनतम पूर्वानुमानित कर भुक्तानीको अवस्थामा नै अग्रिम कट्टा गर्नुपर्ने र सो कर रकम पछि कर निर्धारण हुंदा मिलान गरिन्छ । अन्तिम कर निर्धारण गर्दा दफा ५ अनुसारको अतिरिक्त कर समेत लाग्नेछ । कुनै करदाताले आफ्नो आय बिवरणसाथ हिसाव किताव पेश गर्न नसकेमा यस्तो पूर्वानुमानित कर (अतिरिक्त कर समेत) लाई अन्तिम कर निर्धारण सरह मानिने छ भन्ने व्यवस्था भएको र आर्थिक विधेयक, २०५६ अनुसूची ६ दफा १७ को हरफ ७ देखि रू. २० लाखभन्दा बढीको अन्य ठेक्कामा दुई प्रतिशत सवकन्ट्रयाक्टमा १.५ प्रतिशत र रासन ठेक्कामा १ प्रतिशतले न्यूनतम पूर्वानुमानित कर लाग्ने छ र सो कर रकम भुक्तानीको अवस्थामानै अग्रिम कट्टा गर्नु पर्नेछ । अन्तिम कर निर्धारण गर्दा दफा ५ अनुसारको अतिरिक्त कर समेत लाग्नेछ । हिसाव कितावको आधारमा आय बिवरण पेश गर्ने करदाताको कर निर्धारण गर्दा न्यूनतम पूर्वानुमानित करलाई कुन रूपम हिसाव गर्ने हो भनी केही कर कार्यालयहरूलाई द्विविधा पर्न गएको हिसाव पेश गर्ने करदाताको लागि पनि न्यूनतम पूर्वानुमानित कर (अतिरिक्त कर समेत) को व्यवस्था लागू हुने अर्थात कुनै करदाताको हिसाव किताव बिवरण अनुसारको कर रकम यस्तो न्यूनतम पूर्वानुमानित करभन्दा कम भएपनि न्युनतम पूर्वानुमानित कर (अतिरिक्त कर समेत) तिर्नुपर्ने मिति २०५६।७।२५ मा निर्णय भएकोले आर्थिक ऐन/विधेयकमा उल्लेख भए अनुसारको कर रकम असूल उपर गुर्नुहुन निर्णयानुसार अनुरोध गरिन्छ ।

**<u>बोधार्थ</u>** :

श्री अर्थ मन्त्रालय,

(राजस्व महाशाखा) बागदरबार ।

१८. बिषय : **हिसाव किताव राख्ने सम्बन्धमा** । मिति २०५६।८।५

उपरोक्त बिषयमा नेपाल आयल निगम, साल्ट ट्रेडिङ लिमिटेड, स्वदेशस्थिति विभिन्न उद्योग लगायत पब्लिक कम्पनीहरूबाट उत्पादित सामान निश्चित दरको कमिशनमा बिक्री वितरण गर्ने अधिकृत बिक्रेताहरूको खरिद बिक्री अंकको आधारमा रू. १ करोड भन्दा बढी हुनेले अनिवार्य रूपमा आफ्नो कारोवारको लेखा राख्नुपर्ने हो वा त्यस्ता बिक्रेताहरूले पाउने कमिशन अंकको आधारमा रू. १ करोडभन्दा बढी भएमा अनिवार्य रूपमा आफ्नो कारोवारको लेखा राख्नु पर्ने हो केही कर कार्यालयहरूलाई द्विविधा परेको सम्बन्धमा पेश हुंदा कारोवार भन्नाले खरीद बिक्रीलाई नै जनाउने हुंदा त्यस्ता करदाताले (जस्को वार्षिक रू. १ करोडभन्दा बढीको कारोवार हुन्छ ) अनिवार्य रूपमा नै हिसाव किताव राख्नु पर्ने भनी मिति २०५६।८।३ मा निर्णय भएको व्यहोरा जानकारी एवं आवश्यक कायार्थ अनुरोध गरेको छु ।

१९. बिषय : **नागरिक लगानीकोष कट्टी सम्बन्धमा** । मिति : २०५६।८।१६

श्री नागरिक लगानीकोष,

अद्वैतमार्ग, काठमाण्डौं ।

उपरोक्त बिषयमा त्यस कोषको प.सं. ना.ल. कोष ०५४/५५ च.नं. १८११ मिति २०५४/७/२८ को प्राप्त पत्रको सिलसिलामा लेखिन्छ ।

प्रस्तुत बिषयमा आयकर ऐन, २०३१ को दफा ८ मा "नगदी वा जिन्सीको रूपमा पाएको ज्याला, तलव, विशेष तलव, भत्ता, विशेष भत्ता, विदा वापतको तलव, कमिशन, फि, शुल्क, बोनस र अन्य सुविधा" भनी पारिश्रमिकको व्याख्या गरेको हुंदा करयोग्य रकमहरूलाई पारिश्रमिकको रूपमा लिइएको छ । अत: कूल पारिश्रमिकको व्याख्याभित्र पर्ने तलव, कमिशन, फी, शुल्क, बोनस र अन्य सुविधालाई मिलाई हुने कूल पारिश्रमिकमा १० प्रतिशतले नागरिक लगानीकोष कट्टागर्न मिल्ने मिति २०५६।८।११ को निर्णयानुसार जानकारीको लागि अनुरोध छ ।

२०. बिषय :**आयकरको दर बारे ।** मिति:२०५६।८।२०

औद्योगिक व्यवसाय ऐन, २०४९ को दफा १५ ले विभिन्न उद्योगहरूलाई आयकर सम्बन्धी विभिन्न सुविधा तथा सहुलियत दिने बारे व्यवस्था गरेको पाइन्छ भने

विभिन्न आर्थिक ऐन, (२०५६ को आर्थिक विधेयक समेत) ले कस्ता करदाताहरूलाई के कतिका दरले कर लगाउने भन्ने बारेमा व्यवस्था गरेको छ । केही कर कार्यालयहरूलाई यस्तो व्यवस्थाका बारेमा द्विविधा उत्पन्न भएको बुझिएकोले स्पष्ट पारी जानकारी गराउने सम्बन्धमा पेश हुंदा उद्योगहरूलाई कर लगाउंदा आर्थिक ऐनमा तोकिएको दर अनुसार (अतिरिक्त कर समेत) करको हिसाव गर्नु पर्ने र त्यसमा औद्योगिक व्यवसाय ऐन अनुसार पाउने सबै सुविधा तथा सहुलियतको हिसाव गर्दा २० प्रतिशत भन्दा बढीका दरले आयकर लाग्ने देखिएमा २० प्रतिशतले मात्र कर लगाउने र त्यसभन्दा कम दरले रहेछ भने सोही अनुसार आयकर लगाउनु पर्ने भनी मिति २०५६।८।१७ मा निर्णय भएकोले जानकारी एवं आवश्यक कार्यार्थ अनुरोध गरेको छु ।

**बोधार्थ** :

श्री अर्थ मन्त्रालय,

राजस्व महाशाखा ।

२१. बिषय :**अग्रिम कर कट्टा गर्ने बारे** मिति : २०५६।८।२९

उपर्युक्त बिषयमा शाही नेपाल वायुसेवा निगम तथा अन्य डोमेष्टिक एयरलाइन्सहरू र विदेशी कम्पनीहरू वीच हवाई जहाज तथा हेलिकोप्टर Prolongation (मर्मत सम्भार समेत) सम्बन्धी भएको संझौता अनुसार विदेशी प्राविधिकहरूलाई झिकाई नेपालमै बिमानहरू मर्मत गराई विदेशमा भुक्तानी पठाउंदा के कतिका दरले अग्रिम कर कट्टा गर्नुपर्ने हो? भन्ने बारे केही कर कार्यालयहरूलाई द्विविधा परेको देखिंदा सो को निर्णयको लागि पेश हुंदा आर्थिक विधेयक, २०५६ को अनुसूची ६ को दफा २६.१ को उपदफा ३.९ र १६ मा उल्लेखित कार्यहरूको भुक्तानी गर्दा अस्थायी बासिन्दालाई १५ प्रतिशतका दरले अग्रिम कर कट्टा गर्नु पर्ने व्यवस्था भएको र भुक्तानी रकमको १५ प्रतिशतले हुने रकम अग्रिम कट्टा गरी दाखिला गर्ने गराउने र बैदेशिक लगानी तथा प्रविधि हस्तान्तरण ऐन, २०४९ को दफा ५ बमोजिम प्राविधिक सेवा शुल्कमा १५ प्रतिशत आयकर लाग्ने भनी मिति २०५६।३।१० मा निर्णय भै ६ नं. क्षेत्र कर कार्यालय, महाराजगंज, नेपाल राष्ट्र बैंक वालुवाटार र कस्मिक एयर प्रा.लि. लाई समेत जानकारी गराई सकेको हुंदा सोही जानकारी गराउने भन्ने मिति २०५६।८।२७ को निर्णय अनुसार जानकारी गराइएको व्यहोरा अनुरोध छ ।

२२. बिषय : **ठेक्काको आयकर सम्बन्धमा ।** मिति : २०५६।९।१९

यस विभागको प.सं. ०५६/५७-७५ च.नं. १०८ मिति २०५६।८।२ मा भएको परिपत्रका बारेमा अझैपनि केही कार्यालयहरूलाई स्पष्ट नभएको बुझिन आएकोले सो सम्बन्धमा निम्नानुसार स्पष्ट गरी पठाउने भनी मिति २०५६।९।१९ मा निर्णय भएको व्यहोरा अनुरोध छ ।

उक्त परिपत्र आ.व. २०५५/५६ र आ.व. २०५६/५७ को आय बिवरणका सम्बन्धमा लागू हुने र अतिरिक्त करका सम्बन्धमा प्राप्त बिवरण छानविन गर्दा न्यूनतम कर भन्दा बढी कर लाग्ने रहेछ भने सो रकममा तथा न्यूनतम कर मात्र लाग्ने रहेछ भने सोही रकममा अतिरिक्त कर (सरचार्ज) समेत लगाई असूल उपर गर्नुपर्ने ।

२३. बिषय : **आयकर सम्बन्धमा** । मिति २०५६।१०।३

बस्तु बिनिमय अन्तर्गत पैठारी भएको माल वस्तुको कारोवारबाट भएको आयमा आयकर नलाग्ने भन्ने कानूनी व्यवस्था नहुनुको साथै आर्थिक ऐन, २०५६ को अनुसूची ६ को दफा २० मा समेत बस्तु विनिमय अन्तर्गत पैठारी गर्ने करदाताहरूबाट समेत अग्रिम आयकर असूल गर्ने व्यवस्था भएको परिप्रेक्षमा वस्तु विनिमय अन्तर्गत भएको पैठारीको आयलाई निकासीको आय मानी आयकर छुट दिन नमिल्ने र यस्तो आयलाई गैर औद्योगिक व्यापारिक आय मान्नु पर्ने भएकोले प्रचलित आर्थिक ऐन बमोजिमको कर दर तथा अतिरिक्त कर समेत लगाई असूल उपर गर्नु हुन मिति २०५६।२।२९ को निर्णयानुसार अनुरोध गर्दछु ।

२४. बिषय : **ठेक्काको आयकर सम्बन्धमा** । मिति : २०५६।१०।३

आर्थिक ऐन, २०५५ को अनुसूची ६ को दफा १८ मा कुनै करदाताले आफ्नो आय बिवरण साथ हिसाव किताव पेश गर्न नसकेमा त्यस्तो पूर्वानुमानित कर ( अतिरिक्त कर समेत) लाई अन्तिम कर सरह मानिनेछ भन्ने व्यवस्था भएकाले हिसाव किताव पेश गर्न नसकेका करदाताहरूको लागि पूर्वानुमानित कर तथा अतिरिक्त कर लिनु पर्ने हिसाव किताव पेश गर्ने करदाताहरूको हकमा हिसाव किताव अनुसार खुद आय कायम गरी करको हिसाव गर्दा न्यूनतम पूर्वानुमानित कर भन्दा कम देखिएमा आर्थिक ऐन, २०५५ अनुसार पूर्वानुमानित कर तथा अतिरिक्त कर

लाग्ने गरी कर निर्धारण गर्ने र लागेको कर दाखिला भईसकेछि धरौटी फुकुवा गर्ने समेत भनी मिति २०५६।९।२९ मा निर्णय भएको व्यहोरा अनुरोध गरेको छु ।

२५. बिषय : **करदाता दर्ता बारे** । मिति : २०५६।१०।३

कर कार्यालयमा दर्ता भै आयकर दर्ता प्रमाणपत्र लैजाने कतिपय करदाताहरूले समयमा दिनु पर्ने बिवरणहरू नदिने, कर रकम दाखिला नगर्ने, कारोवार बन्द भएमा पनि जानकारी नदिने गरेको र त्यस्ता करदाताहरूलाई खोजी गरी कर असूल गर्न प्रष्ट र भरपर्दो ठेगाना (कारोवार स्थल समेत) को अभावमा कार्यालयहरूलाई कठिनाई परिरहेको बुझिंदा करदाता दर्ता गर्दा निवेदन कै अवस्थामा कारोवार स्थल करदाताको प्रष्ट गर्ने ठेगाना (नक्सांकन रेखांकन) उल्लेख गराई आयकर दर्ता प्रमाणपत्र/स्थायी लेखा नम्बर उपलव्ध गराउने व्यवस्था गर्नुहुन मिति २०५६।९।२९ को निर्णयानुसार अनुरोध गरेको छु ।

२६. बिषय: **पारिश्रमिक कर सम्बन्धमा** । मिति २०५६।११।१०

उपरोक्त बिषयमा कुनै कुनै पारिश्रमिक करदाताले उनीहरूको सेवा शर्त सम्बन्धी ऐन, नियम, विनियम, सर्तनामा आदिमा उल्लेख गरिए अनुसारको तलव तथा सबै किसिमको भत्ता) सबै आय पारिश्रमिकमा उल्लेख नगरी कर चुक्ता प्रमाणपत्र यदाकदा लिने/दिने गरेको भन्ने बुझिन आएकोले यस्तो प्रमाणपत्र दिनु अगाडी उनीहरूको उपरोक्त कागजातको आधारमा प्राप्त गर्ने सबै करयोग्य आय समावेश भएको छ छैन भन्ने कुराको छानविन (आवश्यकता परे तलवी बिवरण समेत हेरी) गरी कर दाखिला भएपछि मात्र कर चुक्ता प्रमाणपत्र प्रदान गर्नुहुन र कर असूल गर्न बांकी देखिएमा सो समेत असूल उपर गर्नु गराउनु हुन निर्देशानुसार अनुरोध गर्दछु ।

२७. बिषय : **क्षेत्रीय गोष्ठीको प्रतिवेदन सम्बन्धमा** । मिति : २०५६।११।१३

त्यस कार्यालय समेत संलग्न रहेको क्षेत्रीय गोष्ठीले प्रस्तुत गरेका बिषयहरूमध्ये विभागीयस्तरबाट कारवाही वा निर्देशन हुनुपर्ने भनी उल्लेख भएका बिषयहरूमा निम्न बमोजिम गर्ने गराउने भनी मिति २०५६।११।३ मा निर्णय भएकोले जानकारीको लागि अुनरोध गरेको छु ।

१. आर्थिक ऐनमा भएको व्यवस्था अनुसार आयकर दर्ता प्रमाणपत्र नवीकरण गर्दा वक्यौता रहे नरहेको नहेरी केही कोष तथा लेखा नियन्त्रक कार्यालयले नवीकरण गरेकोले वक्यौता असूलीमा कठिनाई भएको भन्ने सम्बन्धमा प्रत्येक कर कार्यालयले आयकर दर्ता नवीकरण गर्ने अधिकार प्राप्त को.ले.नि.का. हरूलाई करदाताको आयकर दर्ता प्रमाणपत्र नम्बर, नाम थर र प्रष्ट ठेगाना सहितको बक्यौता बिवरण आर्थिक वर्षको शुरू मा नै पठाई समय समयमा अनुगमन गर्ने व्यवस्था मिलाउने ।

२. रू. १ करोडभन्दा बढीको कारोवार गर्नेहरूले हिसाव किताव पेश नगरेको र स्वयंकर निर्धारणको प्रक्रिया अनुसार बिवरण पनि नल्याएको अवस्थामा के गर्ने भन्ने सम्बन्धमा आयकर ऐनमा भएका अन्य व्यवस्थाहरूको अबलम्बन गर्ने ।

३. साना करदाताले साना करदाता आय निर्धारण समितिको बिवरणमा १० प्रतिशत कर नथपी बिवरण दर्ता गराएकोले यस्ता करदाताको कर निर्धारण गर्ने सम्बन्धमा समितिमा लैजान मिल्ने नमिल्ने भन्ने सम्बन्धमा आर्थिक ऐन, २०५६ को अनुसूची ६ को दफा १५ अनुसार एक पटक समितिमा कर निर्धारण भइसकेको करदाताले साना करदाताको बिवरण मात्र भरी १० प्रतिशत थप नगरेमा यस्तो बिवरण साना करदाता आयकर निर्धारण समितिमा पेश गर्न आवश्यक नदेखिने र त्यस्तो बिवरणमा कर अधिकृतले १० प्रतिशत थप गराई कर असुली गर्ने ।

४. करदाताको तर्फबाट अग्रिम कर कट्टी भै दाखिला भएको रकमबाट लाग्ने कर रकम कट्टी गरी बढी भएको रकम फिर्ता दिनुपर्ने अवस्थामा यस्तो करदाताको त्यस पछाडीको वर्षको कर तिर्न बांकी भए नियमानुसार लाग्ने शुल्क समेत समेत हिसाव गरी हिसाव मिलान गर्ने सम्बन्धमा एउटै करदाताको रकम भएमा हिसाव मिलान गर्न पाउनु पर्ने ।

५. आर्थिक ऐन, २०५६ को अनुसूची ६ को दफा ३० अनुसार “पुरानो मौज्दातको करदाताले घोषणा गरेको बिक्री मूल्य तथा साविकमा देखाएको मूल्यको फरक रकममा ०.५ प्रतिशतले पूर्वानुमानित कर लिइनेछ” भन्ने उल्लेख भए अनुसार पुरानो मौज्दात घोषणा गर्ने करदाताले मूल्य अभिबृद्धि कर कार्यालयमा दर्ता हुन नगएमा वा दर्ता नभएमा त्यस्ता करदाताहरूलाई आर्थिक ऐन अनुसारको उपरोक्त सुविधा प्रदान गर्न नमिल्ने र ०.५ प्रतिशत भनी तिरेको कर रकमलाई अग्रिम आयकर सरह मान्नु पर्ने ।

२८. बिषय : **पारिश्रमिक कर सम्बन्धमा** ।  मिति : २०५६।१२।२

उपर्युक्त बिषयमा यस विभागको प.सं. ०५६/५७ (विविधं च.नं. १८७ मिति ०५६।११।९ को परिपत्र प्राप्त गर्नुभएकै छ । सो परिपत्रमा उल्लेख भए अनुसार कर चुक्ता प्रमाणपत्र जारी गर्दा आयकर ऐन, २०३१ बमोजिम कर लाग्ने सुविधा पारिश्रमिक तथा अन्य भत्ताहरू समावेश भई कर निर्धारण भएको छ, छैन ? निश्चित गरी तदनुसार खुलाई करचुक्ता प्रमाणपत्र जारी गर्नुहुन मिति २०५६।११।३० को निर्णयानुसार अनुरोध गरेको छु ।

२९. बिषय : **फर्म नवीकरण, स्थगन, बिवरण संशोधन एवं फर्म खारेजी बारे** ।  मिति : २०५६।१२।८

उपर्युक्त बिषयका सम्बन्धमा वाणिज्य विभागको च.नं. १०९० मिति ०५६।१०।२८ को पत्र संलग्न छ । व्यहोरा सोही पत्रबाट अवगत गर्नुभई पत्रमा उल्लेख भए अुनसारको व्यवस्था गर्नु गराउनु हुन मिति २०५६।११।८ को निर्णयानुसार अनुरोध गरेको छु ।

**निर्णय** :

मूल्य अभिबृद्धि कर कार्यालय तथा कर कार्यालयहरूबाट केही फर्महरूको नवीकरण रोक्का राखी दिन लेखि आएको सम्बन्धमा त्यस्ता फर्महरू सम्बन्धित दर्ता कार्यालयमा नवीकरण गर्न आएका बखत सचेत गराई दिने र सम्बन्धित फर्म दर्ता ऐन नियमानुसार नवीकरण गरिदिनु पर्ने भए गरी दिने, फर्म दर्ता गरिदिने कार्यालयले फर्म नवीकरण गर्दा सम्बन्धित फर्म, सम्बन्धित कर कार्यालयमा दर्ता भई नियमानुसार नवीकरण भएको हेरी नवीकरण गरीदिने र कर कार्यालयले पनि त्यस्ता फर्महरूको कर दर्ता प्रमाणपत्र नवीकरण गर्दा सम्बन्धित फर्म दर्ता प्रमाणपत्र नियमानुसार नवीकरण गरेको हेरेर मात्र नवीकरण गरी दिने व्यवस्था गर्ने । फर्मधनीले फर्म खारेजी गर्न माग गरेको अवस्थामा खारेजी दरखास्त साथ सम्बन्धित कर कार्यालयको खारेजी सहमती समेत पेश गर्न लगाउने व्यवस्था गर्ने र फर्मको बिवरण संशोधन गर्दा (नामसारी, ठेगाना परिवर्तन जस्ता) फर्म दर्ता गर्ने सम्बन्धित कार्यालयबाट संशोधन भएपछि मात्र कर कार्यालयले गर्ने व्यवस्था गर्ने भन्ने निर्णय गरेकोले त्यहांको जानकारी एवं आवश्यक कायार्थ आदेशानुसार अनुरोध गरिन्छ ।

३०. बिषय : **राय सुझाव पठाउने बारे ।** मिति : २०५६।१२।१७

आगामी आ.व. २०५७/५८ को बजेट तर्जूमा गर्ने कार्य प्रारम्भ भइसकेको व्यहोरा अवगत भएकै हुनुपर्दछ । यस विभागले पनि आगामी आ.व. को लागि आर्थिक ऐन लगायत अन्य बिषयहरूमा आफ्नो दृष्टिकोण र गर्नुपर्ने सुधारहरूका बारेमा एक निश्चित अवधारणा तयार गर्नु पर्ने भएकोले तपाईको आफ्नो व्यक्तिगत, कार्यालयको अनुभव र समय समयमा स्थानीय व्यापारी, उद्योगपति आदिसंग विगतमा भएका छलफल समेतको आधारमा आगामी आ.व. को बजेट (आर्थिक ऐन लगायत) मा समावेश गर्न उपयुक्त हुने सुधारहरूका बारेमा २०५७ बैशाख १५ गतेभित्र आफ्नो राय एवं सुझाव अनिवार्य रूपमा विभागमा आईपुग्ने गरी पठाई दिनुहुन आदेशानुसार अनुरोध गरेको छु ।

३१. **बिषय :विज्ञापन खर्च वापतको रकम खर्च कट्टा गर्ने सम्बन्धमा ।** मिति : २०५६।१२।२४

उपर्युक्त बिषयमा आर्थिक ऐन, २०५५ अनुसूची ६ को दफा ३५ र आर्थिक ऐन, २०५६ को अनुसूची ६ को दफा ३४ तथा आयकर ऐन, २०३१ (सं.स.) को दफा १२(१) को ञ,(१) मा भएको व्यवस्था बमोजिम विज्ञापन खर्च वापत भएको खर्च खुद आय कायम गर्दा कट्टा गर्ने सम्बन्धमा पेश हुंदा आयकर ऐन, २०३१(सं.स.) को दफा १२(१)ञ(१) बमोजिम विज्ञापन खर्च वापत कूल आयको २ प्रतिशत मात्र खर्च कट्टागर्न पाउने हुन्छ । मूल्य अभिबृद्धि कर तिरी र मू.अ.क. नतिरी भएको विज्ञापन खर्चको हिसाव गर्दा दुवै किसिमको खर्चमा मू.अ.क. तिरी भएको खर्च २ प्रतिशत भन्दा बढी भएपनि यस्तो पूरै रकम खर्च वापत दोहोरो नपर्ने गरी कट्टी गर्न पाउने तर मू.अ.क. तिरी गरेको खर्च रकम २ प्रतिशत भन्दा कम भएमा भने मू.अ.क. तिरी गरेको खर्च रकम कटाई २ प्रतिशतको सीमाभित्र रही मू.अ.क. नतिरेको रकमबाट खर्च कट्टा गर्न पाउने भनी मिति २०५६।१२।१७ मा निर्णय भएको व्यहोरा अुनरोध छ ।

३२. बिषय : **ऋणपत्रको ब्याज आयमा कर लाग्ने/नलाग्ने सम्बन्धमा** मिति : २०५७।३।२९

उपर्युक्त बिषयमा श्री ५ को सरकारबाट हालसम्म निष्काशन भएका यसैसाथ संलग्न राष्ट्रिय वचतपत्र तथा विकास ऋणपत्रहरूमध्ये तपसिल बमोजिमका ऋणपत्रहरूको

आर्जित ब्याजमा मात्र आयकर लाग्ने व्यहोरा अनुरोध गर्दछु । साथै सबै कर कार्यालयहरूलाई यस सम्बन्धी जानकारी गराईदिनु हुन अनुरोध गर्दछु भनी नेपाल राष्ट्र बैंक राष्ट्र ऋण विभागको प.सं. रा.ऋ.व्य. (१८) १/०५७ मिति २०५७।३।२७ को पत्रबाट लेखि आएको हुंदा जानकारीको लागि निर्देशानुसार अनुरोध गर्दछु ।

<u>तपसिल</u> :

| राष्ट्रिय वचतपत्र | | | विकास ऋणपत्र | | |
|---|---|---|---|---|---|
| राष्ट्रिय वचतपत्र | ब्याज दर | भुक्तानी मिति | विकास ऋण | ब्याज दर | भुक्तानी मिति |
| २०४९ | १५.०० | २०४९।०८।१२ | २०५६ "क" | १०.०० | २०५६।१०।१० |
| २०५१ | १५.२५ | २०५१।८।१२ | २०५८ | ९.०० | २०५८।३।५ |
| २०५३ | १५.५० | २०५३।८।१२ | २०५९ | ८.५० | २०५९।१।३० |
| २०४९ "क" | १५.०० | २०४९।१२।१० | २०४९ "क" | ८.०० | २०५९।१०।१० |
| २०५१ "क" | १५.२५ | २०५१।१२।१० | २०६० | ७.०० | २०६०।२।१३ |
| २०५३ "क" | १५.५० | २०५३।१२।१० | | | |
| २०५० | १५.०० | २०५०।३।२९ | | | |
| २०५२ | १५.२५ | २०५२।३।२९ | | | |
| २०५४ | १५.५० | २०५४।३।२९ | | | |
| २०६२ "ख" | ८.५० | २०६२।२।३१ | | | |
| २०६२ "ग" | ८.५० | २०६२।३।२३ | | | |

३३. बिषय : **<u>साना करदाताहरूको आय बिवरण सम्बन्धमा</u>** । मिति : २०५७।३।२९

उपर्युक्त बिषयमा साविकमा आर्थिक ऐनहरूमा झैं आर्थिक विधेयक, २०५७ मा साना करदाता आय निर्धारण समितिको व्यवस्था नभएकोले आर्थिक वर्ष २०५६/५७ को प्राप्त हुने आय बिवरणहरू आर्थिक विधेयक, २०५७ अनुसार गर्ने तथा सोभन्दा अगाडीका आर्थिक वर्षहरूको साना करदाताहरूको आय बिवरण सम्बन्धी कार्यालयको कर अधिकृतले नै कर निर्धारण गर्ने गरी कर कार्यालयलाई जानकारी गराउने भनी मिति २०५७।३।२८ मा निर्णय भएको व्यहोरा अनुरोध छ ।

३४. बिषय : **<u>नेपाल राजपत्र पठाएको बारे</u>** ।                    मिति २०५७।३।२९

निजी क्षेत्रमा संचालित वायूसेवा कम्पनी वा फर्मलाई साविकमा दिई आएको आयकर छुटको सुविधा नदिने निर्णय बारे मिति २०५७।२।३० मा प्रकाशित नेपाल राजपत्रको छायांप्रति निर्देशानुसार त्यहांको जानकारीको लागि संलग्न गरि पठाएको व्यहोरा अनुरोध गरेको छु ।

श्री ५ को सरकारद्वारा प्रकाशित खण्ड ५० काठमाण्डौं ज्येष्ठ ३० गते २०५७ साल संख्या ९ भाग ३ श्री ५ को सरकार अर्थ मन्त्रालयको सूचना ।

श्री ५ को सरकारले आयकर ऐन, २०३१ को दफा ४२ को उपदफा ३ ले दिएको अधिकार प्रयोग गरी निजी क्षेत्रमा संचालित वायुसेवा, कम्पनी वा फर्मलाई कार्य संचालन गरेको मितिदेखि ५ वर्षसम्म वायूसेवा संचालन गरी प्राप्त गरेको आयमा आयकर छुट दिने भनी खण्ड ४२ संख्या ८ मिति २०४९ साल ज्येक्ष्ठ १९ गतेको नेपाल राजपत्र भाग ३ मा यस मन्त्रालयको नाममा सूचना प्रकाशित गरेकोमा अव उप्रान्त निजीक्षेत्रबाट दर्ता भई संचालनमा आउने वायूसेवा कम्पनी वा फर्मलाई त्यस्तो छुट सुविधा नदिने निर्णय गरेकोले सम्बन्धित सबैको लागि जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

**<u>आज्ञाले</u>**

प्रमोद कुमार कार्की

सह सचिव

३५. बिषय : **<u>आर्थिक विधेयक, २०५७ मा भएको व्यवस्थाको कार्यान्वयन बारे</u>** ।

श्री महालेखा नियन्त्रक कार्यालय,                    मिति : २०५७।३।२

काठमाण्डौं ।

कर कार्यालय नरहेका जिल्लाहरूका करदाताहरूको सुविधाको लागि आर्थिक विधेयक, २०५७ को अनुसूची ६ को दफा ३२ र ३३ ले विशेष व्यवस्था गरेकोले सो को कार्यान्वयनका लागि सम्बन्धित कोष तथा लेखा नियन्त्रक कार्यालयलाई त्यहांबाट समेत आवश्यक निर्देशन हुन उक्त अनुसूची ६ संलग्न गरेको छु । उक्त दफामा भएको व्यवस्था अनुसार नवीकरण र करचुक्ता भएको बिवरण तोकिएको म्यादभित्र सम्बन्धित कर कार्यालयमा उपलव्ध हुने व्यवस्थाको लागि निर्देशानुसार अनुरोध गरेको छु ।

## आ.प्र. शाखा

१. बिषय : **संशोधित तथा थप म.ले.प. फारामहरू प्रयोगमा ल्याउने** ।

उपरोक्त बिषयमा श्री अर्थ मन्त्रालयबाट प्राप्त संशोधित तथा थप म.ले.प. फारामहरूमध्ये त्यस कार्यालयसंग सम्बन्धित निम्नफारामहरू यसैसाथ पठाइएका छन् । संशोधित फारामहरू बमोजिमको श्रेस्ता राख्नुहुन अनुरोध छ ।

म.ले.प. फा.नं. ९, १३, १४, १७ र २२

## प्रणाली सुधार शाखा

१. बिषय : **अग्रिम करको किस्ता दाखिला गराउने सम्बन्धमा** । मिति : २०५६/०४/१८

आर्थिक विधेयक, २०५६ को अनुसूची ६ को दफा ९ को प्रयोजनको लागि चालु आ.व. २०५६/५७ देखि करदाताहरूले भर्नुपर्ने किस्ताबन्दी फारामको नमूना यसैसाथ संलग्न गरी पठाइएको छ । सो बमोमिज सबै करदाताहरूलाई जानकारी गराउने र नमूना अनुसारको बिवरण भराई लिने व्यवस्था गर्नु हुन समेत निर्णयानुसार अनुरोघ छ ।

**सम्भावित खुद आय निकाल्ने तरिका**
(आर्थिक विधेयक, २०५६ को अनुसूची ६ को दफा ९ को प्रयोजनको लागि)

श्री कर अधिकृतज्यू,
.......... कर कार्यालय...............

| | |
|---|---|
| करदाताको नाम : | (किस्ताबन्दी अवधि (जुन किस्ताको हो सोमा चिन्ह लगाउने |
| आ.प्र.द.नं. : | (क) पहिलो किस्ता (२०५६ पौष मसान्तसम्मको) |
| कारोवारको किसिम : | (ख) दोश्रो किस्ता ( २०५६ चैत्र मसान्तसम्म |

करदाताको स्थिति : (ग) तेश्रो किस्ता (२०५७ आषाढ मसान्तसम्म)
प्रो./साझेदारी/प्रा.लि./लि.कं.

---

१. <u>चालु आ.व. को पौष/चैत्र/आषाढ मसान्तसम्मको खुद आय निकाल्ने तरिका</u>

(क) **<u>पौष/चैत्र/आषाढ मसान्तसम्मको अवधिमा उद्योग, व्यापार, पेशा, व्यवसायबाट प्राप्त जम्मा आय रकम</u>** रू................

| | | |
|---|---|---|
| जम्मा आय रकममध्ये कर नलाग्ने आय | रू. ............ | |
| बांकी ................ जम्मा आय | रू. ............ | रू. ............ |

(ख) **<u>उक्त आय प्राप्त गर्न भएको खर्च</u>** :

| | | |
|---|---|---|
| उत्पादन/खरीद लागत | रू. ............. | |
| पारिश्रमिक खर्च | रू. .............. | |
| बहाल खर्च | रू. .............. | |
| मर्मत सम्भार खर्च | रू. .............. | |
| भ्रमण खर्च | रू. .............. | |
| विज्ञापन खर्च | रू. .............. | |
| अतिथि सत्कार खर्च | रू. .............. | |
| ब्याज खर्च | रू. ............... | |
| कर तथा दस्तुर | रू. .............. | |
| ह्रास | रू. .............. | |
| उपरोक्त शीर्षक बाहेकका खर्चहरू | रू. .............. | |
| **जम्मा** | रू. ............. | |
| कर नलाग्ने आयको निमित्त भएको खर्च (घटाउने) | रू. ............. | |
| आयको निमित्त भएको कूल खर्च | रू. ............. | रू............... |
| **यस अवधिको सम्भावित खुद आय** | | **रू. ............** |

**<u>द्रष्टब्य</u>** :

(१) उत्पादन/खरीद लागतको हिसाव गर्दा खरीद रकममा शुरू मौज्दात जोडी मौज्दात घटाई हिसाव गर्नुपर्नेछ ।

(२) किस्ताबन्दी अग्रिम आयकरको रकम पौष/चैत्र/आषाढ मसान्च अवधिभित्रै बुझाउनु पर्नेछ । सम्भावित खुद आयको रकम हिसाव गर्दा किस्ताबन्दी तिर्नुपर्ने महिनाको २० गतेसम्मको कारोवारको हिसावको आधारमा र बांकी दिनको प्रक्षेपणको आधारमा हिसाव गरी सम्भावित खुद आय निकाल्नु पर्दछ । त्यसरी प्रक्षेक्षण गरी समावेश गरिएको हिसाव वास्तविक हिसावसंग फरक पर्न गएमा पछिल्लो अवधिको बिवरणमा मिलान गर्न सकिन्छ ।

२. **<u>किस्ताबन्दी अग्रिमकरको हिसाव</u>** :

(१) उपरोक्त अनुसारको उल्लेखित पौष/चैत्र/आषाढ मसान्तसम्मको खूद आय रू. .......... मा — रू. ..........

चालु आर्थिक वर्षको (........ प्रतिशत) करको दरले हुने आयकर अतिरिक्त कर (...... प्रतिशतले ) — रू. ..........

**<u>जम्मा कर</u>** — रू. ..........

गत आ.व. मा बुझाएको मध्ये क.नि. भई बढी हुन आएको रकम ( घटाउने) — रू. ..........

**यस किस्तासम्मको बांकी कर जम्मा** — रू. ..........

(२) श्रोतमा कर कट्टी भई श्री ५ को सरकारको राजस्व खातामा जम्मा भएको आयकर घटाउने — रू. ............

(३) अघिल्लो किस्तामा बुझाएको कर (घटाउने) — रू.............. — रू..............

(४) यस किस्तामा बुझाउन बांकी — रू. ............

(५) अघिल्लो किस्ताबन्दी अग्रिमकर समयमा दाखिला नगरेबापत दिनगन्तिको हिसावले १५ प्रतिशतले लाग्ने शुल्क — रू..............

**<u>जम्मा बांकी कर</u>** — रू. ............

माथि उल्लेख भए बमोजिम यस बिवरणसाथ अग्रिम आयकर रू. ............ कर कार्यालय बुझाएको ररिद नं. ............./भौचर नं. ............ को प्रतिलिपी यसैसाथ संलग्न राखेको छु ।

**<u>बिवरण दाखिला गर्नेको</u>** :

दस्तखत :

नाम, थर :

वतन :

---

**<u>किस्ताबन्दी अग्रिमकर सम्बन्धी निर्देशिका</u>**

१. आर्थिक विधेयक, २०५६ को अनुसूची ६ को दफा १४,१५ र १६ अनुसार कर तिर्ने बाहेक अन्य करदाताले किस्ताबन्दी अग्रिमकर दाखिला गर्नुपर्नेछ । करदाताले पेश गर्नुपर्ने सम्भावित खुद आय निकाल्ने तरिका र किस्ताबन्दी अग्रिमकरको बिवरणको ढांचा संलग्न छ ।

२. चालु आ.व. को सम्भावित खुद आयमा चालु वर्षको करको दरले (अतिरिक्त कर समेत) आयकरको हिसाव गर्नुपर्नेछ ।

३. किस्ताबन्दी हिसाव गरेपछि करदाताले सो अवधिसम्म भन्सार कार्यालयमा अग्रिमकर बुझाएको भए सो रकम, भुक्तानीमा अग्रिम कर कट्टी भै राजस्व दाखिला भएको भए सो रकम तथा गत आ.व. मा बढी आयकर दाखिला भै जिम्मेबारी सरेको भए वा नोक्सानी जिम्मबारी सरेकोमा सो समेत किस्तामा कट्टी गरी बांकी रकम मात्र दाखिला गर्न सक्ने छन् ।

४. यसरी हिसाव गरिएको आयकरलाई पौष मसान्तसम्म ४० प्रतिशत, चैत्र मसान्तसम्म ७० प्रतिशत र आषाढ मसान्तसम्म १०० प्रतिशत हिसाव गरी तोकिएको अवधिभित्र दाखिला गर्नुपर्नेछ ।
५. किस्ताबन्दीमा अग्रिमकर बुझाउने करदातालाई संलग्न नमूना बमोजिमको प्रमाण तत्काल कर कार्यालयले उपलव्ध गराउनु पर्नेछ ।
६. तोकिएको समयभित्र किस्ता नबुझाउने करदातालाई संलग्न नमूना बमोजिमको प्रमाण तत्काल कर कार्यालयले उपलव्ध गराउनु पर्नेछ । किस्ताबन्दी नबुझाई आय बिवरण पेश गर्ने करदाताबाट आय बिवरण बुझाएको मितिसम्म हुने शुल्क हिसाव गरी आय बिवरणसाथ दाखिला गराउनु पर्नेछ ।
७. करदाताले म्यादभित्र बैंकमा वा कर कार्यालयमा नगद दाखिला गरेको वा "भुक्तानीको लागि योग्य" लेखिएको बैंक चेक कर कार्यालय वा बैंक (राजस्व खातामा) दाखिला गरेमा तोकिएको म्यादभित्र दाखिला गरेको मानिनेछ ।
८. आय बिवरण पेश गर्नुपर्ने वर्षमा आय बिवरणसाथ दाखिला गर्नुपर्ने कर रकममा पहिले बुझाएको अग्रिम कर रकम कट्टा गरी बांकी कर दाखिला गर्नुपर्नेछ र बढी अग्रिम कर दाखिला भएमा अन्तिम कर निर्धारण भएको मितिले ६ महिनाभित्र फिर्ता दिइनेछ । फिर्ता दिन नसकेमा दिनगन्तिको हिसावले वार्षिक १५ प्रतिशतको दरले ब्याज दिइनेछ ।
९. किस्ताबन्दीमा बुझाएको कर रकम पछि आय बिरणसाथ बुझाउनु पर्ने कर रकमभन्दा १० प्रतिशत सम्म घटी भएमा सो हदसम्मको रकममा शुल्क लाग्ने छैन ।
१०. सम्भावित खुद आय निकाल्ने तरिकामा उल्लेख गरेको आय र खर्चहरूलाई पुष्ट्याई पेश गर्न चाहाने करदाताले त्यस्तो कागजात संलग्न गर्न सक्नेछन् ।

---

**कर कार्यालयले भर्ने ।**

श्री ..................... आ.क.द.नं. ................... ले आ.व. ०५६/५७ को प्रथम/द्वितीय/अन्तिम किस्ता वापत अग्रिम आयकर दाखिला गर्नुभएको प्रमाणित गरिन्छ ।

कर कार्यालयको नाम : कर अधिकृतको दस्तखत:
कार्यालयको छाप : मिति :

२. बिषय : **क्षेत्रीय गोष्ठीको निर्णय कार्यान्वयन सम्बन्धमा** । मिति: २०५६।११।२४

आर्थिक वर्ष ०५६/५७ मा विभिन्न विकास क्षेत्रमा भएका कर कार्यालयहरूको क्षेत्रीय गोष्ठीबाट पारित भई यस विभागमा सिफारिस गरिएका विभिन्न राय प्रतिक्रिया एवं सुझावहरूका सम्बन्धमा निम्नानुसार गर्ने निर्णय भएको व्यहोरा जानकारी एवं आवश्यक कारवाहीको लागि अनुरोध छ ।

१. **प्रस्ताव** :

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूले आर्थिक ऐन, २०५६ को अनुसूची ६ को दफा २६.२(१४) अनुसार अग्रिम आयकर कट्टा गरिसकेका फूकुवा पत्र पेश गरी नवीकरण गर्नुपर्नेमा सो कसैले गरेको नदेखिएकोले यस सम्बन्धमा सो दफा पूर्ण रूपले लागू गर्न कर विभागसंग अनुरोध गर्ने ।

**निर्णयको व्यहोरा** :

राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाहरूको मात्र होइन अन्य संघ संस्थाहरूको नवीकरण गर्दा अग्रिम कर कट्टी गरेको फुकुवा पत्र पेश गर्ने कार्य प्रभावकारी रूपमा कार्यान्वयन नभएकोले अर्थ मन्त्रालय मार्फत सबै मन्त्रालयहरूलाई अनुरोध गर्ने र कर कार्यालयहरूले पनि आर्थिक ऐन बमोजिम सक्रिय रूपमा कारवाही गर्ने ।

२. **प्रस्ताव** :

आर्थिक ऐन, २०५६ को अनुसूची ६ को दफा ४५ अनुसार न्यूनतम करका सम्बन्धमा आवश्यक सवारी साधनको लगत विदेशमा गएको तथ्यांक, टेलिफोन क्रेडिट कार्ड क्लवको सदस्यता समेतको तथ्यांक विभागले उपलब्ध गराउन विभागसंग माग गर्ने ।

**निर्णयको व्यहोरा** :

विभागीय स्तरमा गर्नुपर्ने कुरामा प्रयास भएकै छ । कार्यालयहरूले पनि आफ्नो कार्यक्षेत्र अन्तर्गतका टेलिफोन, यातायात, क्लव, घरजग्गा वहाल आदिको तथ्यांक संकलन, प्रशोधन आफैले गरी विभागलाई जानकारी दिने ।

३. **प्रस्ताव** :

प्रा.लि. कम्पनीमा दर्ता भई ट्रक तथा बस ब्यवसाय संचालन गर्ने करदाताले आय बिवरण पेश नगरेकोले आय बिवरण पेश गराउन कर विभागबाट यातायात व्यवस्था विभागलाई अनुरोध गर्ने र करचुक्ता भएपछि मात्र नवीकरण गर्न अनुरोध गर्ने ।

**निर्णयको व्यहोरा** :

उपरोक्त सम्बन्धमा प्रा.लि.मा दर्ता भएका यातायात व्यवसायीहरूलाई कार्यालय आफैले आय बिवरण पेश गर्न लगाउने वा कारोवार रोक्का गर्ने लगायत कानूनी कारवाही गर्ने ।

४. **प्रस्ताव** :

भ्याटमा दर्ता नभएका र लेखा नराख्ने करदाताको अन्य जिल्लामा शाखा नरहेको अवस्थामा शाखाको कर निर्धारण शाखा भएको ठाउंको कार्यालयले गरी मुख्य कार्यालय भएको कर कार्यालयमा पठाउनु पर्नेमा सो नभएको र ताकेता गर्दा समेत पठाउने नगरेकोले कर निर्धारण गर्न वाधा परिरहेको सम्बन्धमा विभागलाई नै सबै कर कार्यालयहरूलाई शाखाको कर निर्धारणको जानकारी उपलव्ध गराउन निर्देशन पठाउनु पर्दछ ।

**निर्णयको व्यहोरा** :

उपरोक्त सम्बन्धमा शाखाको कर निर्धारण गरी मुख्य कार्यालयमा जानकारी पठाउन ताकेता गरेको ७ दिनभित्रमा पनि जानकारी नदिने कार्यालय प्रमुखलाई विभागीय कारवाही गर्ने ।

५. **प्रस्ताव** :

आर्थिक ऐनमा व्यवस्था भए बमोजिम प्रत्येक आयोजना तथा कार्यालयहरूले जुनसुकै रकमको भुक्तानीमा अग्रिम आयकर कट्टी गरी सो को फांटबारी पठाउनु पर्नेमा सो नगरिएकोले भुक्तानी अनुसारको रकम प्राप्त भयो, भएन यकिन गर्न नसकिएको हुंदा अग्रिम कर कट्टीको बिवरण पठाउन कर विभाग वा मन्त्रालयबाट अन्य विभागहरूमा अनुरोध गरी पठाउनु पर्ने ।

**निर्णयको व्यहोरा** :

श्रोतमा अग्रिम कर कट्टी गर्ने फाराम लागू गर्न सबै कर कार्यालयमा लेखि सकिएको छ । सो फाराम भरी कर कट्टी भई आउन कर कार्यालयले पनि प्रयास गर्ने र अटेर गर्ने करदातालाई कानून बमोजिम जरिवाना आदि कार्यालयलेनै गर्ने । आयोजना तथा कार्यालयबाट अग्रिम कर कट्टी गर्नुपर्ने देखिएमा सो आयोजना तथा कार्यालयलाई अनुरोध गर्ने गरी आएको छ । जिल्लास्थित आयोजना र कार्यालयको जानकारी स्थानीय कर कार्यालयलाई नै रहने हुंदा कुनै आयोजना वा कार्यालयले कर कट्टी गर्ने नगरेको वा नचाहेको यकिन साथ जानकारी प्राप्त भएमा केन्द्रीयस्तरबाटै समेत आवश्यक कारवाही वा समन्वय गर्न सकिने ।

## पुनरावलोकन शाखा :

१. बिषय : **स्वयंकरको बिवरण छानविन गर्ने बारे** । मिति २०५७।१।१५

करदाताहरूले पेश गरेको स्वयंकर निर्धारणको बिवरणहरूमध्ये केही कार्यालयहरूमा पेश गरेको बिवरण झिकाई पुनरावलोकन गरी हेर्दा कतिपय कार्यालयहरूको बिवरण प्रारम्भिक छानविनसम्म पनि नगरी रकम दाखिला गरेको प्रमाणित पत्र मात्रै करदातालाई दिएको देखियो । अत: त्यस्ता पेश हुन आएका स्वयंकर निर्धारणका बिवरणहरूको आयकर ऐन, नियम तथा प्रचलित कानूनको साथै विभागको पूर्व परिपत्रहरू जस्तै : मिति २०५५।७।१८ तथा मिति २०५५।११।२४ को प्रक्रिया अनिवार्य रूपले पूरा गरी प्रारम्भिक छानविन अनिवार्य रूपले गर्ने र सो प्रारम्भिक छानविन ( प्रक्रियागत सम्पूर्ण कुराहरू समावेश गरी) पूरा गरेको निस्सा (टिप्पणी) सम्बन्धित क.नि., क.अ. वा प्र.क.अ. को दस्तखत, मिति समेत राखी अनिवार्य रूपले फाइल साथ सामेल गर्ने । सो गरेको नपाइएमा सम्बन्धित कर्मचारी र अधिकृतको कार्य सम्पादन मूल्यांकनमा असर पर्ने जानकारी गराउने भनी मिति २०५५।१।७ मा निर्णय भएको व्यहोरा अनुरोध छ ।

## कानून शाखा

१. बिषय : **परिपत्र** मिति २०५६।९।२

आयकर सम्बन्धी मुद्दामा मुद्दा दोहोऱ्याउने निवेदन सहितको फाइल कर कार्यालय बिराटनगरले कानून बमोजिमको म्याद तथा थमाई निवेदन गर्ने म्याद विचार गरी महान्यायाधिवक्ताको कार्यालयमा पठाउनु पर्नेमा सो म्याद व्यतित भैसकेको अवस्थामा त्यस्ता निवेदन तथा फाइलहरू प्राप्त भएको हुंदा म्यादभित्र फाइल पठाउने कुरामा मनासिव चासो नदेखाएको स्पष्ट देखिंदा यस सम्बन्धमा ध्यानाकृष्ट भई कर सम्बन्धी मुद्दाहरूमा म्यादभित्रै कारवाही पूरा गरी महान्यायाधिवक्ताको कार्यालयमा फाइल पठाउने व्यवस्था अनिवार्य रूपमा गर्नुहुन भनी महान्यायाधिवक्ताको कार्यालयको प.सं. ०५६/५७ को पत्रको सम्बन्धमा अर्थ मन्त्रालयको ०५६/५७ का.४. च.नं. ११५ को पत्र प्राप्त हुन आएकोले उपरोक्तानुसार गर्नुहुन आदेशानुसार अनुरोध गर्दछु ।

cg';'rL–^

cfos/

!= JolQm, bDktL jf kl/jf/sf] vr cfodf b}lxfosf] v08 -s_ jdf]hd 56 lbO{ jfFRL s/ nfUg] cfodf v08 -v_ jdf]hdsf]b/n]s/ nufO{c;h pk/ ul/g]5 .

-s_ **cfos/ gnfUg]xb** **56 ;Ldf**

-!_ JolQmsf]nflu . ?= %%,))).–

-@_ bDktL jf kl/jf/sf]nflu . ?= &%,))).–

-v_ **cfos/sf]b/** **s/ nfUg]cfos/sf]b/**

-!_ klxnf]?= &%,))).– df !% k|ltzt

-@_ To;kl5sf] jfFRL /sddf @% k|ltzt

@= ;ft7t ;+yf, sDkgL -k|f=ln= ;d]t_ sf]vr cfodf Psdl7 b}lxfo jdf]hdsf]b/n]s/ nufO{ c;h pk/ ul/g]5 .

s/sf]b/

-s_ j}s, ljQLo sDkgL nufot ljQLo ;+yfx? #) k|ltzt

-v_ cGo @% k|ltzt

#= ;femb/L kmd{sf]vr cfodf @% k|ltzt ;db/n]s/ nufO{c;h pk/ ul/g]5 .

$= c:yfoL jfl;GbfnfO{bkmf ! sf]v08 -s_ cg';f/ 56 glbO{;fjxL bkmfsf]v08 -v_ cg';f/sf] b/n]s/ nufO{c;h pk/ ul/g]5 .

%= lgoldt Jofkf/ k|qmofåf/f lgsf;L u/L ;f]afktsf] /sd dfGotf k|fKt j}sË sfuhftåf/f gkfn clw/fHoleq eQmfgL k|fKt ePdf To:tf] lgsf;L u/L cflh{t cfodf nfUg] cfos/sf] $) k|ltztn] dfq cfos/ nufOg]5 . t/ ;f] cfos/ /sd ;f] s/bftfsf] sh lgsf;L sf/f]jf/ /sdsf] )=% k|ltztn] xb]/sd eGbf j9L xb}g . :jb]zL pTkfbgstf{n] cf^gf] pTkflbt j:t' ljb]zL dbf{ cfh{g xb]u/L låklfLo jf jxklfLo ;xfotf cGtu{ ;+flnt cfof]hgfx?df cGt//fli6«o af]nkqsf]dfWodaf6 laqmL u/]df o:tf]laqmLaf6 k|fKt xb]cfodf klg lgsf;L ;/x s/ nufOg]5 .

^= kmd{ sDkgL, ;femb/L tyf ;ft7t ;+yfsf] ?kdf btf{u/L s[lif Joj;fo u/L] k|fKt u/]sf] cfodf / eD'L;DjGwL Pg, @)@! sf]bkmf !@ sf]v08 -3_ / -ª_ df pNn]v ePcg';f/sf] hUufdf s[lif Joj;fojf6 k|fKt ePsf] cfodf cfos/ nfUg]5 . o; jfx]s cGo s[lif cfDbfgLdf cfos/ nfUg]5g .

&= ;xsf/L Pg, @)$* cGtu{t btf{eO{ ;+fng ePsf] s[if jf jg kbfjf/df cfwfl/t /f]hd v]tL tyf /f]hd pTkfbg, kmnkm"n v]tL tyf kmnkm"n kz'kfng, kzkfng, 8]/L pBf]u, sV'/fkfng, dT:okfng, Irof v]tL tyf kz'kfng, skmL v]tL tyf kz'kfng, hl8j6L v]tL tyf kz'kfng, t/sf/Lsf jLpm–ljhg pTkfbg, df}/Lkfng, dx pTkfbg, /j/ v]tL, km"n v]tL tyf pTkfbg, sjlnolt jg, Pu|f]km/]6« cflb Joj;flos jg;DjGwL Joj;fox? h:tf s[if tyf jghGo pBf]ux?, t/sf/L e08f/sf nflu :yflkt zLt e08f/, s[if;DjGwL jLpm–ljhg, sL6gfzs cf}iflw, dn tyf s[if cf}hf/ -oflGqs zlQmjf6 rNg] jfx_ sf] sf/f]jf/ ug]{ ;xsf/L ;+yf jf ;+:yfsf] cfodf cfos/ nfUg] 5}g . o:tf] ;+:yf jf ;+:yfn] ljt/0f u/]sf] nefz+df ;d]t s/ nfUg] 5}g .

*= cfos/ Pg, @)#! cg';f/ kfl/>ldssf] cfo lgwf{/0f ubf{ ;f]xL Pg]sf] bkmf @^ / $# cg';f/ lb0g] aLdf / rGbfjfktsf] vr{ ;+osf]fdf hDdf u/]sf] kfl/>lds /sdsf] !) k|ltzt;Ddsf] vr{ gful/s nufgL sf]fdf jflif{s ?= ! nfv;Dd kfl/>lds kfpg] JolQmn] dfl;s kfl/>ldssf] !) k|ltzt;Ddsf] nufgL jfktsf] vr{ gful/s nufgL sf]fdf s§L ul/Psf] kfl/>lds /sdsf] !) k|ltzt;Ddsf] vr{/ cfos/ Pg]sf] bkmf * cg';f/ cfodf ;dfj]z gul/g]/sdx? Jffx]s >L % sf] ;/sf/n] lb0{cfPsf] s/ 56x? tyf cGo sg}klg vr{x? kfl/>lds cfosf] vr' cfo lgwf{/0f ubf{ldGxf lb0g] 5}g . gful/s nufgL sf]fdf hDdf xg]/sd / To;jf6 k|fKt xg]Aofhdf cfos/ nfUg]5}g .

(= sg}bDktL jf kl/jf/df klt / kTgL b'j}hgf 56[ 56]cfo cfhg ug{/x]5g\eg]To:tf klt / kTgL b'j}n] JolQm;/x 56 ln0{56[56]cfos/ lgwf{/0f ug{ jf bDktL jf kl/jf/;/x 56 ln0{;+oQm ?kdf s/ lgwf{/0f ug{ 5gf} ug{kfpg] 5g\. o:tf] 5gf} gug{ bDktL jf kl/jf/sf]xsdf bDktL jf kl/jf/ ;/x 56 lb0{s/ lgwf{/0f ul/g]5 .

!)= o; cg';"rLsf] bkmf !# cg';f/ s/ ltg{ jfx]ssf cGo s/bftfn] rfn" jif{sf] ;Defljt vr' cfodf rfn"cfly{s jif{sf] s/sf b/n]nfUg]s/ rfn" jif{sf]clu|d s/jfkt # ls:tfdf bfxfo jdf]hd jemfpg' kg]5M

-!_ clu|d s/ ls:tfjGbLsf] b/M

| ;dofjlw | | clu|d s/sf] ls:tf /sd |
|---|---|---|
| kf}if d;fGt;Dd | ltg{kg]{jflif{s s/sf] | $) k|ltzt |
